सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३ मंसिर २०८०, आइतबार (19 Nov 2023, Sunday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २०९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

छठ पर्व
मधेशका नदी, पोखरी सिँगारिए



छठ पर्वलाई भव्य बनाउन जनकपुरधाम, महोत्तरी, सर्लाही, रौतहट, पर्साका विभिन्न नदी, खोला, सरोवर तथा पोखरी सिँगारिए । शुक्रबारदेखि विधिवत् रूपमा सुरु भएको छठ पर्व चार दिनसम्म चल्नेछ ।

(विस्तृत पृष्ठ ३)



सी र बाइडेनबीचको बहुप्रतीक्षित बैठकमा के भयो ?

(विस्तृत पृष्ठ ५)

कम्पनीहरूको नियन्त्रण तथा अनुगमनका लागि छुट्टै निर्देशिका

माउ र सिस्टर कम्पनीमाथि अनुसन्धान गर्नेसम्मका व्यवस्था

नयाँ निर्देशिका

कानुनको पालनामा कम्पनीहरूलाई जिम्मेवार र जवाफदेही बनाउने, सञ्चालकले गर्ने दुरुपयोग रोक्ने, 'संस्थागत सुशासन' पालनाको अध्ययन गर्ने

(विस्तृत पृष्ठ ६)

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

महालेखा र सार्वजनिक लेखा समितिको विवादले एक वर्षदेखि रोकियो बेरुजु फर्स्योट

राष्ट्रपतिलाई बुझाएको वार्षिक प्रतिवेदन प्रक्रियाबमोजिम संसद्मा पुगेपछि महालेखाले सम्परीक्षण गर्न नपाउने सार्वजनिक लेखा समितिको जिकिर, आफ्नो कार्यक्षेत्रमाथि हस्तक्षेप भएको महालेखाको दाबी

सुवास भट्ट/नयाँ पत्रिका

सम्परीक्षण सम्बन्धमा महालेखापरीक्षकको कार्यालय र संसद्को सार्वजनिक लेखा समितिबीचको विवादले बेरुजु फर्स्योटसम्बन्धी काम एक वर्षदेखि रोकिएको छ । महालेखापरीक्षक कार्यालयको ६०औँ वार्षिक प्रतिवेदनअनुसार आर्थिक वर्ष ०७८/७९ सम्ममा कारबाही गरी टुंगो लगाउनुपर्ने अद्यावधिक बेरुजु रकम नौ खर्ब ५९ अर्ब ७९ करोड रुपैयाँ पुगेको छ । प्रतिवेदनमा औंल्याइएका बेरुजुको कागज प्रमाण पुऱ्याएर क्रमशः फर्स्योट गर्नुपर्ने काम समिति र कार्यालयको विवादका कारण ०७९ असारदेखि नै रोकिएको छ । सम्परीक्षणको काम नहुँदा बेरुजु असुल नहुने, प्रमाण लोप हुँदै जाने र अंक बढ्दै जाने जोखिम बढेको छ ।



अग्रलेख

● रामुप्रसाद डोटेल

महालेखाको सम्परीक्षणसम्बन्धी अधिकारमा अतिक्रमण

पृष्ठ ४

महालेखा र समितिबीच सम्परीक्षणको अधिकार क्षेत्रमाथि विवाद छ । सम्परीक्षण लेखापरीक्षणकै अंग भएकाले आफूले गर्न पाउनुपर्ने दाबी महालेखाको छ । तर, वार्षिक प्रतिवेदन टुंग्याएर राष्ट्रपतिलाई बुझाई प्रक्रियाबमोजिम संसद्मा पुगेपछि पनि सम्परीक्षण गर्न पाउनुपर्ने महालेखाको दाबी कानुनसम्मत नभएको तर्क समितिले गरेको छ । एक वर्षदेखि यो विवाद टुंगिन सकेको छैन ।

सार्वजनिक लेखा समितिले १७ असार ०७९ मा महालेखापरीक्षक कार्यालयलाई पत्राचार गरेर सम्परीक्षण नगर्न निर्देशन दिएको थियो । यसअघि महालेखाले सम्परीक्षणको काम गर्दै आएकामा समितिका तत्कालीन

» पृष्ठ २ मा क्रमशः



■ सम्परीक्षणसम्बन्धी कानुनी दोधारले अलमल

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको दफा ४१ मा महालेखाको वार्षिक प्रतिवेदनले औंल्याएको बेरुजुमाथि लेखा समितिमा छलफल हुने उल्लेख छ । यसरी छलफल गरेर समितिले सुझाव प्रतिनिधिसभामा पेस गरी स्वीकृत भएबमोजिम कार्यान्वयन गर्ने-गराउने जिम्मेवारी महालेखापरीक्षक तथा सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था उपदफा २ ले गरेको छ । त्यस्तै, उपदफा ३ अनुसार प्रतिनिधिसभाबाट स्वीकृत समितिको प्रतिवेदनबमोजिम बेरुजुको लगतबाट हटाउनुपर्ने विषय महालेखापरीक्षकले ३० दिनभित्र हटाई सोको जानकारी समिति र सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई दिनुपर्ने तथा उपदफा ४ मा यस्तो कार्यको अनुगमन समितिले गर्ने व्यवस्था छ । तर, लेखापरीक्षण ऐन, २०७५ ले लेखा तथा लेखासँग सम्बन्धित कामको परीक्षण र त्यसको आधारमा गरिने मूल्यांकन तथा विश्लेषणलाई लेखापरीक्षणका रूपमा परिभाषित गर्दै त्यसले सम्परीक्षण गर्ने कार्यसमेतलाई जनाउने उल्लेख गरेको छ ।

लेखा समितिले महालेखाको कार्य स्वतन्त्रतामाथि हस्तक्षेप गर्न मिल्दैन



● **भानु आचार्य**, पूर्वमहालेखापरीक्षक

नेपालसमेत सदस्य रहेको संसारभरका लेखापरीक्षण कार्यालयको सर्वोच्च संस्था इन्टरनेसनल सुप्रिम अडिट इन्स्टिच्युसनले सन् २००७ मा पास गरेको मेक्सिको डिक्लिरेसनले महालेखापरीक्षकसँग 'अपेरेसनल इन्डिपेन्डेन्स' (कार्य स्वतन्त्रता) हुनुपर्छ भनेको छ । सार्वजनिक लेखा समितिले महालेखाको अपेरेसनल इन्डिपेन्डेन्समाथि हस्तक्षेप गर्न मिल्दैन । बेरुजु सम्बन्धमा निर्देशन दिने अधिकार भए पनि महालेखाको अपेरेसनल कुरा समितिले हेर्न मिल्दैन । यसका कारण सम्परीक्षण हुन नसकेर बेरुजुको मात्रा उल्लेख्य बढेको छ । यसले मुलुकको छविमा दीर्घकालीन असर पार्छ । यो सैद्धान्तिक र अन्तर्राष्ट्रिय अभ्यासँग समेत मेल खाँदैन । महालेखापरीक्षकका कमजोरी छन् भने यसलाई सुधार्न सकिन्छ, तर संवैधानिक अंगमाथि हस्तक्षेप गर्नु राम्रो होइन ।

महालेखाले प्रतिवेदन पेस गरेपछि पनि सीमाबाहिर गएर पुनः आफूले सम्परीक्षण गर्न पाउनुपर्छ भन्ने कुरा मिल्दैन



● **एकराम गिरी**, सचिव, सार्वजनिक लेखा समिति

संसद्मा आउने प्रतिवेदन प्रस्तुति मात्र होइन । त्यहाँ छलफल, समन्वय र समाधानका लागि निर्देश गर्ने काम हुन्छ । निर्धारित समयभित्र महालेखाले आफूले गरेको लेखापरीक्षण प्रतिवेदन तयार गरेर पेस गरेपछि पनि सीमाबाहिर गएर पुनः आफूले सम्परीक्षण गर्न पाउनुपर्छ भन्ने कुरा मिल्दैन । प्रतिवेदन लेखेर बुझाउने र पछि फेरि सम्परीक्षण गर्ने कुरा सिद्धान्त र व्यवहार दुवै हिसाबले मिल्दैन । विद्यमान कानुनी व्यवस्थाले वार्षिक प्रतिवेदन बुझाउनुपूर्वको सम्परीक्षणमा उहाँहरूलाई कहीं अवरोध छैन । संसद्ले हेर्नै हुँदैन भन्ने विषय पनि अतिशयोक्ति हो । हामीले समितिले मात्र हेर्न पाउनुपर्छ भनेको छैन । महालेखाले गर्ने महालेखाले नै हेरोस् र समितिले गर्ने समितिले नै गर्छ भनेको हो ।

समितिको निर्णय नभएरै बेरुजु फर्स्योट रोकिएको हो, अब होला



● **वैकुण्ठबहादुर अधिकारी**, प्रवक्ता, महालेखापरीक्षकको कार्यालय

०७६ मा नयाँ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन आएपछि त्यसले लेखापरीक्षण र सम्परीक्षणलाई थप स्पष्ट गरेको छ । सोअनुसार लेखापरीक्षण गरेपछि वार्षिक प्रतिवेदन राष्ट्रपतिलाई नबुझाउँदासम्म सम्परीक्षण महालेखाले नै र वार्षिक प्रतिवेदन पेस भएपछि बेरुजुको व्यहोरामाथि लेखा समितिमा छलफल हुन्छ । यसले जे निर्णय गर्छ त्यही हुन्छ । पहिले समितिले निर्णय नगर्दा पनि मलेपले आफ्नो तरिकाले सम्परीक्षण गर्थ्यो । अब समितिको निर्णय र निर्देशन नै चाहिन्छ । लेखा समितिले छिटो निर्णय गरिदिनुपर्‍यो । समितिको निर्णय नभएरै बेरुजु फर्स्योट रोकिएको हो, अब होला ।

संसदीय समितिको निराशाजनक गति

गठन भएको ६ महिनामा प्रतिनिधिसभाका विषयगत समितिबाट एउटा मात्रै विधेयक सदनमा पेस, १२ विधेयक सैद्धान्तिक छलफलकै चरणमा

■ **अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति**
अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा पठाएको अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक पनि सैद्धान्तिक छलफलकै चरणमा

■ **कानुन, न्याय तथा मानव अधिकार समिति**
सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक र बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयकमा उपसमिति गठन गरेर दफावार छलफल, नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक समितिको कार्यसूचीमै परेन

■ **कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति**
कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा आएको खाद्य स्वच्छता तथा गुणस्तर विधेयक पनि छलफलको सुरुवाती चरणमै

■ **राज्य व्यवस्था तथा सुशासन समिति**
भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयकमा एकपटक मात्रै सामान्य छलफल, अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयकमा पनि दफावार छलफल अगाडि बढेन, अनुगमन तथा मूल्यांकन विधेयक छलफलै भएन, संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि)सम्बन्धी संशोधन विधेयक भने अहिलेसम्म समितिको कार्यसूचीमै परेन

■ **पूर्वाधार विकास समिति**
विद्युत् विधेयकमा छलफल नै अगाडि बढेन

■ **शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति**
सुरक्षण मुद्रण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि छलफल प्रारम्भ भएको छैन, सार्वजनिक सेवा प्रसारण विधेयक पनि सैद्धान्तिक छलफलकै चरणमा, नेपाल विश्वविद्यालय विधेयकमा छलफल हुन बाँकी

■ **विधायन व्यवस्थापन समिति**
विधायन व्यवस्थापनसम्बन्धी विधेयक दफावार छलफलको चरणमा

■ **विधेयक नभएका समितिहरू**
१. अर्थ समिति
२. उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति
३. महिला तथा सामाजिक मामिला समिति

■ **विधेयक नजाने ६ समिति**
१. सार्वजनिक लेखा समिति
२. संसदीय सुनुवाइ समिति (संयुक्त)
३. राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समिति (संयुक्त)
४. दिगो विकास तथा सुशासन समिति
५. राष्ट्रिय सरोकार तथा समन्वय समिति
६. प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति



● **कृष्णभक्त पोखरेल**, पूर्वसभापति, कानुन समिति

विधेयक निर्माणमा संसदीय समितिको भूमिका कमजोर देखियो, समिति सदस्यहरूले आफ्नो भूमिका महसुस गर्दैनन्

कमलराज भट्ट/नयाँ पत्रिका

कानुन निर्माणमा महत्त्वपूर्ण भूमिका रहने संसदीय समितिहरूको कार्यप्रगति निराशाजनक देखिएको छ । संघीय संसद्मा प्रतिनिधिसभामा १०, राष्ट्रिय सभामा चार र संयुक्त दुई गरी १६ संसदीय समिति छन् । तीमध्ये १० वटा समितिले मात्र विधेयकमाथि काम गर्छन् । गत ४ मंसिरको निर्वाचनपछि आएको नयाँ प्रतिनिधिसभाले १५ वैशाखमा विषयगत समिति गठन गरेपछि ती समितिले २ जेठबाट काम थालेका थिए । तर, गठन भएको पाँच महिनामा समितिले एउटा मात्रै विधेयक टुंग्याएर सदनमा प्रस्तुत गरेको छ । १३ विधेयक समितिमा विचाराधीन छन् ।

सत्य निरूपण तथा मेलमिलापसम्बन्धीबाहेक अन्य विधेयकमा त दफावार छलफल नै सुरु भएको छैन । ११ भदौमा प्रतिनिधिसभामा समितिको

» पृष्ठ २ मा क्रमशः

विपिन जोशीको रिहाइका लागि सरकार लागिपरेको छ : पराष्ट्रमन्त्री

कञ्चनपुर/ परराष्ट्रमन्त्री एनपी साउदले हमास समूहको नियन्त्रणमा रहेका कञ्चनपुरका विपिन जोशीको रिहाइका लागि सरकारले कूटनीतिक पहल गरेको बताएका छन् । शनिबार शुक्लाफाँटा नगरपालिका नवनिर्मित भवनको उद्घाटन गर्दै उनले कूटनीतिक पहल गरेर जोशीको रिहाइ गरिने बताए । उनको रिहाइका लागि विभिन्न देशसहितका पक्षसँग कुराकानी भइरहेको साउदले बताए । 'विपिन

» पृष्ठ २ मा क्रमशः

आगलागीबाट धनगढीमा झन्डै १८ करोडको क्षति

धनगढी/ कैलालीको धनगढी बजारस्थित एलएन चोकको एक जुत्ता-चप्पल पसलबाट सल्केको आगोले झन्डै १८ करोडबराबरको धनमाल क्षति भएको छ । जिल्ला प्रहरी कार्यालय कैलालीका अनुसार शुक्रबार मध्यराति भण्डारी सुज सेन्टरबाट सुरु भएको आगलागीबाट अस्पतालसहितका पसलमा आगलागी भएको हो । जिल्ला प्रहरी कार्यालय कैलालीका प्रवक्ता कुलदीप चन्दले दलबहादुर भण्डारीले सञ्चालन गरेको भण्डारी सुज

» पृष्ठ २ मा क्रमशः



NITCO PRESENTS
NEPAL'S FIRST
LARGEST EXPERIENCE CENTRE



YOU ARE INVITED
to witness the launch of 5500 square feet of exquisite global designs of Tiles, Marble, and Mosaic from NITCO.

Opening from
19th Nov 2023

NITCO Experience Centre, Battisputali, Gaushala Kathmandu - 9, Nepal

Scan for Location

कात्तिक नाच सुरु

२७ दिन चल्ने नाच यो वर्ष १० दिन मात्रै

शिवहरि घिमिरे/नयाँ पत्रिका

ललितपुरको पाटन मंगलबजारको डबलीमा ऐतिहासिक कात्तिक नाच सुरु भएको छ। हरेक वर्ष मनाइने कात्तिक नाच यस वर्ष शनिबार साँझदेखि सुरु भएको हो।

फरक-फरक देवीदेवताको नाच प्रदर्शन गरेर मनाइने कात्तिक नाच हेर्न उपत्यकासहित आसपासका जिल्लाबाट सर्वसाधारणको घुइँचो लाग्ने गर्छ। ११ मंसिरसम्म चल्ने नाचका क्रममा झन्डै एक दर्जन नाच प्रदर्शन गरिन्छ। नाचको जानकारी दिए। उनका अनुसार यो नाचको विशेषता भनेको हरेक दिन फरक-फरक कथामा आधारित भएर देखाउनु हो। कुनै समय यो नाच २७ दिनसम्म देखाइएको थियो। तर, पछिल्ला वर्षहरूमा आर्थिक अभाव र व्यवस्थापन नपुग्दा १० दिनमै खुम्चिएको छ। यो वर्ष १० दिन नाच देखाउन नौ लाख लाग्ने अनुमान छ। यदि नाचलाई २७ दिनसम्म देखाउने हो भने ६० लाख लाग्ने अध्यक्ष शर्माको भनाइ छ। उनका अनुसार कात्तिक नाच संसारकै सबैभन्दा लामो नाट्य महोत्सव पनि हो।



सयौँ वर्ष पुराना नाचलाई सिलसिलाबद्ध रूपमा प्रस्तुत गरिने भएकाले कात्तिक नाचलाई विशेष पर्वका रूपमा लिने गरिन्छ। 'विशेष पर्व भए पनि अहिले १० दिनमा खुम्च्याउनुपरेको छ, आर्थिक अभावका कारण यस्तो भएको हो,' उनले भने, 'विगतका वर्षमा आठ दिनसम्म पनि मनाइएको थियो, यो वर्ष त्यसलाई बढाएर १० दिन पुऱ्याएका छौँ, सबै नाच सिलसिलाबद्ध प्रस्तुत गर्ने हो भने २७ दिनसम्म नाच देखाउनुपर्छ।'

यस कारण खुम्चियो कात्तिक नाच

अध्यक्ष शर्माका अनुसार २००७ सालको जनक्रान्तिपछि यो नाटकलाई केही दिनमा सीमित गरिएको थियो। २००८ देखि ०३७ सालसम्म दुई दिन मात्रै नाच देखाइएको थियो। तर, स्थानीय र संस्कृतिविद्को विरोधपछि बिस्तारै नाचलाई बढाउँदै लगे पनि सबै नाच देखाउन अझै सकिएको छैन। 'कात्तिक नाच संरक्षण समिति गठन भए पनि ०३८ देखि ०६९ सम्म प्रत्येक वर्ष आठ दिन नाच प्रदर्शन भएको थियो, पछिल्ला वर्ष यसलाई लम्ब्याउने प्रयास गरिरहेका छौँ,' उनले भने, '०७० सालमा दुई दिन वस्त्रहरण र बौद्धलीला थपेर १० दिन र ०७१ देखि ०७६ सम्म १२ दिन सञ्चालन भएको थियो। ०७७ सालमा कोभिड महामारीका कारण दुई दिन मात्रै देखाइयो, यो वर्ष १० दिन देखाइँदै छ। उनका अनुसार २००६ सालसम्म २७ दिन नै नाच देखाउने गरिएको थियो, तर त्यसयता २७ दिन नाच हुन सकेको छैन। तर, २७ दिनसम्म नाच प्रदर्शन गर्न निकै लामो तयारी गर्नुपर्ने र बजेट पनि धेरै लाग्ने भएकाले सम्भव नभएको समितिले जनाएको छ। आर्थिक स्रोत जुट्ने हो भने नाचलाई २७ दिनसम्मै प्रदर्शन गर्न सकिने अध्यक्ष शर्माको भनाइ छ।



● **प्रतापधर शर्मा**
अध्यक्ष, कात्तिक नाच संरक्षण समिति

यो नाचको विशेषता भनेको हरेक दिन फरक-फरक कथामा आधारित भएर देखाउनु हो। कुनै समय यो नाच २७ दिनसम्म देखाइएको थियो। तर, पछिल्ला वर्षहरूमा आर्थिक अभाव र व्यवस्थापन नपुग्दा १० दिनमै खुम्चिएको छ।

पहिलो दिन शनिबार साँझ ७ बजेदेखि १० बजेसम्म पाटन डबलीमा बाथःप्याखँअन्तर्गतको माकः सीमियेगु नाटक प्रदर्शन गरिएको छ। १३ जना कलाकारले प्रस्तुत गरेको उक्त नाच मल्लकालीन राजा सिद्धिनरसिंह मल्लले सुरु गरेको हो।

त्यसो त कात्तिक नाचमा प्रदर्शन गरिने सबै नाटक सिद्धिनरसिंह मल्लकै पालामा सुरु भएका हुन्। तत्कालीन राजा सिद्धिनरसिंह मल्लले देश र जनताको कल्याणार्थ कात्तिक नाच चलाएको किंवदन्ती छ। यो नाच नेपाल संवत् ७६१ मा प्रारम्भ भएको कात्तिक नाच संरक्षण समितिका अध्यक्ष प्रतापधर शर्माले

कुन दिन कुन नाच ?

नाचको दोस्रो दिन बाथःप्याखँअन्तर्गतको कौलाखिचा, तेस्रो दिन बाथःप्याखँअन्तर्गतकै महामूर्ख, चौथो दिन युद्धकला, पाँचौँ दिन देवी प्याखँ, छैटौँ दिन जलशयण, सातौँ दिन वराह अवतार, आठौँ दिन नृसिंह अवतार, नवौँ दिन वस्त्रहरण लीला र दसौँ दिन दधिलीला नाच प्रदर्शन गरेर नाच समाप्त हुनेछ।

प्रधानमन्त्रीले नै चासो राख्दा पनि अघि बढेन तिनकुने पार्क निर्माण



शान्ति तामाङ/नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाले हरियाली अभियानलाई सार्थकता दिन भन्दै पार्क निर्माणलाई प्राथमिकता दिइरहेको छ। सोही अभियानअन्तर्गत महानगरभित्र हालसम्म ६० भन्दा धेरै पार्क निर्माण भइसकेका पनि छन्। यही संख्यामा पार्क निर्माणका चरणमा पनि छन्। तर, ०३१ मै सरकारले अधिग्रहण गरेर पार्क निर्माण गर्ने भनेको तिनकुनेको जग्गा अलपत्र अवस्थामा छ।

बुद्ध पार्क बनाउने भनेर घोषणा गरिएको तिनकुनेको जग्गा घाँसे मैदानमा परिणत भएको छ। प्रस्तावित पार्क घाँसे मैदान बनेको विषयमा गत ३० साउनमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सार्वजनिक महत्त्वका विषयमा केन्द्रित हुँदै समस्या समाधानका लागि ठोस पहल गर्न कर्मचारीलाई निर्देशन दिएका थिए। जसअन्तर्गत तिनकुनेमा पार्क निर्माण पनि समावेश थियो। बैठकमा प्रधानमन्त्री प्रचण्डले तिनकुने अधिग्रहित जग्गा सरकारको नाममा आइसकेको परिस्थितिमा पनि मुआब्जा र समस्या समाधान हुन बाँकी रहेकाले त्यसको दीर्घकालीन समस्या समाधानका लागि ठोस पहल गर्न निर्देशन दिएका थिए। तर, उक्त निर्देशनको तीन महिना बित्दा पनि काम भने सुरु हुन सकेको छैन। बैठकमा उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ, सहरी विकासमन्त्री सीता गुरुङ, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री रञ्जिता श्रेष्ठ, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अनितादेवी साह, महानगर प्रमुख बालेन्द्र साह (बालेन), मुख्यसचिव डा. वैकुण्ठ अर्याल, विभागीय मन्त्रालयका सचिवलगायतको उपस्थिति थियो।

मुआब्जा मिले पार्क निर्माणमा तयार छौँ : महानगर

संघीय सरकारले मुआब्जाको विषय समाधान गरे आफूहरू पार्क निर्माणका लागि सधैँ तयारी अवस्थामा रहेको महानगरले जनाएको छ। महानगरअन्तर्गत सार्वजनिक निर्माण विभाग प्रमुख रामबहादुर थापाका अनुसार मुआब्जाको विषय समाधान हुने हो भने पार्क निर्माणको लागि कुनै समस्या छैन। '३० साउनको बैठकमा मेयरसाप पनि सहभागी हुनुभएको थियो। त्यसपछि हालसम्म माथिबाट कुनै पनि खबर आएको छैन। हालको मुख्य समस्या भनेको मुआब्जा विवाद नै हो। मुआब्जा विवाद समाधान गर्ने अधिकार हामीलाई छैन। मुआब्जा विवाद समाधान भएर आउने हो भने महानगरलाई पार्क निर्माणका लागि कुनै समस्या छैन,' विभाग प्रमुख थापाले भने।

महानगरका अनुसार पार्क निर्माणमा देखिएको समस्या समाधानका लागि उक्त बैठकभन्दा अगाडि नै प्रमुख बालेनले प्रधानमन्त्री कार्यालयलाई सम्बोधन गरेर पत्रसमेत पठाएकोथियो। उक्त पत्रको जवाफ पनि हालसम्म नआएको महानगरले जनाएको छ। महानगर पक्षबाट पटक-पटक पहल हुँदा पनि मुआब्जा विषय समाधानका लागि कुनै पनि प्रक्रिया अगाडि बढ्न सकेको छैन। यो विषयमा सहरी विकास मन्त्रालयका सचिव सर्जुकुमार वैद्यसँग जिज्ञासा राख्दा यो विषयबारे आफूलाई स्पष्ट जानकारी नभएको बताए।

करिब ५० रोपनीमा फैलिएको यो जग्गाको ०३१ मा सरकारले अधिग्रहण गरेपछि ०५२ मा लगतकट्टा गरी सबै जग्गा सरकार र सडक विभागका नाममा दर्ता गऱ्यो। सरकारी लगतकट्टा साबिकमै फिर्ता हुने भन्दै ०५७ मा सर्वोच्च अदालतको आदेश आयो। ०५९ मा प्रतिरोपनी ५१ लाख २० हजार मुआब्जा दिने निर्णय भयो। सोहीअनुसार ०६४ मा मुआब्जाका लागि महानगरलाई १५ करोड रुपैयाँ निकासा भयो। जुन रकममध्ये १० करोड ८० लाख मुआब्जा वितरण भयो। यो रकम पहिलोपटक मुआब्जास्वरूप वितरण भएको थियो।

पार्कका नाममा बजेट नै बजेट

तत्कालीन महानगर प्रमुख विद्यासुन्दर शाक्यका पालामा यो योजनालाई महत्त्वपूर्ण योजनाका रूपमा अघि सारिएको थियो, तर काम सुरु हुन सकेन। अहिले मेयर बालेन्द्र साहले पनि तिनकुने पार्कलाई प्राथमिकतामा राखेका छन्। महानगरले चालू आवको नीति तथा कार्यक्रममा वडा ३२ स्थित तिनकुनेको जग्गामा मुआब्जासम्बन्धी समस्या समाधानका लागि संघीय सरकारसँग ठोस पहल गरी अन्तर्राष्ट्रियस्तरको पार्क निर्माण गर्ने उल्लेख छ। सोहीअनुरूप महानगरले पहल थालेको छ। तर, काम सुरु गर्न आधार तय भएको छैन। पार्कको डिपिआर निर्माणका लागि भन्दै गत आवमा महानगरले ५० लाख बजेट विनियोजन गरेको थियो। तिनकुनेमा बुद्धपार्क निर्माणका लागि महानगरले आर्थिक वर्ष ०७७/७८ मा ५० लाख रुपैयाँ छुट्याएको थियो। आव ०७६/७७ मा 'अन्तर्राष्ट्रियस्तरको आधुनिक बुद्धपार्क' निर्माण गर्ने घोषणा गर्दै दुई करोड रुपैयाँ विनियोजन पनि गरेको थियो। त्यसअघि आर्थिक वर्ष ०७५/७६ मा पनि दुई करोड रुपैयाँ छुट्याइएको थियो। ०७४ मा जनप्रतिनिधि आएयता तिनकुनेमा पार्क निर्माणका लागि प्रत्येक वर्षजस्तो बजेट विनियोजन हुँदै आए पनि काम सुरु हुने वातावरण भने बन्न सकेको छैन।

सम्परीक्षणसम्बन्धी...

पृष्ठ १ बाट क्रमशः

सचिव डा. रोजनाथ पाण्डेले उप्रान्त सम्परीक्षण नगर्न भन्दै निर्देशन पठाएका हुन्। यहीँदेखि विवाद सुरु भएको हो।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, ०७६ का व्यवस्था उल्लेख गरेर समितिले निर्देशन दिएको थियो। प्रारम्भिक प्रतिवेदनमा सम्परीक्षणबाट फर्स्योट हुन नसकेका बेरुजु विवरण महालेखाले आफ्नो वार्षिक प्रतिवेदनमा समावेश गरेर राष्ट्रपतिलाई बुझाई प्रक्रियाबमोजिम संसद् हुँदै समितिमा आएपछि पुनः सम्परीक्षण गर्नु गलत भएको समितिको ठहर छ। सम्परीक्षणका कार्यको अनुगमन समितिले गर्ने कानुनी व्यवस्थाको बर्खिलाप हुने गरी समितिमा छलफल नै नभएको विषयमा कार्यालय प्रमुखहरूले महालेखामा बेरुजु फर्स्योटका लागि पठाएको र महालेखाले बेरुजु लगत हटाएको भेटेपछि लेखा समितिले निर्देशन पठाएको थियो। सम्परीक्षणको यस्तो कारबाही अख्तियारको दुरुपयोग तथा संसद्को अवहेलना भएको ठहर समितिको थियो। समितिले महालेखासहित मन्त्रालय, आयोग र कार्यालयसमेत ४७ निकायलाई एकसाथ पत्राचार गरेको थियो। यससँगै सम्परीक्षणसम्बन्धी सम्पूर्ण कारबाही रोकिन पुगेको छ।

त्यसको एक वर्षपछि गत २५ असोजमा पुनः समितिले महालेखासहित लेखा उत्तरदायी अधिकृत (कार्यालय प्रमुखहरू)लाई सम्बोधन गरेर अर्को पत्र लेख्यो। समितिको २४ असोजको बैठकको निर्णयबमोजिम आवश्यक कारबाहीका लागि भन्दै पत्राचार गरिएको थियो। पछिल्लो पत्रमा समितिले कडा शब्दमा महालेखाको कार्यशैलीमाथि नै प्रश्न उठाएको छ। 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ देखि ४० सम्मका प्रावधानहरू समयमा नै कार्यान्वयन नगर्ने, यद्यपि आफ्नो अधिकारभन्दा बाहिर गई बेरुजु सम्परीक्षण गर्न खोज्ने प्रवृत्तिले लेखा उत्तरदायी अधिकृतहरूको कार्यव्यवहार स्पष्ट पार्दछ,' पत्रमा भनिएको छ। देशको समग्र आर्थिक परिसूचकहरू कमजोर रहेको विद्यमान अवस्थामा बेरुजु नियन्त्रण गर्ने कार्यलाई प्राथमिकताका साथ सम्पादन गर्नुपर्ने भएको उल्लेख गर्दै समितिले विभिन्न १० बुँदामा निर्देशन दिएको छ।

बेरुजुको अद्यावधिक लगत राख्न र समितिलाई उपलब्ध गराउन, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को व्यवस्थाबमोजिम लेखा समितिमा छलफल गरेपछि लेखा उत्तरदायी अधिकृतले बेरुजु फर्स्योट गरे/नगरेको वा कति गरियो त्यसको विवरण यथाशीघ्र पठाउनलगायतका निर्देशन दियो। महालेखाको ६०औँ वार्षिक प्रतिवेदनमाथि छलफल र सम्परीक्षणको कार्य प्रारम्भ गर्नका लागि समितिबाट १९ भदौमा सबै मन्त्रालय तथा निकायहरूलाई बेरुजुको जवाफ समितिमा पठाउन पत्रसमेत पठाइएकोमा हालसम्म कतिपय निकायबाट बेरुजुको जवाफ नआएकाले तत्काल उपलब्ध गराउन पनि समितिले निर्देशन दिएको थियो। यसपछि भने महालेखा र लेखापरीक्षणसँग सरोकार राख्नेहरू भस्किएका छन्।

सम्परीक्षणसम्बन्धी कानुनी दोधारले अलमल

सम्परीक्षण सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र लेखापरीक्षण ऐन, २०७५ मा व्यवस्था छन्। ०७६ मा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनले नयाँ व्यवस्था गरेपछि यसमा विवाद सिर्जना भएको हो।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको दफा ४१ मा महालेखाको वार्षिक प्रतिवेदनले औँल्याएको बेरुजुमाथि लेखा समितिमा छलफल हुने उल्लेख छ। यसरी छलफल गरेर समितिले सुझाव प्रतिनिधिसभामा पेस गरी स्वीकृत भएबमोजिम कार्यान्वयन गर्ने/गराउने जिम्मेवारी महालेखापरीक्षक तथा सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था उपदफा २ ले गरेको छ। त्यस्तै, उपदफा ३ अनुसार प्रतिनिधिसभाबाट स्वीकृत समितिको प्रतिवेदनबमोजिम बेरुजुको लगतबाट हटाउनुपर्ने विषय महालेखापरीक्षकले ३० दिनभित्र हटाई सोको जानकारी समिति र सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई दिनुपर्ने तथा उपदफा ४ मा यस्तो कार्यको अनुगमन समितिले गर्ने व्यवस्था छ। यसैमा टेकेर लेखा समितिले बेरुजु फर्स्योटसम्बन्धी कार्यमा हस्तक्षेप गरेको हो।

यता सरोकारवालाहरू भने सम्परीक्षणको अधिकार महालेखालाई नै हुनुपर्ने दाबी गर्छन्। सम्परीक्षण लेखापरीक्षणकै अंग भएको उनीहरूको भनाइ छ। लेखापरीक्षण ऐन, २०७५ ले लेखा तथा लेखासँग सम्बन्धित कामको परीक्षण र त्यसको आधारमा गरिने मूल्यांकन तथा विश्लेषणलाई लेखापरीक्षणका रूपमा परिभाषित गर्दै त्यसले सम्परीक्षण गर्ने कार्यसमेतलाई जनाउने उल्लेख गरेको छ। त्यस्तै, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनले आन्तरिक वा अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औँल्याइएको बेरुजुका सम्बन्धमा पेस हुन आएका स्पष्टीकरण वा प्रतिक्रियासाथ संलग्न प्रमाण तथा कागजातको आधारमा गरिने फर्स्योटसम्बन्धी कार्यलाई सम्परीक्षण सम्झनुपर्ने र सो शब्दले प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिबाट प्राप्त सुझाव वा निर्देशनका आधारमा गरिने फर्स्योटलाई समेत जनाउने भनेको छ। यिनै आधारमा सम्परीक्षणको महालेखाले गर्नुपर्ने दाबी उनीहरूको छ।

पूर्वमहालेखापरीक्षक भानुप्रसाद आचार्य लेखा समितिको निर्देशन महालेखाको 'अपरेसनल इन्डिपेन्डेन्स'मा हस्तक्षेप भएको बताउँछन्। जसका कारण सम्परीक्षण हुन नसकेर बेरुजुको मात्रा उल्लेख्य मात्रामा बढेको उनको भनाइ छ। 'यसले मुलुकका छविमा दीर्घकालीन असर पार्छ,' उनी भन्छन्, 'यो सैद्धान्तिक र अन्तर्राष्ट्रिय अभ्याससमेतसँग मेल खाँदैन।' नेपालसमेत सदस्य रहेको संसारभरका लेखापरीक्षण कार्यालयहरूको सर्वोच्च संस्था इन्टरनेसनल सुप्रिम अडिट इन्स्टिच्युसनले सन् २००७ मा पास गरेको मेक्सिको डिक्लिरेसनले महालेखापरीक्षकसँग 'अपरेसनल इन्डिपेन्डेन्स' हुनुपर्छ भनेको सन्दर्भमा लेखा समितिको निर्देशनले त्यसको मर्ममा हस्तक्षेप गरेको उनको भनाइ छ। बेरुजु सम्बन्धमा निर्देशन दिने अधिकार भए पनि अपरेसनल कुरामा समितिले हस्तक्षेप गर्न नमिल्ने उनको तर्क छ।

पूर्वउपमहालेखापरीक्षक (सचिव) रामु डोटेल सम्परीक्षण गर्ने काम समितिको नभएर महालेखापरीक्षककै भएको बताउँछन्। लेखापरीक्षण गर्ने निकायले नै सम्परीक्षण गर्ने उनको भनाइ छ। 'सम्परीक्षण लेखापरीक्षणको चरण हो र यो लेखापरीक्षणभित्रै पर्छ,' उनी भन्छन्, 'सम्परीक्षण विशुद्ध कार्यकारी काम हो। समिति कार्यकारी काममा संलग्न हुन मिल्दैन।' विश्वका कुनै पनि मुलुकमा महालेखापरीक्षकले नै सम्परीक्षण गर्ने उनी बताउँछन्। 'लेखा समितिले महालेखापरीक्षकको कार्यालयलगायत मन्त्रालय, लेखाउत्तरदायी अधिकृतको कामको अनुगमन र निर्देशन दिने हो। महालेखापरीक्षकले औँल्याएका विषयमा छलफल गरेर निर्देशन दिने काम समितिको हो।'

तर, महालेखापरीक्षक कार्यालयका प्रवक्ता वैकुण्ठबहादुर अधिकारी लेखापरीक्षण गरेपछि वार्षिक प्रतिवेदन राष्ट्रपतिलाई नबुझाउँदासम्म सम्परीक्षण महालेखाले नै र वार्षिक प्रतिवेदन पेस भएपछि बेरुजुको व्यहोरामाथि लेखा समितिमा छलफल हुने र उसले जे निर्णय गर्छ त्यही हुने बताउँछन्। 'पहिले समितिले निर्णय नगर्दा पनि मलेपले आफ्नो तरिकाले सम्परीक्षण गर्थ्यो। अब समितिको निर्णय र निर्देशन नै चाहिन्छ। लेखा समितिले छिटो निर्णय गरिदिनुपऱ्यो। समितिको निर्णय नभएरै बेरुजु फर्स्योट रोकिएको हो। अब होला।' उनी भन्छन्।

सार्वजनिक लेखा समितिका सचिव एकराम गिरी महालेखाले प्रतिवेदन पेस गरेपछि पनि सीमाबाहिर गएर पुनः आफूले सम्परीक्षण गर्न पाउनुपर्छ भन्ने कुरा नमिल्ने बताउँछन्। 'महालेखाले वार्षिक प्रतिवेदन पेस गरेर राष्ट्रपतिसमक्ष पेस गरेपछि आवश्यक कार्यका लागि संसद्मा आइपुग्छ। संसद्मा आउने प्रतिवेदन प्रस्तुति मात्र होइन। त्यहाँ छलफल, समन्वय र समाधानका लागि निर्देश गर्ने काम हुन्छ,' उनी भन्छन्, 'महालेखाले आफूले गरेको लेखापरीक्षण प्रतिवेदन तयार गरेर पेस गरेपछि पनि सीमाबाहिर गएर पुनः आफूले सम्परीक्षण गर्न पाउनुपर्छ भन्ने कुरा मिल्दैन।'

अन्तिम प्रतिवेदन बुझाइसकेपछि फेरि सम्परीक्षण गर्ने कुरा सिद्धान्त र व्यवहार दुवै हिसाबले नमिल्ने उनको तर्क छ। विद्यमान कानुनी व्यवस्थाले वार्षिक प्रतिवेदन बुझाउनुपूर्वको सम्परीक्षणमा महालेखालाई कहीँ पनि अवरोध नभएको उनी बताउँछन्। संसद्ले हेर्नैं हुँदैन भन्ने विषय पनि अतिसयोक्ति भएको उनको भनाइ छ। 'हामीले समितिले मात्र हेर्न पाउनुपर्छ भनेको छैन। महालेखाले गर्ने महालेखाले नै हेरोस् र समितिले गर्ने समितिले नै गर्छ भनेको हो,' उनी भन्छन्।

संसदीय...

पृष्ठ १ बाट क्रमशः

सभापति चयन भएपछि विधायिकी कार्यले गति लिने अपेक्षा गरिएको थियो। तर, १६ कात्तिकमा बजेट अधिवेशन अन्त्य हुँदै गर्दा प्रतिनिधिसभाका विषयगत समितिको कार्यप्रगति निराशाजनक नै रह्यो। राष्ट्रिय सभाबाट पारित भएर आएका तथा प्रतिनिधिसभामै उत्पत्ति भएका विधेयक प्रारम्भिक छलफलमै सीमित भएको र केही त कार्यसूचीमै परेनन्।

राष्ट्रिय सभातर्फ एउटा मात्रै विधेयक समितिमा छ। राष्ट्रिय सभाले १८ असोजमा विधायन व्यवस्थापन समितिमा पठाएको विधायन व्यवस्थापनसम्बन्धी विधेयक दफावार छलफलको चरणमा छ। संसद् सचिवालयका अनुसार प्रतिनिधिसभाको समितिमा १३ र राष्ट्रिय सभाको विधायन समितिमा एउटा विधेयक छ। विवरण हेर्दा प्रतिनिधिसभाका समितिमा विधेयकहरू लामो समयदेखि थन्किरहेका छन्।

प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठक गत सोमबार आह्वान गरिएको थियो। सुरक्षण मुद्रण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि सैद्धान्तिक छलफल गर्ने कार्यसूची रहेको बैठक कोरम नपुगेर स्थगित भयो। यो विधेयकमा हालसम्म छलफल नै प्रारम्भ भएको छैन। यही समितिमा रहेको अर्को सार्वजनिक सेवा प्रसारण विधेयक पनि सैद्धान्तिक छलफलकै चरणमा छ। यो विधेयकमा पनि एकपटक मात्र छलफल भएको छ।

राष्ट्रिय सभामा पारित भएर सन्देशसहित पहिलो अधिवेशनमै आएका यी दुवै विधेयकलाई प्रतिनिधिसभाले दफावार छलफलका लागि १५ वैशाखमा शिक्षा समितिमा पठाएको थियो। १६ कात्तिकमा दोस्रो अधिवेशन अन्त्य हुँदासमेत विधेयक दफावार छलफलमै गएको छैन। यसै समितिमा रहेको नेपाल विश्वविद्यालय विधेयक पनि दफावार छलफलको चरणमा पुगेको छैन। १८ असारमा राष्ट्रिय सभाबाट पारित भएपछि यो विधेयक प्रतिनिधिसभामार्फत ६ भदौमा समितिमा आएकोमा सैद्धान्तिक छलफलमै छ। २५ असोजमा प्रतिनिधिसभाबाट आएको विद्यालय शिक्षा विधेयकमा पनि छलफल अगाडि बढेको छैन।

प्रतिनिधिसभाकै राज्यव्यवस्था तथा सुशासन समितिले भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयकमा एकपटक मात्रै सामान्य छलफल गरेको छ। राष्ट्रिय सभाबाट पारित भएर सन्देशसहित आएको विधेयकलाई प्रतिनिधिसभाले १ जेठमा समितिमा पठाएको थियो। यसैगरी, राष्ट्रिय सभाबाट पारित भएर प्रतिनिधिसभामार्फत १५ वैशाखमा आएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयकमा पनि समितिले एकपटक मात्रै छलफल गरेको छ। दुवै विधेयकमा दफावार छलफल अगाडि बढेको छैन।

राष्ट्रिय सभाबाट पारित भई सन्देशसहित आएको अनुगमन तथा मूल्यांकन विधेयकलाई प्रतिनिधिसभाले १५ वैशाखमै राज्यव्यवस्था समितिमा पठाएको थियो, यसमा अझै कुनै छलफल भएको छैन। १५ वैशाखमै आएको संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि)सम्बन्धी संशोधन विधेयक भने अहिलेसम्म समितिको कार्यसूचीमै परेको छैन।

कानुन, न्याय तथा मानव अधिकार समितिमा १५ वैशाखमा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक र बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक आएका थिए। यो समितिले मात्रै दुवै विधेयकमा उपसमिति गठन गरेर दफावार छलफल गरेको छ।

दुवै विधेयकमा उपसमितिले प्रतिवेदन बुझाएको छ। सम्पत्ति शुद्धीकरण विधेयकमा छलफल सकाएर समितिले प्रतिवेदन पास गरी सदनमा पेस गरेको छ। तर, टिआरसी विधेयकमा सहमति जुट्न नसक्दा ६ महिनादेखि समितिमै थन्किएको छ। ३१ भदौमा प्रतिनिधिसभाले पठाएको केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक समितिको कार्यसूचीमै परेको छैन।

राष्ट्रिय सभाबाट पारित भई १५ वैशाखमा प्रतिनिधिसभाले अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा पठाएको अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक पनि सैद्धान्तिक छलफलकै चरणमा छ। राष्ट्रिय सभाबाट पारित भई प्रतिनिधिसभामार्फत १५ वैशाखमै कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा आएको खाद्य स्वच्छता तथा गुणस्तर विधेयक पनि छलफलको सुरुवाती चरणमै छ। प्रतिनिधिसभाले २६ असोजमा पूर्वाधार विकास समितिमा पठाएको विद्युत् विधेयकमा छलफल नै अगाडि बढेको छैन।

विधेयक निर्माणमा समितिको भूमिका कमजोर देखियो

● **कृष्णभक्त पोखरेल,** पूर्वसभापति, कानुन समिति

सदन औपचारिक हो। अनौपचारिक छलफल गर्ने, बढीभन्दा बढी पक्षसँग जोडिने समिति हो। विधेयक विभिन्न पक्षसँग पर्याप्त छलफल गरेर समृद्ध बनाउने थलो नै मिनीसंसद् हो। सरकारी कामकारबाही दैनिक निगरानी गर्ने, अनुगमन तथा मूल्यांकन गर्ने काम पनि समितिकै हो। तर, यी हाम्रा प्राथमिक काम हुन् भन्ने कुरा समिति सदस्यले महसुस नै गर्दैनन्। जब संसद् अधिवेशन सकिन्छ, त्यसपछि संसदीय समितिको बैठकमा कोरम पुऱ्याउन गाह्रो पर्छ। संसद् चलेको अवस्थामा त समिति नहुँदा पनि हुन्छ, संसद् नचलेको अवस्थाका लागि समितिको परिकल्पना गरिएको हो, सभापतिलाई स्रोतसाधनसम्पन्न बनाइएको हो। तर, सदुपयोग हुन सकेको छैन। यसमा सभापतिको सक्रिय र सकारात्मक भूमिका चाहिन्छ। समितिको वार्षिक कार्ययोजना पनि हुनुपऱ्यो। सभापतिले दैनिक प्रशासनसँग सम्बन्धित विषयहरू तत्काल सम्बोधन गर्नुपर्छ। तर, अहिले यो देखिएको छैन, कुनै पनि समितिले यस्तो भूमिका निर्वाह गऱ्यो भन्ने सुनिएको छैन। विधेयक निर्माणमा पनि भूमिका कमजोर देखियो।

दुवै सदनमा आठ विधेयक विचाराधीन

समितिबाहेक दुवै सदनमा आठ विधेयक विचाराधीन छन्। प्रतिनिधिसभामा दर्ता भएका औषधि तथा स्वास्थ्य सामग्री (नियमन तथा नियन्त्रण) विधेयक (गैरसरकारी), बैंकिङ कसुर तथा सजाय विधेयक र भन्सार विधेयक सदनमा पेस भएको छैन। राष्ट्रिय मर्यादासम्बन्धी विधेयक र विद्युतीय व्यापार विधेयक राष्ट्रिय सभाले हालै पारित गरेर सन्देशसहित प्रतिनिधिसभामा पठाएको छ। राष्ट्रिय सभातर्फ समितिको प्रतिवेदनसहित अध्यागमन विधेयक सदनमा पेस भई पारित हुने चरणमा छ। हालै दर्ता भएको सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक सदनमा पेस भइसकेको छैन। संसद् सचिवालयका अनुसार समिति र सदन गरी प्रतिनिधिसभामा १९ र राष्ट्रिय सभामा तीन विधेयक विचाराधीन छन्।

विपिन जोशी...

पृष्ठ १ बाट क्रमशः

जोशीको सकुशल रिहाइका लागि मैले कतार, अमेरिकी सरकारका विदेशमन्त्रीसँग पनि पटक-पटक पहल गरेको छु,' उनले भने, 'अन्तर्राष्ट्रिय रेडक्रस पनि लागेको छ, आज मात्रै मैले इजरायलस्थित नेपाली राजदूतसँग छलफल गरेको छु।'

अमेरिकी सरकारले २१ नोभेम्बरमा आफ्ना देशका नागरिकको उद्धार गर्ने क्रममा विपिन जोशीको रिहाइको समेत कुराकानी गरेको उनले बताए। इजरायल सरकारसँग सम्पर्क गर्दा विपिनलाई हमास समूहले बन्धक बनाएर गाजा क्षेत्रमा सुरक्षित राखेको जानकारी आएको बताउँदै मन्त्री साउदले सकुशल रिहाइका लागि अन्तर्राष्ट्रिय पक्षसँग आग्रह गरेको उल्लेख गरे। शनिबार महेन्द्रनगरमा विपिनका आमाबाबुले मन्त्री साउदलाई भेटेरै छोराको यथाशीघ्र रिहाइका लागि माग गरेका थिए।

आगलागीबाट...

पृष्ठ १ बाट क्रमशः

सेन्टरमा एक्कासि विद्युत् सर्ट भई आगो लाग्दा सँगै रहेका सारथि अस्पताल, गरिमा पोलिक्लिनिकसहितका पसलमा आगलागी भएको जानकारी दिए।

भण्डारी जनरल स्टोर एन्ड सु सेन्टर, टेकेन्द्र शर्माले सञ्चालन गरेको मधुमाला देवी सप (बेबी सपको गोदाम), वासुदेव भट्टले सञ्चालन गरेको भट्ट सपिङ सेन्टर (ब्याग हाउस), जगतबहादुर बलायरले सञ्चालन गरेको सुभिक्षादेवी सपिङ सेन्टर, यशोदा साउदले सञ्चालन गरेको न्यु सदीक्षा इन्टरप्राइजेज, गौरी भण्डारीले सञ्चालन गरेको भण्डारी सु सेन्टर, सारथि अस्पताल र जानकी भट्टले सञ्चालन गरेको भट्ट ट्रेडर्स एन्ड सप्लायर्समा आगजनी भएको छ। आगो शनिबार बिहानीपख नियन्त्रणमा आएको चन्दले बताए। धनगढी, गोदावरी, पुनर्वाससहितका पालिकाबाट दमकल ल्याई आगो निभाइएको थियो।

कैलाली प्रहरी प्रवक्ता चन्दले आगलागीपीडितले दिएको विवरणअनुसार झन्डै १७ करोड ९७ लाख रुपैयाँबराबरको धनमाल क्षति भएको जानकारी दिए। भण्डारी सुज सेन्टरको ५० लाख, सारथि अस्पताल प्रालिको पाँच करोड ५० लाख, गरिमा पोलिक्लिनिकको ३० लाख, भण्डारी जनरल स्टोरको चार करोड २५ लाख, मधुमाला कलेक्सनको ६० लाख, सुभिक्षा बेबी सपको ९० लाख, खाद्य गोदामको चार करोड, सदीक्षा इन्टरप्राइजेजको एक करोड २० लाख, भट्ट सप्लायर्सको ७० लाखबराबरको भौतिक संरचनामा क्षति भएको उनको भनाइ छ।

■ आज छठ पर्व

झकिझकाउ पारिए मधेशका नदी, खोला, सरोवर र पोखरी



छठ पूजाका लागि दुलहीभर्‍ै सिँगारिएको वीरगन्जको घडिअर्वा पोखरी। **तस्बिर : तिवारी यादव/नयाँ पत्रिका**

● जनकपुरधाममा **हदिश खुद्दार**
● महोत्तरीमा **रञ्जन भण्डारी**

प्राकृतिक पूजाको रूपमा प्रसिद्ध छठ पर्व मिथिला क्षेत्रमा हर्षोल्लासका साथ मनाइँदै छ। छठ पर्वलाई भव्य बनाउन मधेश प्रदेशका आठवटै जिल्लाका विभिन्न नदी, खोला, सरोवर तथा पोखरी सिँगारिएका छन्।

जनकपुरधामका करिब दुई दर्जन पोखरी, दूधमती नदी र बिग्ही नदीका डिलहरूलाई सजाइएको छ। गंगासागर, धनुषसागर, महराजसागर, अग्निकुण्ड, गोरधोइ पोखरी, दशरथ तलाउ, अंगराजसर, विहारकुण्डलगायतका पोखरी सिंगारिएको छ।

शुक्रबारदेखि विधिवत् रूपमा सुरु भएको छठ पर्व चार दिनसम्म चल्नेछ। पहिलो दिन व्रतालुहरू स्नान गरी शाकाहारी तथा शुद्ध भोजन गर्ने गर्छन्। दोस्रो दिन खरनामा व्रतालु महिलाहरू दिनभरि व्रत बसी साँझमा सूर्य देवताको पूजा गरी सक्खर मिलाएको गम्हरीको खिर र रोटी खाने चलन छ।

त्यसपछि व्रतालुहरू निराहार व्रत सुरु गर्छन्। जुन व्रत आइतबार अस्ताउँदो सूर्य र सोमबार उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि मात्र समाप्त हुन्छ। छठमा भाकल गरेकाहरूले पमरिया नचाउने, दण्ड प्रणामलगायतका आ-आफ्नो भाकलअनुसार सूर्य देवताको पूजाआजा गर्ने चलन छ।

तराई-मधेशका प्रमुख पर्वमध्येको एक हो छठ पर्व। छठ पर्व नजिकिएसँगै बजारमा चहलपहल बढेको छ। दिउँसै सुनसान देखिने जनकपुरधामका बजारमा छठका लागि सरसामान किनमेल गर्नेको भिड लागेको छ। आर्थिक मन्दीका कारण दसैं-तिहारमा खासै व्यापार नभए पनि छठमा भने व्यापारमा केही सुधार देखिएको स्थानीय व्यापारीहरू बताउँछन्। छठमा कपडादेखि माटोको भाँडो, बाँसबाट बनेका सामग्रीको माग बढेको छ।

जनकपुर उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष मनीषरमण साहले दिपावलीदेखि बजारको आर्थिक कारोबारमा सुधार आएको बताए। 'दसैंसम्म बजारमा सर्वसाधारणको चहलपहल भए पनि आर्थिक कारोबार खासै देखिएको थिएन,' उनले भने, 'तर दिपावलीदेखि छठसम्म तुलनात्मक रूपमा सुधार देखिएको छ।' छठ पर्वमा केरा, सन्तुला, स्याउसहितका फलफूलको कारोबार अत्यधिक हुने गरेको छ। यस वर्ष छठ पर्वलाई मध्यनजर गर्दै जनकपुरधाममा झन्डै चार करोड मूल्यबराबरको फलफूल भित्रिएको जनकपुरधाम फलफूल व्यवसायी संघका अध्यक्ष विश्वेश्वर यादवले बताए।

जलेश्वर, मटिहानी र पिपराका साथै महोत्तरीको प्रायः सबै स्थानमा तयारी अन्तिम अवस्थामा छ। जलेश्वरस्थित वरुण सर पोखरी, पुरानो बस स्ट्यान्ड पोखरी, परिक्रमागाछी पोखरीलगायत सिँगारिएको छ। पोखरी र नदी सरसफाइ गरी मनाइने छठ पर्वलाई सरसफाइको प्रतीक पर्वको रूपमा लिइन्छ। छठ घाटको सरसफाइदेखि व्रतका लागि बनाइने विभिन्न प्रसाद सामग्री तथा व्रतको विधिमा समेत सरसफाइ तथा शुद्धताको अति नै ध्यान राखिने हुनाले यो पर्व सरसफाइको संवाहक मानिएको हो।

केही दशकअघि नेपालको तराई र भारतका बिहार, उत्तर प्रदेशलगायतका राज्यमा मनाइने यो पर्व पछिल्लो समय काठमाडौंसहित नेपालका पहाडी जिल्लामा पनि धुमधामका साथ मनाइन्छ। छठ प्राकृतिक साथै एकता र आस्थाको पर्व भएकाले यसको लोकप्रियता दिनानुदिन बढ्दै गएको राजनीतिक विश्लेषक सिके लालले बताए।

छठ पूजाका लागि काठमाडौंका नदी, पोखरी र जलाशयको सरसफाइ तथा सजावट गरिएको छ। काठमाडौंका कमलपोखरी, गौरीघाट, नागपोखरी, गहनापोखरीलगायत पोखरी सिंगारिएको छ। छठको दिन साँझ अस्ताउँदो सूर्यलाई जलाशयमा उभिएर पूजासहित अर्घ्य दिएपछि रातभर नदी तथा तलाउ किनारमा बसी भजनकीर्तन गर्ने प्रचलन छ। आठ वर्षअघि भूकम्पका कारण बन्द भएको रानीपोखरी यस वर्ष पनि छठ पर्वका लागि खुल्न सकेन। तिहारका लागि सरसफाइ गरेर तयारी अवस्थामा राखे पनि रानीपोखरी नखुल्ने काठमाडौं महानगरपालिकाले जनाएको छ।

अवैध विकल्पको प्रयोग गर्दै टिकटक चलाउने बढे

मुना कुँवर/नयाँ पत्रिका

पछिल्लो समय लोकप्रिय रहेको सामाजिक सञ्जाल टिकटकलाई सरकारले प्रतिबन्ध गरे पनि अवैध विकल्पको प्रयोग गर्दै टिकटक चलाउने क्रम बढेको छ। टिकटक प्रयोगकर्ताले भर्चुअल पोइन्ट नेटवर्क (भिपिएन) तथा डिएनएसजस्ता विकल्प प्रयोग गरी टिकटक चलाउन थालेका हुन्। समाजमा सांस्कृतिक विकृति भित्र्याएको भन्दै मन्त्रिपरिषद् बैठकको निर्णयबमोजिम गत २७ कात्तिकदेखि टिकटक बन्द गरेको हो।

सरकारले पूर्वसूचना र तयारीविना टिकटक बन्द गर्दा प्रयोगकर्तामा आतंक मच्चिएको कम्प्युटर एसोसिएसन अफ नेपाल क्यान फेडेरेसनका महासचिव एवं साइबर सुरक्षाविज्ञ चिरञ्जीवी अधिकारीले बताए। उनका अनुसार अचानक प्रतिबन्ध लगाउँदा टिकटक प्रयोगकर्ता अहिले उकुसमुकुसको अवस्थामा छन्। प्रयोगकर्ताले कहाँबाट कसरी टिकटक चलाउन सकिन्छ भनेर विभिन्न विकल्पको खोजी गर्न थालेका छन्। 'मानिसहरू कसरी टिकटक चलाउने भनेर विभिन्न उपाय खोजिरहेका छन्। यो एक किसिमको डिजिटल प्रभाव हो,' उनले भने। फलस्वरूप मानिसहरूले अवैध प्रक्रिया भिपिएन (भर्चुअल पोइन्ट नेटवर्क) को प्रयोग गरेर भए पनि टिकटक चलाउन थालेको उनले बताए। उनका अनुसार करिब दुई लाखले भिपिएनमार्फत टिकटक चलाएका छन्।

सरकारको निर्णयबमोजिम नेपाल दूरसञ्चार प्राधिकरणले इन्टरनेट सेवा प्रदायकलाई टिकटक बन्द गर्न निर्देशन दिएको थियो। प्राधिकरणको निर्देशनबमोजिम अधिकांश इन्टरनेट सेवा प्रदायकले टिकटक बन्द गरिसकेका छन्। तर, अझै पनि केही मोबाइलमा भने टिकटक चलिरहेको छ। अर्थात्, अझै केही इन्टरनेट सेवा प्रदायकले टिकटक बन्द गर्न नसकेको अधिकारीको भनाइ छ। सरकारले तयारीविनै बन्द गर्दा यस्तो खालको त्रुटि भएको उनले बताए। 'प्रविधिलाई चलाउन जति खर्च र मिहिनेत लाग्छ, त्यति नै यसलाई निस्तेज पार्न पनि लाग्छ,' उनले भने। तर, यस विषयमा सरकारले कुनै पनि तयारी नगरेको उनले दाबी गरे। नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले भने भिपिएनको प्रयोग गरी चलाइएका टिकटकलाई नियमन गर्न नसकिने बताए। भिपिएन नियमनका लागि नेपाल सरकारसँग कानुन छैन। कानुनविना आजको भोलि नै सबै कुरा बन्द गर्न नसकिने उनको भनाइ छ।

■ **भिपिएनको प्रयोगले साइबर जोखिम बढ्ने**

निःशुल्क रूपमा उपलब्ध भिपिएनको प्रयोगले साइबर जोखिम बढ्ने सम्भावना अधिक भएको क्यानका महासचिव चिरञ्जीवी अधिकारी बताउँछन्। 'सबैले सशुल्क भिपिएन किनेर प्रयोग गर्न सक्दैनन् र अधिकांशसँग व्यक्तिगत र व्यावसायिक प्रयोजनका लागि छुट्टै डिभाइस पनि हुँदैनन्,' उनले भने। तर, निःशुल्क भिपिएन इन्स्टल गर्दा र चलाउँदा आउन सक्ने मालवेयर र भाइरसले डेटा चोरीलगायतका साइबर जोखिम बढ्ने उनले बताए।

सूचना प्रविधि महासागर भएको र यसलाई प्रतिबन्ध गर्दा सरकारले ठूलो लगानी गर्नुपर्ने अधिकारीको दाबी छ। 'प्रतिबन्ध गर्नुअघि प्राविधिक तयारी गर्नुपर्थ्यो। सरकारले प्रविधिविज्ञ समिति गठन गरी यस विषयमा अध्ययन गरेरे मात्रै प्रतिबन्ध गर्नुपर्थ्यो,' उनले भने, 'सरकारको निर्णय कच्चा भयो।' यसले साइबर जोखिम झनै बढ्ने उनले बताए। निःशुल्क उपलब्ध भिपिएन र डिएनएस प्रयोग नगर्न उनले आग्रह गरेका छन्। तर, शुल्क तिरेर प्रयोग गर्न मिल्ने भिपिएन एप केही सुरक्षित हुने बताए। भिपिएन र डिएनएस व्यक्तिगत डाटा सुरक्षामा जोखिमपूर्ण हुने विज्ञहरू बताउँछन्। निःशुल्क प्राप्त भिपिएन र डिएनएसले डाटादेखि बैंक खातामा पनि पहुँच हुने हुँदा यो अत्यन्तै जोखिमपूर्ण हुने विज्ञहरूको दाबी छ।

नेपाल दूरसञ्चार प्राधिकरणले नेपालभित्र टिकटक प्रतिबन्धका लागि सहयोग गर्न टिकटक व्यवस्थापनलाई पत्राचार गरेको छ। सरकारले गत २७ कात्तिकदेखि नेपालमा टिकटक बन्द गरेपछि टिकटक व्यवस्थापनले प्राधिकरणलाई पत्र पठाएको थियो। टिकटकलाई जवाफी पत्र पठाउँदै प्राधिकरणले टिकटक बन्द गर्न सहयोग मागेको हो। नेपाल सरकारको यो निर्णयप्रति टिकटकले आश्चर्य व्यक्त गरेको छ। टिकटकले प्राधिकरणलाई पत्र पठाउँदै प्रतिबन्धले नेपाली युवाहरूलाई आर्थिक हानि गर्ने दाबी गरेको छ। प्रयोगकर्ताको सुरक्षा टिकटकको सबैभन्दा महत्त्वपूर्ण प्राथमिकता भएको बताउँदै उसले नेपालमा भएका र नेपालका सरकारी निकायसँग गरिएका समझदारीबारे स्मरणसमेत गराएको छ।

प्राधिकरणले टिकटक सञ्चालनमा रोक लगाउने सरकारको निर्णय प्रभावकारी कार्यान्वयनका लागि भन्दै प्राविधिक समिति गठन गरेको छ। प्राधिकरणले निर्देशक विजयकुमार रायको नेतृत्वमा शुक्रबार चार सदस्यीय प्राविधिक समिति गठन गरेको हो। समितिको सदस्यमा इन्टरनेट सेवा प्रदायकहरूको संस्था (आएस्पान)का अध्यक्ष सुधीर पराजुली, सञ्चार मन्त्रालयका प्रतिनिधि र सदस्यसचिवमा प्राधिकरणकी रोजाकिरण बासुकला छन्। समितिले सात दिनभित्र टिकटक बन्द गरे-नगरेको सम्बन्धमा अनुगमन र अनुसन्धान गरी रिपोर्ट पेस गर्नेछ।

गणतन्त्रविरोधी गतिविधिविरुद्ध प्रतिवादमा उत्रने ओलीको चेतावनी

नयाँ पत्रिका

प्रमुख प्रतिपक्ष दल एमालेले संघीय लोकतान्त्रिक गणतन्त्रविरोधी गतिविधिविरुद्ध प्रतिवादमा उत्रने संकेत दिएको छ। दुर्गा प्रसाईंले नेतृत्व गरेको समूहले काठमाडौंमा व्यवस्थाविरोधी शक्ति प्रदर्शन गर्न लागेका वेला एमाले अध्यक्ष केपी ओलीले त्यस्ता समूहको प्रतिवाद हुने जनाएका हुन्।



ओलीले लोकतान्त्रिक गणतन्त्रमाथि औंला ठड्याउने काम नगर्न चेतावनी दिँदै औंला ठड्याउनेलाई एमालेले तह लगाउने चेतावनी दिए। 'लोकतान्त्रिक गणतन्त्रलाई चलाउने र औंलो ठड्याउने काम कतैबाट नहोस् भनेर म चेतावनीको भाषा बोल्न चाहन्छु। लोकतन्त्रको विरुद्ध लड्ने कुरा त छोडिदिउँ। लोकतन्त्रको विरुद्ध औंलो ठड्यायो भने त्यो औंलो कसरी तल झार्नुपर्छ, शान्तिपूर्ण ढंगले झार्छौं, हामी झारिदिन्छौं। त्यो सबैले बुझ्नुपर्छ,' पार्टी कार्यालय च्यासलमा शनिबार आयोजित २३ वटै संगठनका पदाधिकारी र सम्पर्क समन्वय समितिका सदस्यको विशेष भेलामा सम्बोधन गर्दै ओलीले भने।

प्रतिक्रियावादीले देशभरबाट काठमाडौंमा व्यक्ति ल्याएर प्रदर्शन गर्न लागेको ओलीले दाबी गरे। '७ गते, म सुन्दै छु, एउटा कसै-कसै व्यक्तिलाई उभ्याएर प्रतिक्रियावादी शक्तिहरू जोडतोडले लागेका छन्, देशभरबाट व्यक्ति वा मानिसहरू उतार्नका लागि। ती मानिसहरू आएर काठमाडौंमा कुनै केही हुने होइन, तिनले काठमाडौं फोहोर गर्ने मात्रै हुन्, अरू केही हुनेवाला छैन,' ओलीले भने, 'हामी मान्छे ओसारेर होइन, यहीँ भएका युवा, विद्यार्थी र त्यसको पृष्ठभागमा युवा, विद्यार्थी एक्लै छैनन्, त्यहाँ संरक्षक संस्थाहरू पनि छन् भन्ने म सरकार र अरू प्रकारका सबै दक्षिणपन्थी प्रतिक्रियावादी शक्तिहरूलाई भन्न चाहन्छु।'

युवा संघ नेपालले पनि ७ मंसिरमा आयोजना गरेको जनप्रदर्शनको स्वामित्व मातृपार्टी एमालेले लिएको छ। यसका लागि सबै शक्ति ७ मंसिरमा केन्द्रित गर्ने निर्णय छ। दुर्गा प्रसाईंको नेतृत्वमा पनि ७ मंसिरमा काठमाडौंमा प्रदर्शन हुँदै छ। दुईपक्षीय प्रदर्शनले पार्ने प्रभावबारे चासो बढिरहेका वेला शनिबार भेलामार्फत एमाले अध्यक्ष ओलीले देशलाई अप्ठ्यारोबाट मुक्त गराउने गरी सरकारलाई सच्याउन ७ मंसिरमा युवा र विद्यार्थीको प्रदर्शन हुन लागेको बताए। 'देशको परिस्थिति अप्ठ्यारो छ। बिग्रँदो छ। त्यसलाई रोक्ने दिशामा एमाले अगाडि बढ्छ। अहिले भइरहेको बेथिति, कुशासन, भ्रष्टाचार, तस्करीलाई चुपचाप हेरेर बसिरहन सक्दैनौं,' ओलीले भने। उनले निषेधित क्षेत्र नतोड्ने युवा/विद्यार्थीलाई निर्देशनसमेत दिए। ७ मंसिरमा संकेत गर्न मात्रै खोजेको उनले जिकिर गरे। 'अहिले यो संकेत मात्रै हो। हामी हतियारको राजनीति गर्दैनौं, हिंसाको राजनीति गर्दैनौं। शान्तिपूर्ण राजनीति भनेको प्रदर्शन हो,' ओलीले भने, 'समृद्ध नेपाल : सुखी नेपाली बनाइछोड्ने संकल्प बोकेर हिँडेको शक्ति देशमा छ। लोकतान्त्रिक गणतन्त्र अरूले ल्याइदिएको मञ्चमा गएर हामी नाचेको होइन। यो धेरै ठूलो बलिदानबाट ल्याइएको व्यवस्था हो।'

अस्थिरता पैदा गर्ने शक्तिको प्रतिवाद हुन्छ : नेपाल



एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालले देशमा अस्थिरता पैदा गर्ने शक्ति सक्रिय भएकाले प्रतिवाद गर्न परिवर्तनकारी शक्ति तयार हुनुपर्ने बताएका छन्। नेपालले संघीय लोकतान्त्रिक गणतन्त्र, नेपालको संविधान र जनआन्दोलनबाट प्राप्त उपलब्धिको रक्षाका निम्ति जस्तोसुकै मुख्य चुकाउन तयार रहेको बताए।

'संविधान र गणतन्त्रको पक्षमा हामी जनताको माझमा जान्छौं, त्यसका लागि जनताको शक्ति परिचालित गर्न चाहन्छौं,' पार्टीको केन्द्रीय लेखापरीक्षण आयोगले पार्टी कार्यालय आलोकनगरमा आयोजना गरेको प्रशिक्षण कार्यक्रमको शनिबार उद्घाटन गर्दै उनले भने, 'व्यवस्थामाथि नै चुनौती दिने कुरा स्वीकार्य छैन। त्यसको प्रतिवाद गर्न परिवर्तनकारी शक्ति तयार हुनुपर्छ।'

जनता राजनीतिक दलको साथमा नरहेको हौवा पिटिएको चर्चा गर्दै नेपालले आफूले विगतमा जनताको शक्तिलाई गाउँगाउँ गएर परिचालन गरेको परिणामस्वरूप जनआन्दोलन सफल भएको दाबी गरे। जनता नै सबैभन्दा ठूलो शक्ति भएको उल्लेख गर्दै उनले व्यवस्थाको रक्षाका लागि जनतामा जाने बताए। उनले मेची-महाकाली समाजवादी जागरण अभियानबाट थप उत्साह पैदा भएको पनि बताए।

जाजरकोट र रुकुम पश्चिमका भूकम्पपीडितलाई चीनले उपलब्ध गराएको राहत सहयोगमा एकीकृत समाजवादीको भूमिका रहेको उनले दाबी गरे। आफ्नो चीन भ्रमणका वेला चिनियाँ नेताहरूसँग पारस्परिक हितका विषयमा कुराकानी भएको बताए। राष्ट्रिय स्वाधीनता, भौगोलिक अखण्डता तथा राष्ट्रिय स्वाभिमानमा आँच नआउने गरी कुनै पनि देशले गर्ने सहयोग स्विकार्नुपर्नेमा नेपालले जोड दिए। उनले बिआरआईको प्रशंसा पनि गरे। हालै नेपाल चीन भ्रमण गरेर फर्केका थिए।

शंकास्पद देखिएपछि युवतीको शव उत्खनन गरेर परीक्षण गरिँदै

सलाही/ हरिवनमा एक युवतीको मृत्यु शंकास्पद देखिएपछि प्रहरीले कब्रस्तान उत्खनन गरेर शव परीक्षण गर्ने तयारी गरेको छ। हरिवन नगरपालिका- ११, बालगंगास्थित मुस्लिम टोलमा घटनाको एक सातापछि प्रहरीले युवतीको शव नियन्त्रणमा लिन लागेको हो। अन्दाजी १७ वर्षकी तबसुन खातुनले पासो लगाएर आत्महत्या गरेको विषयलाई परिवारले गुपचुप राखेर शव गाडेको थियो।

घटना २६ कात्तिकको भए पनि प्रहरीमा शुक्रबार साँझ मात्र जानकारी प्राप्त भएको थियो। प्राप्त सूचनाअनुसार घटना शंकास्पद देखिएपछि इलाका प्रहरी कार्यालय हरिवनका प्रहरी निरीक्षक अनिलराज गिरीको टोली राति नै घटनास्थल पुगेको थियो। प्रहरीले गाडेको शव उत्खनन गरेर नियन्त्रणमा लिन खोजेपछि राति केहीबेर तनावको स्थिति बनेको थियो। प्रहरी जुत्तासहित कब्रस्तान प्रवेश गरेको भन्दै स्थानीयले ढुंगामुढा गरेका थिए। सोही विषयलाई लिएर शनिबार बिहान हरिवन नगरपालिका- ११, को वडा कार्यालयमा छलफल भएको थियो। छलफलमा घटनाको अनुसन्धानमा स्थानीयले प्रहरीलाई सहयोग गर्ने र प्रहरीले धार्मिक आस्थामा आँच नपुग्ने गरी कारबाही अगाडि बढाउने निष्कर्ष निकालिएको वडाध्यक्ष शेष मेहबुब रेजाले बताए।

हरिवन नगरपालिकाका मेयर रमेश बुढाथोकी, निवर्तमान मधेश प्रदेश सभा सदस्य डिल्ली उप्रेती, मुस्लिम समुदायका धार्मिक अगुवालगायतको उपस्थितिमा छलफल भएको थियो। शव परीक्षण विज्ञ टोलीले परीक्षणका लागि अस्पताल नै पुऱ्याउनुपर्ने बताएपछि थप छलफल गरेर प्रहरीले शव नियन्त्रणमा लिन लागेको हो। आइतबार प्रहरीले शव परीक्षणका लागि पठाउने तयारी गरेको छ। प्रहरीले सोधपुछका लागि मृतकका सौतिनी आमा र उनको छोरालाई पक्राउ गरेको छ। मृतक युवतीका बाबु शेष इर्साद र सौतिनी भाइ शेख चाँद फरार भएका प्रहरीले जनाएको छ।

'को-हजबेन्ड'लाई क्यानडामा अवार्ड

क्यानडा/ नेपालको बहुपति प्रथाबारे निर्मित वृत्तचित्र 'को-हजबेन्ड' (सहायक श्रीमान्)ले क्यानडामा नगद पुरस्कारसहित उत्कृष्ट सर्ट फिल्म अवार्ड जितेको छ। क्यानडाको टोरोन्टोमा आयोजित ३६ वर्ष पुरानो सोसाइटी अफ भिजुअल एन्थ्रोपोलोजी फिल्म एन्ड मिडिया फेस्टिबलमा को-हजबेन्डले तीन सय अमेरिकी डलरसहित उत्कृष्ट सर्ट फिल्म अवार्ड जितेको हो।



मेन्ट्रो टोरोन्टो सम्मेलन केन्द्रमा आयोजित अवार्ड समारोहमा फिल्म फेस्टिबलका सहनिर्देशकद्वय युनिभर्सिटी अफ साउदर्न क्यालिफोर्नियाकी एसोसिएट प्रोफेसर जेनिफर कुल र युनिभर्सिटी अफ कोलोराडो बोउल्डरका एसोसिएट प्रोफेसर क्रिश्चियन ह्यामन्सले को-हजबेन्डका निर्देशक गणेश पाण्डे र निर्मात्री शारदा गैरेलाई पुरस्कार हस्तान्तरण गरेका थिए। अवार्ड समारोहमा प्रवासी नेपाली मञ्च क्यानडाका अध्यक्ष विश्वम्भर घिमिरे पनि सहभागी थिए।

तीन प्रश्नसहित रास्वपा घरदैलोमा

अनिल यादव/नयाँ पत्रिका

चुनावका वेला मात्रै मतदाताको दैलोमा पुग्ने परिपाटीलाई चिर्न राष्ट्रिय स्वतन्त्र पार्टीले शनिबारबाट देशभर घरदैलो अभियान सुरु गरेको छ। संघीय चुनावको एक वर्ष र उपनिर्वाचनको ६ महिना पुगेको अवसरमा रास्वपाले 'जनकेन्द्रित राजनीतिको आधार, घरदैलोमा जनतालाई आभार' नारासहित तीनदिने घरदैलो अभियान सुरु गरेको हो।

रास्वपाका प्रवक्ता एवं महामन्त्री मुकुल ढकालका अनुसार निर्वाचितदेखि पराजित भएका निर्वाचन क्षेत्रमा समेत घरदैलो अभियान भइरहेको छ। प्रत्यक्ष निर्वाचित सांसद आफू निर्वाचित भएको निर्वाचन क्षेत्रमा पुगेका छन् भने समानुपातिक सांसद आफ्नो गृह निर्वाचन क्षेत्रमा पुगेका छन्। 'देशैभर १६५ निर्वाचन क्षेत्रमै घरदैलो अभियान सुरु भएको छ,' ढकालले भने, 'जितेको मात्रै होइन, हामी हारेका निर्वाचन क्षेत्रमा पनि नेता-कार्यकर्ता मतदाताको घरदैलोमा पुगिरहेका छौं। चुनावको वेला भोट माग्न मात्रै होइन, अरू पनि जनताको सल्लाह-सुझाव लिनुपर्छ भनेर हामीले यो तीन दिने अभियान राखेका हौं।'

घरदैलोका लागि रास्वपाका सबै सांसदहरूले रिपोर्ट कार्ड नै बनाएका छन्। रिपोर्ट कार्डमा संसद्को दोस्रो अधिवेशनमा आफूले निर्वाह गरेको भूमिकाबारे उल्लेख गरिएको छ। मतदाताका लागि सांसदहरूले तयार पारेको रिपोर्ट कार्डमा सदनमा आफ्नो उपस्थित प्रतिशतदेखि भूगोलमा देखाएको उपस्थिति र क्रियाशीलता, आफूले सदनमा उठाएको मुख्य विषय, प्राप्त तलबसहितको सुविधालगायतका विषयहरू समेटेका छन्।



रास्वपाका सांसद तथा नेताहरूले तीनमध्ये पहिलो प्रश्नमा मतदातालाई आफ्नो कमीकमजोरी र गल्ती स्पष्ट खुलाइदिन आग्रह गरेका छन्। दोस्रो प्रश्नमा बुँदागत रूपमा गर्नुपर्ने सुझाव मागिएको छ। तेस्रोमा प्राथमिकताका आधारमा आफ्नो क्षेत्रमा देखिएका तीन मुख्य समस्या उल्लेख गर्न आग्रह गरिएको छ। पछि संकलन गर्ने गरी मतदातालाई तीन प्रश्नसहितको फाराम बुझाइरहेको गृहजिल्ला झापा पुगेकी सांसद निशा डाँगीले जानकारी दिइन्। 'हामी आफ्नो कुरा सुनाउन होइन, जनताको कुरा सुन्नलाई घरदैलो गरिरहेका छौं,' रास्वपाकी सचेतकसमेत रहेकी डाँगीले भनिन्, 'मौखिकदेखि लिखित सबैखाले सुझाव हामी लिइरहेका छौं। नयाँ र आशाका रूपमा हेरिएका दलका सांसदहरू पनि पुरानै पाराका रहेछन् भन्ने नलागोस् भनेर निर्वाचनका वेला हामीले गरेको प्रतिबद्धता पूरा गर्न यो घरदैलो अभियान गरिरहेका हौं।'

रास्वपाले मंसिरमा सम्पन्न प्रतिनिधिसभाको निर्वाचनका वेला चुनावबाहेकको समयमा पनि जनताको घरदैलो गइरहने वाचा गरेको थियो। सोही वाचा पूरा गर्दै अहिले रास्वपा घरदैलो अभियानमा जुटेको हो। 'एक वर्षको यथार्थ कार्य मूल्यांकनसहित मतदाताले हाम्रो कमीकमजोरी औंल्याउने र आगामी वर्षका लागि मार्गनिर्देशन गर्ने अभियानको लक्ष्य हो, सोहीअनुसार मतदाताको प्रतिक्रिया र सुझाव आइरहेको छ,' डाँगीले भनिन्।

महालेखाको सम्परीक्षणसम्बन्धी अधिकारमा अतिक्रमण

स्पष्ट कानुनी व्यवस्थालाई नजरअन्दाज गरी सार्वजनिक लेखासमितिले गरेको निर्णय एवं परिपत्रले महालेखाको सम्परीक्षण गर्ने अधिकारमा अतिक्रमण गर्न खोजेको छ



● रामुप्रसाद डोटेल
अग्रलेख

नेपालको संविधान र लेखापरीक्षण ऐन, २०७५ बमोजिम महालेखा परीक्षकले सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने, देखिएका तथ्य दर्साउने, आलोचना गर्ने, सुझाव दिने वा बेरुजु औँल्याउने गर्छ। औँल्याइएका बेरुजु सम्बन्धित निकायले फर्स्योट गर्छन्। महालेखा परीक्षकको कार्यालयले बेरुजु फर्स्योट सम्बन्धमा प्राप्त प्रमाण स्पष्टीकरण एवं प्रतिक्रियाका आधारमा सम्परीक्षण गर्ने व्यवस्था छ। विगत ६० वर्षदेखि सोही व्यवस्था कार्यान्वयन भइरहेकोमा हालसालै सार्वजनिक लेखासमितिले अनधिकृत रूपमा कानुनमै नभएको बेरुजु सम्परीक्षण गर्ने निर्णय महालेखापरीक्षकले गरेको भनी पत्राचार गरेपश्चात् संघीय सरकारको सम्परीक्षण गर्ने कार्य अवरुद्ध भएको छ। सोही परिपत्रकै निरन्तरताका रूपमा पुनः सार्वजनिक लेखा समितिले २४ असोजमा निर्णय गरेको देखिन्छ। यसबाट अन्तरराष्ट्रिय मान्यताअनुरूप महालेखापरीक्षकको सम्परीक्षण गर्ने अधिकारउपर अतिक्रमण भएको र लेखापरीक्षणको प्रभाव न्यून भई वित्तीय सुशासन कमजोर हुने देखिन्छ।

कानुन एवं मान्यता : महालेखाले सबै सरकारी कार्यालयको लेखापरीक्षण गरी बेरुजु औँल्याउने कानुनी व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार बेरुजु भन्नाले प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको वा बेमुनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याइएको वा ठहऱ्याइएको कारोबार सम्झनुपर्ने उल्लेख छ। यस्ता व्यहोरालाई समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गरिन्छ। सोही ऐनको दफा ३९ र ४० बमोजिम बेरुजु फर्स्योट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो। जिम्मेवार व्यक्तिले बेरुजु फर्स्योट गरेपश्चात् महालेखाबाट लगतकट्टा वा सम्परीक्षण गराउनुपर्ने व्यवस्था ऐनको दफा ३७ र ४० मा रहेको छ। लेखापरीक्षण ऐन, २०७५ मा लेखापरीक्षण भन्नाले लेखाको परीक्षण गर्ने र त्यसका आधारमा गरिने मूल्यांकन तथा विश्लेषण सम्झनुपर्छ र सो शब्दले सम्परीक्षण गर्ने कार्यलाई समेत जनाउने व्यवस्था छ। जसअनुसार लेखापरीक्षणजस्तै सम्परीक्षण गर्ने अधिकार महालेखापरीक्षकको हो भन्ने स्थापित छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम सम्परीक्षण भन्नाले आन्तरिक र अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औँल्याइएको बेरुजुको सम्बन्धमा पेस भएका स्पष्टीकरण वा प्रतिक्रियासाथ संलग्न प्रमाण तथा कागजातका आधारमा गरिने फर्स्योटसम्बन्धी कार्यलाई सम्झनुपर्छ। यसले लेखा समितिबाट प्राप्त सुझाव वा निर्देशनका आधारमा गरिने फर्स्योटलाई समेत जनाउँछ। उपर्युक्त कानुनी व्यवस्थाअनुरूप सम्परीक्षण प्रमुख रूपले महालेखाले गर्ने हो र सोबाहेक लेखा समितिले दिएको निर्देशनअनुसार गरिने फर्स्योटलाई पनि सम्परीक्षणको परिभाषामा समेटिएको छ। लेखा समितिको निर्देशनका आधारमा गरिने सम्परीक्षण पनि महालेखाले नै गर्ने व्यवस्था ऐनको दफा ४१ मा छ। सो कानुनी व्यवस्थाबमोजिम लेखापरीक्षणभित्र सम्परीक्षणसमेत पर्छ र सो कार्य महालेखाले गर्छ। लेखा समितिले सम्परीक्षण गर्ने कानुनमा उल्लेख छैन। तसर्थ, अनधिकृत रूपमा महालेखाले सम्परीक्षण गऱ्यो भन्न मिल्दैन। कानुनको परिभाषाअनुरूप नै महालेखाले सम्परीक्षण गर्ने हो।

लेखा समितिले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७, ३८, ३९ र ४० को प्रक्रिया पूरा गरी वार्षिक प्रतिवेदनमा समावेश भइसकेका बेरुजु महालेखाले सम्परीक्षण गर्न मिल्दैन भनी निर्णय एवं पत्राचार गरेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनको बेरुजु फर्स्योटसँग सम्बन्धित छ। एकातर्फ वार्षिक प्रतिवेदन पेस भइसकेपश्चात् बेरुजु सम्परीक्षण गर्न नमिल्नेबारे कानुनमा उल्लेख छैन। अर्कातर्फ ऐनको दफा ४० मा लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेरुजु फर्स्योटको व्यवस्था गरिएको छ। जुन व्यवस्था लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनका लागि नभई वार्षिक प्रतिवेदन पेस भइसकेपश्चात् बाँकी बेरुजु सम्परीक्षणका लागि उल्लेख गरिएको हो। त्यसैले, दफा ४० मा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनको सट्टा लेखापरीक्षण प्रतिवेदन शब्द प्रयोग गरिएको हो। तसर्थ, वार्षिक प्रतिवेदन पेस भइसकेपश्चात् पनि ऐनको दफा ४० बमोजिम बेरुजु फर्स्योट कार्य सम्बन्धित निकायहरूले गरिरहनुपर्छ। यसरी फर्स्योट भएको बेरुजु लगतकट्टा वा सम्परीक्षणका लागि दफा ४० (४) बमोजिम महालेखामा पठाई सम्परीक्षण वा लगतकट्टा गरिनुपर्छ। यस्तो स्पष्ट कानुनी व्यवस्थालाई नजरअन्दाज गरी लेखा समितिको निर्णय एवं परिपत्रले महालेखाको सम्परीक्षण गर्ने अधिकारमा अतिक्रमण गर्न खोजेको छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजु फर्स्योट, दफा ४० लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित बेरुजु फर्स्योट, दफा ४१ महालेखाको वार्षिक प्रतिवेदनमा समावेश बेरुजुको छलफल एवं लेखा समितिको निर्णयबमोजिम बेरुजस फर्स्योटसँग सम्बन्धित छन्। यी सबै स्वतन्त्र दफा हुन्। दफा ४१ बमोजिम महालेखाको वार्षिक प्रतिवेदनमा छलफल नभएकै कारण दफा ४० बमोजिम लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित बेरुजु फर्स्योट एवं सम्परीक्षण कार्य रोकन मिल्दैन। यसले बेरुजु बढ्छ र आर्थिक अनुशासनहीनता मौलाउँछ। नियमित रूपमा बेरुजु फर्स्योट एवं सम्परीक्षण गरिरहँदासमेत बेरुजु बढिरहेको अवस्थामा लेखा समितिको निर्णयपश्चात् मात्र लगतकट्टा गर्ने हो भने बेरुजु लगतकट्टा हुन वर्षौं लाग्छ। निकायले फर्स्योट गरिसकेका बेरुजु पनि लगतकट्टा हुँदैनन्। बेरुजुको अंक बर्सेनि बढी सरकारी संयत्र वित्तीय अनुशासनहीनताका परिचायक बन्छन्।

संसदीय समितिहरूको भूमिका नियमनकारी हो। बेरुजु सम्परीक्षण कार्यकारी कार्य हो। संसदीय समितिले कार्यकारी कार्य गर्नु संसदीय व्यवस्थाको मूल्य र मान्यताविपरीत हुन्छ। तसर्थ, लेखा समितिले कानुनी छिद्रको अपव्याख्या गरी सम्परीक्षण गर्ने अधिकार खोज्नुको बदला समयमै महालेखाको वार्षिक प्रतिवेदनउपर छलफल गर्ने, महालेखाबाट भएका लेखापरीक्षण एवं सम्परीक्षणको अनुगमन गर्ने र निर्देशन दिने कार्य गर्नु उचित हुन्छ। समितिले आफूले चाहेअनुसारको लेखापरीक्षण वा सम्परीक्षणको काम महालेखाबाट गराउने हो, आफैं लेखापरीक्षण एवं सम्परीक्षण गर्ने होइन। यसलाई नजरअन्दाज गरेमा भविष्यमा वित्तीय सुशासनको स्थिति अझै खस्किने निश्चित छ। विश्वव्यापी मान्यताअनुरूप लेखापरीक्षण पाँच चरणमा सम्पादन गरिन्छ। जसअन्तर्गत लेखापरीक्षण योजना, कार्यान्वयन, प्रतिवेदन, गुणस्तर पुनरावलोकन र अनुगमन/सम्परीक्षण पर्छन्। अनुगमन/सम्परीक्षणबेगर लेखापरीक्षण पूरा हुन सक्दैन। यो विश्वव्यापी मान्यता हो। तसर्थ, लेखापरीक्षण संस्थालाई कानुनी रूपमै सम्परीक्षणको अधिकार दिइन्छ। लेखापरीक्षण 'भुक्ने कुकुर हो टोक्ने होइन' भन्ने मान्यताअनुरूप लेखापरीक्षकले सुझाव दिन्छ एवं बेरुजु औँल्याउँछ, तर कारबाही गर्न सक्दैन। आफूले दिएको प्रतिवेदनको अनुगमन/सम्परीक्षण गर्ने अधिकारसमेत लेखापरीक्षकबाट झिकेमा लेखापरीक्षणको औचित्य समाप्त भई आर्थिक अनुशासनहीनताले प्रश्रय पाउँछ।कतिपयले बेरुजु औँल्याउने निकायले नै सम्परीक्षण गर्न मिल्दैन भन्दै तेस्रो स्वतन्त्र निकाय स्थापना गर्नुपर्ने तर्क गर्छन्। तर, सम्परीक्षण एकातर्फ लेखापरीक्षणकै एक चरण हो, भने अर्कातर्फ सम्परीक्षणका लागि पनि लेखापरीक्षण मानदण्डकै प्रयोग हुन्छ। अनुगमन/सम्परीक्षण नगर्दासम्म लेखापरीक्षण पूरा हुँदैन। तेस्रो स्वतन्त्र निकाय खडा गरे पनि त्यो समानान्तर लेखापरीक्षण संस्थाका रूपमा रहन्छ। जुन व्यावहारिक एवं मितव्ययी हुँदैन र संविधानले महालेखालाई दिएको लेखापरीक्षणको एकाधिकारविपरीत हुन्छ।

> लेखा समितिले कानुनी छिद्रको अपव्याख्या गरी सम्परीक्षण गर्ने अधिकार खोज्नुको बदला समयमै महालेखाको वार्षिक प्रतिवेदनउपर छलफल गर्ने, महालेखाबाट भएका लेखापरीक्षण एवं सम्परीक्षणको अनुगमन गर्ने र निर्देशन दिने कार्य गर्नु उचित हुन्छ

अन्तर्राष्ट्रिय अभ्यास : सर्वोच्च लेखापरीक्षण संस्थाको अन्तर्राष्ट्रिय संगठनको मेक्सीको घोषणापत्र २००७ ले सर्वोच्च लेखापरीक्षण संस्थाको स्वतन्त्रतासम्बन्धी आठ सिद्धान्तको प्रतिपादन गरेको छ। ती सिद्धान्त विद्यमान नरहेको अवस्थामा कुनै पनि देशको लेखापरीक्षण संस्थाले प्रभावकारी रूपमा काम गर्न सक्दैन। आर्थिक अनुशासन, पारदर्शिता एवं जवाफदेहिता प्रवर्द्धनमा लेखापरीक्षणले योगदान दिँदैन। आठ सिद्धान्तमध्ये सातौं सिद्धान्तले सर्वोच्च लेखापरीक्षण संस्थामा आफूले औँल्याएका व्यहोरा कार्यकारीले कार्यान्वयन गरे-नगरेको सुनिश्चित गर्ने प्रभावकारी अनुगमन/सम्परीक्षणको व्यवस्था हुनुपर्ने उल्लेख छ। जसमा नेपालले समेत प्रतिबद्धता जनाएको छ। यदि महालेखाको सम्परीक्षण गर्ने अधिकार झिक्ने वा अंकुश लगाउने हो भने, त्यो अन्तर्राष्ट्रिय प्रतिबद्धताविपरीत हुन्छ।

राज्यको सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (पेफा) मूल्यांकन गर्ने अन्तर्राष्ट्रिय प्रचलन छ। पेफा मूल्यांकनको सूचकांक नम्बर ३०.३ मा बाह्य लेखापरीक्षणले औँल्याएका व्यहोराको अनुगमन/सम्परीक्षण गर्ने व्यवस्थाको मूल्यांकन हुन्छ। यदि लेखा समितिबाट भएका निर्णय एवं परिपत्रका आधारमा महालेखाले सम्परीक्षण नगर्ने हो भने, सो सुचकांकमा अंक प्राप्त हुँदैन। जसले गर्दा सार्वजनिक वित्तीय प्रणाली खस्केको मूल्यांकन प्रतिवेदन पेस भई अन्तर्राष्ट्रिय जगत् एवं दातृ समुदायमाझ नेपालको विश्वास गुम्छ। यसैगरी, सर्वोच्च लेखापरीक्षण संस्थाको कार्यसम्पादन मूल्यांकन फ्रेमवर्क, २०१६ अनुसार सर्वोच्च लेखापरीक्षण संस्थाको कार्यसम्पादन मूल्यांकन गर्ने प्रचलन छ। सो फ्रेमवर्कको सूचकांक नम्बर ११.३, १४.३, १७.३ मा वित्तीय, कार्यमूलक र परिपालना लेखापरीक्षणबाट औँल्याएका व्यहोराको अनुगमन/सम्परीक्षण गर्ने व्यवस्था एवं सोको कार्यान्वयन मूल्यांकन गर्ने गरिन्छ। यदि महालेखाले सम्परीक्षण नगरेमा सो सूचकांकमा अंक प्राप्त हुँदैन। फलस्वरूप नेपालको सर्वोच्च लेखापरीक्षण संस्था प्रभावकारी एवं स्वतन्त्र नरहेको सन्देश अन्तर्राष्ट्रिय समुदायमा जान्छ।

निष्कर्ष एवं सुझाव : वर्तमान सन्दर्भमा सम्परीक्षण गर्न महालेखा अनुदार भएको, ऐन तथा नियमावलीको अधिकारबमोजिम लेखा समितिले गरेका निर्णय तथा लेखा उत्तरदायी अधिकृतबाट नियमित गरिएका बेरुजु पनि महालेखाबाट सम्परीक्षण गरी लगतकट्टा नगर्ने, सम्परीक्षण गर्दा कर्मचारीबाट आचरणविपरीतका कार्य हुनेलगायत गुनासा सुनिन्छन्। प्रत्येक वर्ष देखिएको बेरुजु वार्षिक प्रतिवेदन पेस हुनुअगावै फर्स्योट गरी लगतकट्टा गराउनुपर्ने हो। तर, कथंकथाचित बेरुजु एक वर्षभित्र फर्स्योट हुन सकेन भने पनि बेरुजु फर्स्योट एवं लगतकट्टा गर्ने प्रक्रियालाई रोक्न मिल्दैन र सो कार्य लेखा समिति वा अन्य निकायले गर्न पनि मिल्दैन। वार्षिक प्रतिवेदनमा उल्लेखित व्यहोरा स्वीकार गरी कार्यान्वयन भएका बेरुजु महालेखाबाट निरन्तर रूपमा सम्परीक्षण गर्ने, वार्षिक प्रतिवेदनमा समावेश, तर महालेखा र लेखापरीक्षण गराउने निकायको राय बाझिएको विषयमा लेखा समितिको छलफलपश्चात् मात्र सम्परीक्षण गर्ने, लेखा समितिले वार्षिक प्रतिवेदनमा समावेश व्यहोरा समयमै छलफल गर्ने, समितिबाट हुने निर्णयमा महालेखाको संलग्नता अभिवृद्धि गर्ने, नियमित रूपमा बेरुजु फर्स्योटको अनुगमन गर्ने, गलत तवरले फर्स्योट एवं सम्परीक्षण गरेकोमा पुनरावलोकन गर्न निर्देशन दिनेलगायत कार्य गर्न आवश्यक छ। अन्तर्राष्ट्रिय मान्यताविपरीत सम्परीक्षण गर्ने कार्यकारी कार्यमा लेखा समितिले अतिक्रमण गर्नु प्रत्युत्पादक हुन्छ।

(डोटेल पूर्वउपमहालेखापरीक्षक हुन्)



---

३ प्रश्न

साइबर कानुनका विज्ञ **प्रा. किशोर सापकोटा**लाई



टिकटक बन्द गर्ने सरकारको निर्णय कस्तो लाग्यो ?

सम्भावित खतरा रोक्ने वैकल्पिक उपाय नपनाई तथा अन्य बाटाहरू अवलम्बन नै नगरी टिकटक बन्द गर्नु गलत हो। हामीसँग सामाजिक सञ्जालमा हुने विकृति रोक्न विभिन्न कानुन छन्। हाल साइबर तथा गाली बेइज्जतीसम्बन्धी कानुन प्रयोग गरेर सामाजिक सञ्जालमाथि निगरानी गरिएको पाइन्छ। तर, सरकारले अन्य कानुन निर्माण र निगरानीका काम छाडेर टिकटक नै बन्द गर्नु राम्रो होइन। यो त सरकारले आफ्नो कमजोरी लुकाउन 'अट्याक' गरेजस्तो देखिन्छ। बन्द गर्नुभन्दा पहिले अन्य सम्भावनाबारे विचार गर्नुपर्ने थियो।

साइबर सुरक्षामा टिकटकलगायत सामाजिक सञ्जाल कति खतरा हुन सक्छन् ?

टिकटकबाट साइबर सुरक्षाको 'थ्रेट' हुँदैन। बरु सामाजिक सद्भाव बिग्रन वा बिथोलिन सक्छ। तर, यसले साइबर सुरक्षामै थ्रेट ल्याउने भन्ने हुँदैन। विकृति रोक्न कानुन निर्माण गर्नुपर्छ। यसरी टिकटक बन्द गर्नुमा शीर्ष नेतृत्वमा अमुक राजनीतिक दल या नेता छिटो लोकप्रिय हुने भए भन्ने भयले काम गरेको देखिन्छ।

सामाजिक सञ्जाल बन्दको विकल्प के हुन सक्छ ?

सामाजिक सञ्जाल बन्द गर्ने होइन, बरु यसका माध्यमबाट गलत गर्नेलाई कारबाही गर्न कानुन निर्माण गरी कारबाहीको दायरामा ल्याउने हो। तर, नेपालमा हालसम्म पनि सामाजिक सञ्जालसम्बन्धी कानुन बनेको छैन। त्यसकारण, अब यससम्बन्धी कानुन निर्माणमा सरकारले बढी चासो दिन जरुरी छ। कानुन भयो भने विकृति हट्दै जान्छन्। केहीलाई कारबाही गर्नेबित्तिकै अन्य व्यक्तिले तर्सिएर पनि गलत गर्दैनन्।

प्रेरक प्रसंग

प्रोत्साहनको महत्त्व

धेरै समयअघिको कुरा हो, १९औं शताब्दीका चर्चित चित्रकार दाँते गेब्रियल रोजेटीसामु एक अधबैंसे मानिस पुगे। ती अधबैंसेका साथमा केही स्केच र चित्र थिए। उनी ती स्केच र चित्र रोजेटीलाई देखाएर त्यसबारे उनको सुझाव लिन चाहन्थे। उनी ती चित्र राम्रा छन् कि छैनन् र चित्रकारमा कुनै क्षमता छ कि छैन भनेर जान्न चाहन्थे।

रोजेटीले ध्यापूर्वक ती स्केच र चित्र हेरे। हेर्नासाथ उनले ती चित्र कुनै कामका छैनन् भन्ने बुझे। साथै, त्यस्ता रद्दी चित्र बनाउने व्यक्तिमा कलाकारिताको कुनै सम्भावना छैन भन्ने पनि उनलाई थाहा भयो। रोजेटी ती अधबैंसेलाई दुःखी बनाउन पनि चाहँदैनथे र झुटो तारिफ गरेर उसलाई खुसी पार्न पनि सक्दैनथे। त्यसैले, उनले बडो भद्रतापूर्वक भने- यी चित्रमा खास कुरा केही छैन। यी चित्र बेकामे छन्। ती अधबैंसेले सायद उनले पहिले नै यस्तै जवाफको अपेक्षा गरिसकेका थिए। त्यसैले, उनी त्यति धेरै निराश भएनन्।

उनले रोजेटीसँग उनको महत्त्वपूर्ण समय बर्बाद गरेकोमा क्षमा मागे। उनले फेरि पनि एक विद्यार्थीले बनाएका थप केही चित्र हेरिदिन र तिनमा कुनै सम्भावना छ कि छैन भनेर सुझाव दिन अनुरोध गरे। रोजेटी तत्काल त्यसका लागि तयार भए र उनी एउटा पुराना फाइलमा भएका चित्र हेर्न थाले।



रोजेटीले खुसी प्रकट गर्दै भने- आहा ! यी चित्र त बडो सुन्दर छन्। यी विद्यार्थीमा निकै राम्रो क्षमता छ। यिनलाई सम्भव भएसम्मको प्रोत्साहन दिनुहोस्। यदि यो विद्यार्थीले लगातार यसैगरी मन लगाएर चित्र सिर्जना गर्दै गयो भने ऊ एक दिन एक महान् चित्रकार बन्ने निश्चित छ। रोजेटीको कुरा सुनेर ती अधबैंसेका आँखा आँसुले भरिए। रोजेटीले प्रश्न गरे- यी विद्यार्थी को हुन् ? तपाईंका छोरा हुन् कि ? उनले जवाफ दिए- होइन, यो म नै हुँ। ३० वर्षअघि तपाईंले झैं मलाई कसैले प्रोत्साहित गरेको भए आज यसरी पछुताउनुको साटो म एक सुखी जिन्दगी बाँचिरहेको हुने थिएँ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

टिकटक किन बन्द ?

सरकारले टिकटक बन्द गरेको छ। टिकटकमार्फत जनमानसमा नराम्रो असर पार्ने खालका अश्लील र अराजक सामग्री फैलाउनेलाई कारबाही गर्न सरकारलाई कुनै बाधा थिएन। तर, उसले नियमन गर्नुको साटो सीधै बन्द गरेको छ। टिकटकजस्ता सामाजिक सञ्जाल नियमनका विभिन्न विधि हुन सक्छन्। सरकारले ऐन, कानुन या नियमावली बनाएर त्यसको प्रस्ट र प्रभावकारी नियमन गर्न सक्छ र सक्नु पनि पर्छ। आज विश्व डिजिटल सेवामाथि भर पर्दै गइरहेको अवस्थामा टिकटक आफैँमा एउटा भरपर्दो मञ्च बनेको छ। मानिसहरूले टिकटकमार्फत आफ्ना खुबी देखाउन पाएका छन्। तीमध्ये कसैले गलत काम गऱ्यो भने उसलाई रोक्ने हो, टिकटकलाई दोष दिएर बन्द गर्ने होइन।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
2213ncw@gmail.com

राजधानीलाई ब्युँझाउने कसले ?

'सम्साँझै सुत्छ राजधानी' शीर्षकको मुख्य समाचार पढेपछि केही लेख्न मन लाग्यो। राजधानी काठमाडौंलगायत प्रमुख सहरबजार साँझ पर्दानपर्दै सुनसान देखिनु अलि अनौठै हो। झन् साँझ पर्दानपर्दै सार्वजनिक सवारीसाधन अप्राप्य हुनुले पनि साँझको समयमा राजधानी काठमाडौंको यात्रा निकै कष्टकर हुने प्रस्ट छ। तर, यस्तो समस्यातिर राजधानीका हर्ताकर्ताहरूको ध्यान गएको छैन। सम्साँझै सुत्ने राजधानीलाई ब्युँझाउने कसले ? यसतर्फ हर्ताकर्ताको ध्यान अविलम्ब जाओस्।

● **अमृता कायस्थ**
सोल्टीमोड, काठमाडौं

सुरक्षा निकायको लापरबाही

चितवन राष्ट्रिय निकुञ्जको सुरक्षा पोस्टबाट झन्डै साढे तीन किलोमिटरको दूरीमा तस्करले खाडल खनेर धराप थापी दुईवटा गैँडालाई मारेको समाचार पढ्दा दुःख लाग्यो। तिनै गैँडाको सुरक्षाका लागि भनी स्थापना गरिएको सुरक्षा पोस्टनजिकै यसरी दुर्लभ वन्यजन्तु गैँडा मारिँदा पनि सुइँको नपाउने सुरक्षा निकाय यो देशलाई किन चाहियो ? तिनले देशको ढुकुटीबाट तलबभत्ताचाहिँ किन बुझ्छन् ? जब दुर्लभ वन्यजन्तुको सुरक्षा गर्न सक्दैनन् भने तिनलाई राज्यले किन पालिराख्ने ?

● **सुमी चौधरी**
टाँडी, चितवन

भूकम्पपीडितको व्यवस्थापन कहिले ?

जाजरकोट भूकम्प गएको दुई साताभन्दा बढी नाघिसक्दा पनि सरकारले भूकम्पपीडितको उचित व्यवस्था मिलाउन नसकेको देख्दा दुःख लाग्छ। भूकम्पपीडित पीडामा छन्, सरकार अल्याङढल्याङ गर्दै छ। चिसोले कठ्यांग्रिएर मानिसको मृत्यु हुन थालिसकेको छ। तर, सरकारले अझै तिनलाई न्यानोमा बस्ने व्यवस्था मिलाउन सकेको छैन।

आखिर भूकम्पपीडितप्रति राज्य किन गैरजिम्मेवार बन्दै छ ? देश र जनताप्रति सरकारको दायित्व केही छैन ? के सरकारका हर्ताकर्ताहरूको दायित्व भनेको भाषण गर्ने र भ्रम छर्ने मात्र हो ? होइन भने भूकम्पपीडितलाई राहत वितरणमा समेत राजनीति किन गरिँदै छ यहाँ ? पीडितको पीडामा मलम लगाउनुपर्नेमा झनै नुनचुक दल्ने काम स्थानीयदेखि केन्द्रीयस्तरका नेताहरूले नै किन गरिरहेका छन्। भूकम्प प्रभावित क्षेत्रमा मरेका चौपायाको उचित व्यवस्थापन नगर्दा त्यहाँ गम्भीर रोगको महामारी फैलिन सक्छ। तर, राज्य र सम्बन्धित निकायको किन त्यता ध्यान गएको छैन ?

जाजरकोट भूकम्पपछि नेताहरूको लर्को नै लागे पनि त्यहाँ तिनले आवश्यकताअनुरूप राहत पठाउन सकेका छैनन् या तदारुकता देखाएका छैनन्। के दुईवटा जिल्ला प्रभावित हुँदा पनि त्यहाँ राहत पुऱ्याउन नसक्ने गएगुज्रिएको अवस्थामा पुगिसकेको हो हाम्रो राज्य ? नत्र किन पीडितले सामान्य त्रिपाल, न्यानोका लागि ओढ्ने कम्बललगायतका न्यूनतम आवश्यकताका सामग्रीसमेत हात पार्न सकेका छैनन् ? फेरि नेताको प्रभावअनुसार कतैचाहिँ फालाफाल हुने र कतैचाहिँ हाहाकार हुने अवस्था किन आइरहेको छ ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

जलवायु संकटबाट प्रभावित बन्दै खेलकुद क्षेत्र

खेलकुद क्षेत्र जलवायु संकटबाट पीडित मात्र नभई यो वातावरणका लागि पीडक पनि बनेको छ



देश/विदेश
● जेन्स क्रेपाला

क्रिकेट विश्वकपमा बंगलादेशले श्रीलंकालाई हराउँदा दिल्लीको अरुण जेट्ली स्टेडियम तुँवालोले ढाकिएको थियो। वायुको खतरनाक गुणस्तरका कारण प्रशिक्षण सत्र रद्द भए पनि खेलाडीले खेल भने खेलेकै थिए। दिल्लीको वायु गुणस्तर सूचकांक अस्वस्थ र खतरनाकका बीचमा उतारचढाव गरिरहेको थियो र त्यसवेला सम्भावित स्वास्थ्य जोखिमका कारण बाह्य गतिविधिलाई निरुत्साहित गरिएको थियो।

ओलम्पिक्स आयोजनाको भारतीय इच्छामा तुषारापात : तुँवालो पावरप्लान्ट, सवारीसाधन र सूर्यको किरण एवं तापसँग प्रतिक्रिया गर्ने अन्य स्रोतबाट निम्तिने प्रदूषणको परिणाम हो। र, यसले जलवायु परिवर्तन र तापक्रम वृद्धिमा योगदान पुऱ्याउँछ। भारतमा रहेका क्रिकेट स्टार अहिले हानिकारक पदार्थ अर्थात् ठोस कण र हावामा उपस्थित तरल थोपालाई श्वासका रूपमा लिन बाध्य छन्। केही ससाना कण फोक्सोको गहिराइ र रक्तप्रवाहमा पनि प्रवेश गर्न सक्छन्। २.५ माइक्रोमिटरभन्दा कम व्यास भएको पिएम २.५ पनि भनिने सूक्ष्म कणले सबैभन्दा बढी स्वास्थ्य जोखिम निम्त्याउँछ। दिल्लीमा हालको पिएम २.५ स्तर एक सय ८४ माइक्रोग्राम प्रतिघनमिटर छ जुन विश्व स्वास्थ्य संगठनको अधिकतम सीमाभन्दा १२ गुणा बढी हो। आयोजकले विश्वकपका खेलमा आइपर्ने चुनौतीलाई सम्बोधन गर्न ड्रेसिङरुममा एयर प्युरिफायर (वायु शुद्धीकरण गर्ने यन्त्र) राखेर पिचमा वाटर मिस्टिङ (प्रदूषण कम गर्न पानीको पातलो फोहरा छोड्ने) गर्ने प्रयास गरिरहेका छन्। भारतका क्रिकेट कप्तान रोहित शर्माले खेलको समयमा खराब हावाको गुणस्तरका मामिलामा आदर्श अवस्था नरहेको स्वीकार गरेका छन् र उनी सम्बन्धित निकायका अधिकारीले यस मुद्दालाई सम्बोधन गर्न आवश्यक कदम चाल्नेमा विश्वस्त छन्।

सन् २०३६ को ओलम्पिक्स खेलकुद आयोजना गर्न चाहने उदीयमान खेलकुद राष्ट्र भारतलाई मौजुदा क्रिकेट विश्वकपका समस्याले चुनौती पेस गरेको छ। त्यसमाथि तुँवालोले ढाकिएको दिल्लीको छविले चुनौती थपेको छ।

गर्मी, तुँवालो, कृत्रिम हिउँ : पर्यावरण र जलवायु परिवर्तनका कारण उत्कृष्ट खेल प्रभावित हुनु सामान्य बन्दै गएको लेखक डेभिड गोल्डब्लेटले डिडब्लुलाई बताए। उनी भन्छन्, 'अस्ट्रेलियन ओपन गर्मीको लहर चलेका वेला खेलिएको थियो र त्यसवेला हजारौं मानिसलाई गर्मीसम्बद्ध समस्याको उपचार गर्नुपरेको थियो। त्यसैगरी, टोकियो ओलम्पिक्स २०२० मा बाह्य स्थानमा हुने पौडीमा खेलाडीले घातक ३० डिग्री सेल्सियस तापमान भएको पानीमा पौडिनुपरेको थियो।' फुटबल फर फ्युचरका सहसंस्थापक गोल्डब्लेट खेलकुदमा रूपान्तरणको पैरवी गर्छन्। खेलकुदले अथाह वृद्धिबाट जोगिनुपर्ने र परिवर्तनशील विश्वमा अनुकूलन गर्न किफायती मोडेललाई अँगाल्नुपर्ने उनको तर्क छ। वृद्धि र न्यूनीकरणबीचको द्वन्द्व जलवायु संकटबाट बढी प्रभावित खेल स्किइङमा सबैभन्दा बढी देखिन्छ। खेलकुदको अन्तर्राष्ट्रिय प्रशासकीय निकायले हालको विश्वकप क्यालेन्डरलाई विस्तार गर्ने लक्ष्य राखेको आलोचना बढिरहेको छ। 'हामी जलवायु परिवर्तनलाई अस्वीकार गर्न सक्दैनौं, तसर्थ हामीले अनुकूलन गर्नैपर्छ,' अस्ट्रियाली संघका महासचिव क्रिस्टियन स्किरर बताउँछन्।

सन् २०३० विश्वकप : 'प्रतीकात्मक बहुलट्ठीपन' : खेलकुद क्षेत्र जलवायु संकटबाट पीडित मात्रै होइन, तालिम, प्रतिस्पर्धा र ओलम्पिक्सजस्ता ठूला समारोहमा खेल्ने कारमा ओहोरदोहोर गरिरहने सोखिन खेलाडीका


तस्बिर : अरुण शंकर/एएफपी

कारण खेलकुद क्षेत्र वातावरणको पीडक पनि हो। गोल्डब्लेटले सन् २०३० को फुटबल विश्वकपलाई 'प्रतीकात्मक बहुलट्ठीपन'को संज्ञा दिएका छन्। उरुग्वेमा एक फुटबल प्रशंसकका रूपमा विश्वकपको उद्घाटन हुँदै गर्दा खुसी भए पनि तीन महाद्वीपमा एक सय पाँच खेल हुने प्रतियोगिताको वातावरणीय मूर्खताको आलोचना गर्छन्। अन्तर्राष्ट्रिय ओलम्पिक समिति र फिफाजस्ता खेलकुद संघले कार्बन क्षतिपूर्ति कार्यक्रमको कोषमार्फत आफ्ना कार्यक्रमलाई 'जलवायु-अनुकूल' वा 'जलवायु-तटस्थ' भन्दै प्रचार गर्ने प्रयास गरे पनि गोल्डब्लेटले यसलाई अकल्पनीय रणनीति भन्दै आलोचना गरेका छन्। विडम्बना, फिफा र अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी दुवैले विश्व जलवायु सम्मेलनको हिस्साका रूपमा जलवायु संरक्षणका लागि प्रतिबद्ध रहेको जनाएका छन्। खेलकुद कार्य योजनाको घोषित लक्ष्यअनुसार हरितगृह ग्यास उत्सर्जन २०३० सम्ममा आधा र २०४० सम्ममा शून्यमा झार्ने नीति रहेको छ। यही नोभेम्बरको अन्त्यताका दुबईमा हुन गइरहेको कोप २८ विश्व जलवायु सम्मेलनमा यसबारे थप संवाद हुनेछ।

थप मुखर मत आवश्यक : क्रिकेटको सञ्चालक निकाय आइसिसीले अहिलेसम्म राष्ट्रसंघको कार्य योजनामा हस्ताक्षर गरेको छैन, तर आफ्नै दिगोपना लक्ष्य भने तोकेको छ। धुवाँले ढाकिएको विश्वकपले खेलकुदलाई वातावरण संरक्षणमा अगुवा बन्न कति आवश्यक छ भन्ने देखाउँछ। त्यसकारण खेलकुद वृत्तबाटै मुखर मत आवश्यक छ भन्नेमा गोल्डब्लेटले जोड दिएका छन्। 'हामीलाई मार्कस ऱ्यासफोर्ड चाहिएको छ' गोल्डब्लेट भन्छन् (ऱ्यासफोर्ड इंग्लिस फुटबल खेलाडी हुन् र उनी सक्रियतापूर्वक जलवायु अभियानमा लागेका छन्)। 'हामीलाई फुटबल र क्रिकेटमा बोल्ने मानिस चाहिएको छ । भारतीय क्रिकेटर कहाँ छन् ? को मुखर हुने ? कसले भारतीय राजनीतिमा आफ्नो मतलाई बलियो बनाउने ?' गोल्डब्लेट थप्छन्। यति भन्दै गर्दा केही खेलाडी मुखर पनि भएका छन्। अस्ट्रेलियाका क्रिकेट कप्तान प्याट कमिन्सले क्रिकेटमा जलवायुको प्रभावलाई लिएर मुखर ढंगले आवाज उठाएका छन् र यसबारे अस्ट्रेलियाली क्रिकेटसँग मिलेर काम गरेका छन्। यदि जलवायुमा काम नगर्ने हो भने 'हामीले प्रेम गर्ने खेल अन्त्य हुनेछ,' कमिन्स बताउँछन्।

(क्रेपाला सम्पादक, रिपोर्टर र लेखक हुन्)
डिडब्लुबाट

बहुयुद्ध र बहुराष्ट्रिय भूराजनीति

मध्यपूर्वको राजनीतिलाई हल्लाउने हमासको इजरायलमाथिको आक्रमण र युक्रेनमा जारी रुसी युद्धले विश्वलाई थप बहुध्रुवीयतातर्फ धकेल्दै लगेको छ



● मार्क लियोनार्ड

(युरोपेली परिषद्का विदेश सम्बन्धका निर्देशक लियोनार्ड 'द एज अफ अनपिस : हाउस कनेक्टिभिटी कजेज कन्फ्लिक्ट'का लेखकसमेत हुन्)

संयुक्तराज्य अमेरिकामा 'युरोपियन काउन्सिल अन फरेन रिलेसन्स'को नयाँ कार्यक्रमको उद्घाटनका लागि वासिङ्टनको यात्रामा रहँदा मैले गत हप्ताको अधिकतर समय दुई काममा बिताएँ : ह्वाइट हाउस, रक्षा र विदेश विभाग(मन्त्रालय)का अधिकारीहरूसँग विश्वको अवस्थाबारे कुरा गरेर अनि इसिएफआरको पछिल्लो विश्वव्यापी जनमत सर्वेक्षणको नतिजाबारे घोत्लिएर। मलाई सबैभन्दा बढी अचम्म लागेको कुराचाहिँ के भने, अमेरिका युक्रेनमाथिको रुसी आक्रमण र इन्डो-प्यासिफिक क्षेत्रमा चीनको अतिक्रमणविरुद्ध सहयोगी एवं मित्रराष्ट्रहरूलाई एकताबद्ध गर्न सफल भए तापनि अमेरिकी अधिकारीहरू विकसित पछिल्ला अन्तर्राष्ट्रिय परिस्थितिबारे गहिरो रूपमा अनिश्चयमा रहेछन्।

सन् २०२२ को फेब्रुअरीमा जब रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनमाथि आक्रमणको आदेश दिए, राष्ट्रपति जो बाइडनले तत्कालै यसलाई नियममा आधारित विश्व व्यवस्थामाथिको आक्रमणको रूपमा निन्दा एवं भर्त्सना गरे। उनले संशोधनवादी निरंकुशताका विरुद्ध विश्वका लोकतन्त्रहरूलाई परिचालन गर्न ठूलो मिहिनेत गरे। उनको प्रशासनले अहिले एटलान्टिक र इन्डोप्यासिफ क्षेत्रका आफ्ना सहयोगी(मित्र)हरूबीच नयाँ सम्बन्ध निर्माण गर्ने दिशामा हासिल गरेको प्रगतिमा गर्व गर्नु पनि उचितै हो।



जापान, अस्ट्रेलिया र दक्षिण कोरियाले युक्रेनको प्रत्याक्रमण प्रयासमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन्। दक्षिण कोरियाले त युक्रेनलाई यति धेरै गोलाबारुद आपूर्ति गरेको छ कि ह्वाइटहाउसका अधिकारीहरूले पूर्वी युक्रेनमा जारी प्रत्याक्रमणलाई 'दक्षिण कोरियाली प्रत्याक्रमण' उल्लेख गर्न थालेका छन्। यसबीच अमेरिकाका युरोपेली मित्रराष्ट्रहरूचाहिँ इन्डोप्यासिफिक र ताइवानसँग बढी संलग्न भएको देखिन्छ। अमेरिकाले युक्रेनको सहयोगलाई निरन्तरता दिँदैगर्दा एसियामा आफ्नो गठबन्धनलाई मजबुत पनि बनाइरहेको छ। यो नतिजा बाइडेनको फराकिलो विश्व दृष्टिकोणअनुरूपकै देखिन्छ। लोकतान्त्रिक मुलुकहरूको एकीकृत यो खेमाले अहिले रुस र चीनको सामना गरिरहेको छ।

जापान, अस्ट्रेलिया र दक्षिण कोरियाले युक्रेनको प्रत्याक्रमण प्रयासमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन्। दक्षिण कोरियाले त युक्रेनलाई यति धेरै गोलाबारुद आपूर्ति गरेको छ कि ह्वाइटहाउसका अधिकारीहरूले पूर्वी युक्रेनमा जारी प्रत्याक्रमणलाई 'दक्षिण कोरियाली प्रत्याक्रमण' उल्लेख गर्न थालेका छन्।

तर, अहिले यो दृष्टिकोणलाई दुई मोर्चामा चुनौती दिइँदै छ। पहिलो, इजरायलले गाजामाथि गरिरहेको हमालाले गर्दा युक्रेनमाथिको रुसी आक्रमणलाई हेर्ने दृष्टिकोणमाथि समेत प्रश्न उठाइरहेको छ। पहिलेदेखि नै ग्लोबल साउथ (र पश्चिममा)का धेरैले युक्रेन युद्धलाई विश्वका धेरै द्वन्द्वमध्ये एक मात्र हो भनेर तर्क गरिरहेका थिए, गरिरहेका छन्। अमेरिकी अधिकारीहरू राजनीतिक ध्यान र युद्धसामग्रीलाई लिएर यो नयाँ प्रतिस्पर्धाका बारेमा चिन्तित छन्। यो चिन्ता तब बढ्नेछ जब मध्यपूर्वको द्वन्द्व चर्किनेछ। अथवा अझ अशुभ रूपमा भन्दा, एउटा ठूलो घरेलु आतंकवादी घटनालाई उत्प्रेरित गर्नेछ। पुटिनको युक्रेनमाथिको आक्रमणले पश्चिमलाई एक ठाउँमा ल्याइदिएको भए पनि इजरायल-प्यालेस्टाइनको प्रश्नमा बाह्य र आन्तरिक विभाजनले यो एकता टुक्र्याउने खतरा छ।

दोस्रो, २१ देशका २५ हजार मानिसहरूमाझ गरिएको हाम्रो सर्वेक्षणमा अधिकांश उत्तरदाताहरूले बाइडनको शैली वा दृष्टिकोणलाई अस्वीकार गरे। यसको अर्थ उनीहरू लोकतन्त्र र निरंकुशताको पक्षमा विभाजित पक्षमध्ये एकलाई छनोट गर्नुपर्ने कुरा स्वीकार गर्दैनन्। यसको सट्टा, अधिकांश देशका बहुमत उत्तरदाता आफू 'ए ला कार्टे (बहुध्रुवीय) विश्वमा' बाँचिरहेको विश्वास गर्छन्। हुन त, थुप्रै मानिस पश्चिमका लोकतान्त्रिक मूल्य-मान्यताप्रति आकर्षित छन्, तर उनीहरू कुनै विशेष मोडेलको पूर्ण अनुकरणको सट्टा विभिन्न प्रणालीहरूबाट आफूलाई मन पर्ने तत्त्वहरूको चयन र छनोट रुचाउँछन्।

फलस्वरूप संसारभरका मानिस युरोपेली नरम शक्तिको प्रशंसा गर्छन्। अमेरिकी सुरक्षा प्रत्याभूतिको कदर गर्छन् र चीनलाई सबभन्दा आकर्षक आर्थिक साझेदारको रूपमा हेर्छन्। छान्नु नै पर्दा अधिकांश उत्तरदाताले अझै पनि चीनभन्दा अमेरिकालाई नै रोज्नेछन्। तर, यस्तो छनोटको सामना गर्नुपर्ने कुरामा धेरै कमले मात्रै विश्वास गर्छन्। यसर्थ, अधिकांशले पश्चिमी मूल्य-मान्यताका लागि युक्रेनले लडिरहेको युद्धको प्रशंसा गर्छन्, तर पश्चिमले लिएको युद्धका लक्ष्यहरू उनीहरूलाई मन परेको छैन। बरु, युक्रेन पराजय नै भए पनि होस्, तर जतिसक्दो चाँडो यो द्वन्द्व अन्त्य होस् भन्ने चाहन्छन् उनीहरू। बाइडेन प्रशासनका लागि अझ बढी चिन्ताको विषय के छ भने ताइवानलाई लिएर अमेरिका र चीनबीच युद्ध भएमा अधिकांश युरोपेलीहरू तटस्थ रहन रुचाउँनेछन्।

पश्चिमका धेरैको धारणा नियममा आधारित विश्व व्यवस्थाबाट लाभ उठाएका देशहरू यसको प्रतिरक्षामा अरू पनि सामेल भइदिऊन् भन्ने चाहन्छन् भन्ने छ। तर, इन्डोनेसिया र दक्षिण अफ्रिकाले परिस्थितिलाई फरक तरिकाले हेर्छन्। उनीहरूले बहुपक्षीय संस्थाहरूको विघटनलाई स्वागत गर्नेछन्। सधैँ ठूला शक्तिहरूको पक्षपोषण गर्ने, आफूहरूलाई दयाको पात्रका रूपमा हेर्ने र आफ्नो पर्याप्त प्रतिनिधित्व नभएका यस्ता अन्तर्राष्ट्रिय संस्था विघटनमा उनीहरू खुसी नै हुनेछन्। मानिसहरू विश्वमा विकल्प चाहन्छ। यसैले सबैभन्दा ठूला संशोधनवादी शक्ति रुस र चीन वास्तवमा विकल्प दिने सवालमा स्थापित शक्तिहरूजत्तिकै आकर्षक हुनु आवश्यक छैन।

निसन्देह, मैले भेटेका धेरैजसो अमेरिकी नीति-निर्माताहरूले खासगरी सैन्य सन्दर्भहरूमा अझै पनि ग्लोबल साउथको सान्दर्भिकतामाथि प्रश्न उठाएका छन्, विशेषगरी अमेरिकाले उन्नत लोकतन्त्रबीचको सम्बन्धलाई बलियो बनाएको अहिलेको अवस्थामा। तर, जनसांख्यिकीय, आर्थिक र सैन्य दृष्टिले ग्लोबल साउथका धेरै देश थप महत्त्वपूर्ण हुँदै गएका छन्। यो कुरालाई नकार्न सकिँदैन। यदि उनीहरूले अमेरिका र चीनमध्ये एकलाई रोज्न आवश्यक ठानेनन् भने, विश्व चाँडै बहुध्रुवीय हुनेछ।

अमेरिकाले आफ्ना मित्र र सहयोगीहरूलाई विवाहका पक्षका रूपमा हेर्छ। तर, ती साझेदारमध्ये धेरैचाहिँ आफूहरू बहुसम्बन्धको संसारमा बाँचिरहेको विश्वास गर्छन्, जहाँ लाभहानिका आधारमा साझेदार नियमित रूपमा परिवर्तन हुन सक्छन्। अमेरिकी नीति-निर्माताहरू भारतसँग यसमा अभ्यस्त हुन सक्लान्, तर चीन र रुसतर्फ लहसिएर इजरायल वा साउदी अरेबियाले एकाएक सम्बन्धविच्छेद गरे भनेचाहिँ उनीहरू के भन्छन्? ताइवानको संवेदनशील र महत्त्वपूर्ण मुद्दामा युरोपेलीले समेत आफ्ना विकल्प खुला राख्न चाहनेछन्।

-प्रोजेक्ट सिन्डिकेटबाट

गाजाको विद्यालयमा इजरायली सेनाको हमला, कम्तीमा ५० को मृत्यु

गाजा सिटी / इजरायलले उत्तरी गाजापट्टीको एक विद्यालयमा बमबारी गर्दा कम्तीमा ५० जना प्यालेस्टिनीको मृत्यु भएको छ। राष्ट्रसंघद्वारा सञ्चालित अल-फाखौरा विद्यालयमा भएको हमलामा दर्जनौँ घाइते भएका प्यालेस्टिनी स्वास्थ्य स्रोतलाई उद्धृत गर्दै अलजजिराले जनाएको छ।

जबालिया शरणार्थी शिविरमा रहेको उक्त विद्यालयमा इजरायलले गरेको भीषण आक्रमणपछि कम्तीमा १०० जनाको शव इन्डोनेसियाली अस्पतालमा सारिएको सिन्हवाले जनाएको छ।

विद्यालयभित्रबाट शव निरन्तर फेला परिरहेको र ठूलो संख्यामा रहेका घाइतेहरूको अवस्था गम्भीर रहेकाले मृतकको संख्या बढ्ने अनुमान गरिएको छ। प्रत्यक्षदर्शीका अनुसार उक्त विद्यालयमा सयौँ विस्थापितले आश्रय लिएका र इजरायली सेनाको तीव्र हवाई आक्रमणमा परी उनीहरूको हताहत भएको हो।

इतिहासमा आज



सन् १९७७ : इजिप्टका राष्ट्रपति अनवर सदातले इजरायल भ्रमण गरे। सदात इजरायल भ्रमण गर्ने र इजरायली संसद् नेसेटलाई सम्बोधन गर्ने पहिलो अरब राष्ट्रप्रमुख हुन्। उनको भ्रमणको इजरायल र अरब जगत्मा चर्को आलोचना भएको थियो। अरब-इजरायल द्वन्द्वको समाधान गर्ने प्रयासका लागि सादात र इजरायलका प्रधानमन्त्री मेनाकेम बेगिनलाई संयुक्त रूपमा सन् १९७८ मा नोवेल शान्ति पुरस्कार प्रदान गरिएको थियो।

सन् १७९४ : जयसन्धिमा हस्ताक्षर। आधिकारिक रूपमा ट्रिट्टी अफ एमिटी कमर्स एन्ड नेभिगेसन भनिने यो सन्धि बेलायतका महामहिम र संयुक्तराज्य अमेरिकाबीच भएको थियो। सन्धिलाई संयुक्तराज्य अमेरिका र बेलायतका प्रतिनिधिले हस्ताक्षर गरेका थिए। सन्धिले बेलायतलाई उत्तर-पश्चिमी पोस्ट अमेरिकालाई सम्पन आह्वान गऱ्यो।

सन् १९४३ : जानोवास्का शिविर विद्रोह सुरु। कब्जा गरिएको पोल्यान्डमा सन् १९४१ मा कन्सन्ट्रेसन क्याम्प स्थापना गरिएको थियो। सन् १९४३ को नोभेम्बरमा सोभियत सेनाहरूको प्रगतिको उत्साहमा नाजीहरूले शिविर खाली गर्ने प्रयास गरे। नाजीहरूले विगतमा मृत्युदण्ड र सामूहिक हत्याका निशाना हटाउन कैदीहरूलाई प्रयोग गरे। यस दिन कैदीहरूले विद्रोह गरे र भाग्ने प्रयास गरे। भाग्ने प्रयास गरेका कतिपय विद्रोहीलाई पुनः कब्जामा लिइयो भने केही मारिए।

सन् १९६९ : एपोलो १२ चन्द्रमामा अवतरण गर्ने दोस्रो अन्तरिक्षयान बन्यो। एपोलो १२ नासाको एपोलो कार्यक्रमको छैटौँ मानवयुक्त उडान थियो। चालक दलका सदस्यहरू चार्ल्स कोनराड जुनियर र एलन एल बिन चन्द्रमाको सतहमा पाइला राख्ने तेस्रो र चौथो मानव बने। पहिलो दुई निल आर्मस्ट्रङ र बज एल्ड्रिन थिए।

सन् १९६९ : १९औँ शताब्दीका महान् खेलाडी मानिने ब्राजिलियन फुटबलरले रियो दी जेनेरियोको माराकाना रंगशालामा भास्को दा गामाविरुद्ध गोल गरे। यो उनको फुटबल करिअरमा एक हजारौँ व्यावसायिक गोल हो।

सी र बाइडेनबीचको बहुप्रतीक्षित बैठकमा के भयो ?

दुई नेताबीच भएको वार्तामा बाइडेनले सीलाई आफ्नो प्रभाव उपयोग गरेर विश्वव्यापी तनावलाई शान्त पार्न अपिल गरेका छन्

अमेरिकी राष्ट्रपति जो बाइडेन र चिनियाँ राष्ट्रपति सी जिनपिङबीच एक वर्षपछि एपेक सम्मेलनको साइडमा भेटवार्ता भयो। गत वर्ष इन्डोनेसियाको बालीमा भएको एपेक वैठकको ठ्याक्कै एक वर्षपछि यी दुई नेताबीच भेटवार्ता भयो।

दुई देशका प्रतिनिधिबीच औपचारिक द्विपक्षीय बैठकका अतिरिक्त, बाइडेन र सीले तिनका शीर्ष सल्लाहकारलाई साथमा राखेर लन्च गरे। त्यस्तै दुई नेताले सम्मेलन आयोजनास्थलबाहिरको हरियाली मैदानमा टहल्दै छलफल पनि गरे। बैठकपछि पत्रकारसँग बोल्ने क्रममा बाइडेनले आफूहरूबीच 'केही रचनात्मक र फलदायी छलफल भएको' टिप्पणी गरे। त्यस्तै दुई देशबीच 'सञ्चार लाइन खुला राख्ने' सहमति भएको र उच्च तनावको समयमा यो सानो उपलब्धि नभएको बताए।

बाइडेनले सम्बन्धमा न्यानोपन वृद्धिको संकेत गरे। बाइडेनका अनुसार चीनले अमेरिकालाई नयाँ पान्डा पठाउनेछ। चीनले यही महिनाको सुरुमा वासिंटनस्थित स्मिथसोनियन राष्ट्रिय चिडियाखानाका तीनवटा चिनियाँ पान्डा फिर्ता गरेको थियो। त्यसलाई दुई देशको सम्बन्ध थप तिक्त बनेको भनि व्याख्या गरिएको थियो। सीले अमेरिकी, त्यसमा पनि विशेषतः बालबालिका दुर्लभ पान्डालाई बिदा गर्न 'अनिच्छुक' रहेको थाहा पाएको बताएका थिए। आफूले दुई देशका जनताबीचको मैत्रीपूर्ण सम्बन्धलाई थप सघन बनाउन चाहेको सीले बताए।

नयाँ सम्झौता

दुई विश्वनेताबीचको भेटावार्तामा केही सम्झौता पनि भए। सीले अमेरिकामा बेचिने औषधिको एक घातक तत्त्व 'फेन्टानिल'को उत्पादनलाई रोक्न मद्दत गर्ने सहमति जनाए। 'यसले धेरैको ज्यान जोगाउन सघाउनेछ। मैले यस विषयमा राष्ट्रपति सीको प्रतिबद्धताको कदर गर्छु,' बाइडेनले बैठकपछि आयोजित पत्रकार सम्मेलनमा भने। साथै, बाइडेन र सीले दुई देशका सेनाबीचको सञ्चार पुनः सुरु गर्ने सहमति गरे। यस विषयमा विस्तारमा सहमतिका लागि अब अमेरिकी रक्षामन्त्री लोयड अस्टिनले चिनियाँ समकक्षीसँग थप छलफल गर्नेछन्। यस्तै अन्तर्क्रिया दुई देशका उच्च सैनिक अधिकारीबीच पनि हुनेछ।

वार्तामा सहभागी अधिकारीका अनुसार बाइडेन सीलाई अमेरिका र चीनका सेनाबीचको यस्तो सञ्चार संस्थागत हुनु एकदम महत्त्वपूर्ण भएको जोड दिएका थिए। यो काम 'एकले अर्कोलाई दयाको रूपमा वा सहुलियतको रूपमा दिएको सम्झिन नहुने बाइडेनले बताएको पनि तिनले भने। बाइडेनले अमेरिका र चीनबीच आर्टिफिसियल इन्टेलिजेन्सबारे पनि थप छलफल हुने बताए। 'दुवै देशका विज्ञलाई सँगै राखेर हामी यसको जोखिम र सुरक्षाका मुद्दाबारे छलफल गर्नेछौं,' बाइडेनले भने।



अमेरिकी राष्ट्रपति जो बाइडेन (दायाँ) र चीनका राष्ट्रपति सी जिनपिङ एसिया-प्रशान्त आर्थिक सहयोग सम्मेलनका क्रममा १५ नोभेम्बरमा क्यालिफोर्नियाको फिलोली इस्टेटको बगैँचामा। तस्बिर : डग मिल्स/द न्युयोर्क टाइम्स

बर्सेनि हुने एपेक सम्मेलनका क्रममा अमेरिकी राष्ट्रपति जो बाइडेन र चिनियाँ राष्ट्रपति सी जिनपिङबीच भएको भेटवार्तामा इजरायल र हमासबीचको द्वन्द्वलाई थप फैलिनबाट रोक्न इरानलाई दबाब दिनसमेत बाइडेनले माग गरेका छन्।

काउन्सिल फर फरेन रिलेसन्समा चीन अध्ययनकी फेलो जो लिउले बाइडेन र सीबीचको भेटवार्ता एक सकारात्मक कदम भएको बताइन्। 'हाल भएका सहमतिले द्विपक्षीय सम्बन्धमा संरचनात्मक चुनौतीमा तात्त्विक परिवर्तन गर्दैन, तर यसले थप विस्तृत छलफलका लागि मार्ग प्रशस्त गर्छ। अहिलेका लागि यही नै यस भेटको उपलब्धि हो,' उनले भनिन्।

चीनले महाशक्तिका रूपमा व्यवहार देखाउनुपर्ने

बेइजिङले लामो समयदेखि वासिंटनबाट समान व्यवहारको माग गर्दै आएको छ। बाइडेनले चीनको सो चाहनालाई सीसँग हाल विश्वमा जारी दुई युद्धलाई सम्बोधनका लागि दबाब दिन प्रयोग गर्न खोजे। दुई नेताबीचको वन टु वन छलफलमा बाइडेनले सीलाई आफ्नो प्रभाव प्रयोग गरेर विश्वव्यापी तनावलाई शान्त पार्न प्रयास गर्न अपिलसमेत गरे। इजरायल र हमासबीचको द्वन्द्वलाई थप फैलिन नदिन इरानलाई दबाब दिन बाइडेनले चीनसँग माग गरे। एक अमेरिकी अधिकारीका अनुसार बाइडेनले यस विषयमा उनको कुरा राखे भने सीले मुख्यतः सुन्ने काम मात्र गरे। त्यस्तै युक्रेनमा जारी रुसी आक्रमणका लागि चीनले सैन्य सहयोग नदिन अमेरिकाले पुनः जोड दियो।

ताइवानको विषयमा चेतावनी

पछिल्लो समय अमेरिका र चीनबीचको सम्बन्धमा ताइवान मुद्दा सबैभन्दा पेचिलो मानिन्छ। पछिल्लो भेटमा बाइडेन र सीले ताइवानबारे 'स्पष्ट भाषा'मा तर नरम रूपमा छलफल गरेको अमेरिकी अधिकारीले बताएका छन्। बाइडेनले संयुक्त राज्य अमेरिकाको 'एक चीन' नीतिमा पुनः जोड दिए। यसको प्रयोग शान्तिपूर्ण हुनुपर्ने विश्वासलाई फेरि दोहोऱ्याए।

त्यस्तै अमेरिकाले ताइवानलाई एकीकरण गर्न मूल-भूमि चीनबाट हुने सक्ने बल प्रयोगलाई निस्तेजका लागि हतियार दिन जारी राख्ने पनि बाइडेनले दोहोऱ्याए। बेइजिङले आक्रमण गरेमा ताइवानलाई जोगाउन सीधै हस्तक्षेप गर्ने कि नगर्ने भन्ने विषयमा अमेरिकाले रणनीतिक अस्पष्टता कायम राख्दै आएको छ। एक अमेरिकी अधिकारीका अनुसार सीले बाइडेनलाई ताइवान आक्रमण गर्ने कुनै योजना नभएको बताए। त्यसपछि बाइडेनले ताइवानवरिपरिको समुद्रमा चीनको विशाल सैन्य पूर्वाधार निर्माणप्रति सीसँग असन्तुष्टि जनाए। बाइडेनले अर्को वर्ष ताइवानमा हुन लागेको राष्ट्रपतीय चुनावमा हस्तक्षेप नगर्न पनि सीसँग आग्रह गरे।

आर्थिक चुनौती

सीको अमेरिका भ्रमण त्यो समयमा भएको छ, जतिबेला चीन विभिन्न आर्थिक चुनौतीको सामना गरिरहेको छ। बढ्दो वृद्ध जनसंख्या र अधिक ऋणको कारण कोभिड-१९ महामारीपछिको पुनरोत्थानमा बाधा पुऱ्याएको छ। बेइजिङले प्रदान गरेको बैठकको विवरणअनुसार सीले बाइडेनसँग अमेरिकाले चिनियाँ आपूर्तिमाथि लगाएका प्रतिबन्ध हटाउन र संवेदनशील उपकरणको निर्यातमा लागू नियन्त्रणात्मक नीतिहरू परिवर्तन गर्न भनेका थिए।

'चीनको प्राविधिक प्रगतिलाई रोक्नु भनेको चीनको उच्च गुणस्तरको विकासलाई रोक्ने र चिनियाँ जनतालाई विकासको अधिकारबाट वञ्चित गर्ने कदमबाहेक अरू केही होइन,' बेइजिङले सार्वजनिक गरेको बैठकको रिडआउटमा सीलाई उद्धृत गर्दै भनिएको छ, 'चीनको आफ्नै अन्तर्निहित शक्तिबाट निर्देशित विकास र वृद्धि बाह्य शक्तिले चाहँदैमा रोकिनेछैन।' बाइडेनले यस सम्बन्धमा नयाँ मार्ग अवलम्बन गर्ने कुनै संकेत छैन।

व्यक्तिगत सम्बन्ध विस्तारको प्रयास

बाइडेनले प्रायः सीसँगको सम्बन्धबारे बताउँदा उपराष्ट्रपति हुँदाको भेटबारे स्मरण गर्छन्। संक्षिप्त सार्वजनिक टिप्पणीमा सो प्रसंग उल्लेख गरे। 'त्यो १२ वर्षअघिको कुरा हो। म अझै पनि हामीबीचको सो अन्तर्क्रिया स्पष्ट रूपमा सम्झन्छु। यसले सधैँ मलाई ऊर्जा दिन्छ,' बाइडेनले भने।

बाइडेनले दुईजनाबीचको सम्बन्धको लम्बाइ र उनीहरूबीचको अन्तर्क्रियाको मूल्यबारे बताउन छुटाएनन्। 'हामीबीच सधैँ समझदारी हुँदैन, जुन त्यति अनौठो कुरा पनि होइन। तर, हाम्रो भेटवार्ता सधैँ स्पष्ट, सीधा र उपयोगी छन्,' बाइडेनले भने। बाइडेनका अनुसार दुईजनाले एक-अर्कालाई स्पष्ट रूपमा बुझ्ने र कुनै गलत धारणा वा गलत सञ्चार नहुनु महत्त्वपूर्ण भएको बताए।

- एपीबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार ३ मंसिर ०८०

■ कम्पनीहरूको नियन्त्रण तथा अनुगमनका लागि छुट्टै निर्देशिका

माउ र सिस्टर कम्पनीमाथि अनुसन्धान गर्नेदेखि रिमार्क्समा राख्नेसम्मका व्यवस्था

कृष्ण रिजाल/नयाँ पत्रिका

● **नयाँ निर्देशिका** : कानुनको पालनामा कम्पनीहरूलाई जिम्मेवार र जवाफदेही बनाउने, सञ्चालकले गर्ने दुरुपयोग रोक्ने, 'संस्थागत सुशासन' पालनाको अध्ययन गर्ने



कम्पनी रजिस्ट्राको कार्यालयले नेपालमा दर्ता भएका कम्पनीको 'सिस्टर' वा 'माउ' कम्पनीमाथि समेत अनुसन्धान गर्न सक्ने गरी नयाँ निर्देशिका ल्याएको छ। कार्यालयले 'आन्तरिक नियन्त्रण तथा अनुगमन निर्देशिका, २०८०' जारी गरेर माउ र सिस्टर कम्पनीमाथि अनुसन्धान गर्नेदेखि रिमार्क्समा राख्नेसम्मका व्यवस्था गरेको हो।

कम्पनी रजिस्ट्राको कार्यालयले कम्पनीहरूको नियन्त्रण तथा अनुगमनका लागि भन्दै छुट्टै निर्देशिका जारी गरेको हो। १६ कात्तिकमा जारी गरिएको निर्देशिकाअनुसार कार्यालयले नेपालमा दर्ता भएका कम्पनीको संस्थागत सुशासन (कर्पोरेट गभर्नेन्स) पालना भए-नभएको अध्ययन गर्ने भएको छ। कानुनको पालनामा कम्पनीहरूलाई जिम्मेवार र जवाफदेही बनाउने, सञ्चालकले गर्ने दुरुपयोग रोक्ने, 'संस्थागत सुशासन' पालनाको अध्ययन गर्ने तथा कार्यालय र कर्मचारीलाई थप जवाफदेही बनाउने व्यवस्थासहित नयाँ निर्देशिका ल्याइएको कार्यालयका रजिस्ट्रार महेश बरालले बताए।

दर्ता भएका कम्पनी सञ्चालकद्वारा हुने संस्थागत आवरण (कर्पोरेट भेल)को दुरुपयोग रोक्न, नियमनकारी निकायका रूपमा कार्यालयको क्षमता विकास गर्न र नेपालको समग्र कम्पनी प्रशासनको विश्वसनीयता अभिवृद्धि गर्न कम्पनी ऐनको दफा १६ अनुसार निर्देशिका ल्याइएको उनले बताए। 'कम्पनीहरूको संस्थागत सुशासन कायम राख्न, सम्भावित दुरुपयोग रोक्न, कार्यालयको कामलाई थप व्यवस्थित र सरल बनाउन एवं नियमनलाई बलियो बनाउन नयाँ निर्देशिका ल्याएका हौं,' बरालले भने।

के छ निर्देशिकामा ?

निर्देशिकामा आन्तरिक नियन्त्रण प्रणालीका पाँच क्षेत्र तोकिएका छन्। जसमा कम्पनी दर्ता तथा प्रशासनको सन्दर्भमा कार्यालयका अधिकृत तथा कर्मचारीहरूद्वारा प्रचलित कानुनको पालना भए-नभएको यकिन गरिनेछ। त्यस्तै, कम्पनी दर्ता तथा प्रशासनको सन्दर्भमा भुक्तानी गर्नुपर्ने दस्तुर एवं कम्पनीका सञ्चालकले ऐनबमोजिम तिर्नुपर्ने जरिवाना गणना पुनः परीक्षण गर्ने, कम्पनी र सञ्चालकद्वारा ऐन तथा प्रचलित कानुनको अनुपालना भए-नभएको यकिन गर्ने पनि व्यवस्था गरिएको छ। त्यस्तै, निर्देशिकामा कम्पनीहरूको तर्फबाट पेस भएका कागजातको आधिकारिकता, गुणस्तर र सूचनाको विश्वसनीयता परीक्षण गर्ने र कम्पनी र सञ्चालकले अंगीकार गरेको संस्थागत सुशासन (कर्पोरेट गभर्नेन्स)को अध्ययन गर्नेसमेत उल्लेख छ।

माउ वा सिस्टर कम्पनीको समेत छानबिन हुने

निर्देशिकामा एउटा कम्पनीको अध्ययन-अनुसन्धानका क्रममा आवश्यक देखिएमा सम्बद्ध अर्को कम्पनी (माउ वा सिस्टर कम्पनी)को समेत छानबिन गर्न सकिने व्यवस्था गरिएको छ। 'छानबिनमा रहेको कम्पनीले अर्को कुनै कम्पनीमा लगानी गरेको वा अर्को कम्पनीको सञ्चालन तथा व्यवस्थाप संलग्न रहेको वा छानबिनमा रहेको कम्पनीमा लगानी गरेको अर्को कम्पनीसमेत छानबिनमा समेटिनुपर्ने मानसिव कारण देखिए त्यस्तो कम्पनीलाई समेत रिमार्क्समा राखी छानबिन गरिनेछ,' निर्देशिकामा उल्लेख छ।

निश्चित कम्पनीको अनुसन्धान गरिने

कार्यालयले आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयनका लागि निश्चित र खास कम्पनीहरूको अध्ययन तथा अनुसन्धानसमेत गर्ने भएको छ। 'निश्चित उद्देश्य लिई दर्ता भएका कम्पनीहरूको तथा कार्यालयलाई कुनै स्रोतबाट प्राप्त सूचनाका आधारमा कुनै खास कम्पनीको तथ्यांक एवं अभिलेख अध्ययन तथा अनुसन्धान गर्ने' निर्देशिकामा उल्लेख छ, 'कानुन कार्यान्वयन गर्ने निकाय वा कुनै सरकारी कार्यालयबाट प्राप्त सूचनाका आधारमा समेत कुनै खास कम्पनीको तथ्यांक एवं अभिलेख अध्ययन तथा अनुसन्धान गरिनेछ।' कार्यालयका रजिस्ट्रारले कुनै शाखा प्रमुख वा अधिकृत कर्मचारीलाई आवश्यक सहयोग कर्मचारी र स्रोतसाधन उपलब्ध गराई एक वा एकभन्दा बढी कार्य टोली गठन गरेर कम्पनीहरूमाथि अध्ययन तथा अनुसन्धान गर्ने निर्देशिकाले व्यवस्था गरेको छ।

कम्पनी रोक्का वा रिमार्क्समा राख्न सकिने

निर्देशिकामा अनुसन्धान तथा अध्ययनका क्रममा कम्पनीलाई रोक्का वा रिमार्क्समा राख्न सकिनेसमेत व्यवस्था गरिएको छ। 'अध्ययन-अनुसन्धानका क्रममा कम्पनीलाई जानकारी दिनुपर्ने वा कम्पनीलाई पत्राचार गर्नुका साथै रोक्का वा रिमार्क्समा समेत राख्न सकिनेछ,' निर्देशिकामा उल्लेख छ। यसक्रममा सञ्चालकको आवश्यक भएको अवस्थामा बाहेक सम्बन्धित कम्पनीलाई जानकारीसमेत गराउन आवश्यक नपर्ने व्यवस्था गरिएको छ। अनुसन्धानबाट कुनै कम्पनी वा सञ्चालकलाई कारबाही गर्नुपर्ने सुनुवाइको मौका प्रदान गरिने व्यवस्था गरिएको छ।

त्यस्तै, नियम-कानुन र कम्पनीको उद्देश्यविपरीत काम गरेमा, नियमनकारी निकायबाट अनुमति नलिएमा कम्पनी रजिस्ट्रार कार्यालयले त्यस्ता कम्पनीको कारोबार रोक्न वा कम्पनी दर्ता खरोज गर्न निर्देशन दिन सकिनेसमेत व्यवस्था गरिएको छ।

■ कम्पनीको संस्थागत सुशासन कायम गर्न निर्देशिका ल्याउन थालेका हौं

● **महेश बराल,** रजिस्ट्रार, कम्पनी रजिस्ट्राको कार्यालय



यसअघि भएकै नियम-कानुनअनुसार हामीले कम्पनीको अध्ययन-अनुसन्धान गर्न, दुरुपयोग रोक्न, संस्थागत सुशासन कायम गर्न-गराउन सक्छौं। तर, यसलाई थप व्यवस्थित बनाउन र सबैलाई जवाफदेही बनाउन नयाँ निर्देशिका ल्याएका हौं। हामीले सरोकारवालाको सुझावसमेत तयार गरेर निर्देशिका ल्याएका हौं। दैनिक सयभन्दा बढी कम्पनीसमेत दर्ता हुन्छन्। रजिस्ट्रारले त्यो सबै हेर्न पाउँदैन, कतिपयको कागजात नपुगेको वा केही कैफियत पनि हुन सक्छ। कम्पनी रजिस्ट्राको कार्यालयमा जे पनि गर्न सकिन्छ, जे पनि गराउन सकिन्छ भन्ने खालको चर्चा पनि हुने गरेको रहेछ। कतिपय दुरुपयोग भएका गुनासा पनि आए। यस्तो प्रवृत्ति रोक्न निर्देशिका ल्याएका हौं। कम्पनी रजिस्ट्रारले आफ्नो काम गर्नेछ, यसका साथै नियमनकारी निकाय बलियो हुनुपर्छ। हामी समन्वय पनि गर्छौं।

चार महिनामा २० प्रतिशत सरकारी खर्च

पुँजीगत खर्च ९.९३ प्रतिशत
राजस्व १९.४५ प्रतिशत उठ्यो



काठमाडौं/ सरकारले चार महिनामा कुल बजेटको २०.३१ प्रतिशत खर्च गरेको छ। महालेखा नियन्त्रक कार्यालयका अनुसार कात्तिकसम्म कुल बजेट खर्च तीन खर्ब ५५ अर्ब ६३ करोड भएको छ। चालू आवको कुल बजेट १७ खर्ब ५१ अर्ब ३१ करोड रुपैयाँ छ।

यो अवधिमा चालूतर्फ दुई खर्ब ७१ अर्ब १७ करोड खर्च भएको छ। यो चालूतर्फ विनियोजित बजेटको २३.७५ प्रतिशत हो। पुँजीगत खर्च कात्तिक लागेपछि बढेको छ। कात्तिकमा १२ अर्ब १५ करोड रुपैयाँ पुँजीगत बजेट खर्च भएको छ। असोजसम्म तीन महिनामा १७ अर्ब ८३ करोड मात्र खर्च भएको थियो।

चार महिनामा पुँजीगत बजेट २ ९ अर्ब ९८ करोड रुपैयाँ खर्च भएको छ। यो कुल लक्ष्यको ९.९३ प्रतिशत हो। कात्तिक लागेपछि अनुदान पनि बढेको छ। असोजसम्म ६ करोड १८ लाख अनुदान प्राप्त भएकोमा कात्तिकमा मात्रै दुई अर्ब ६९ करोड ६२ लाख रुपैयाँ भित्रिएको कार्यालयको तथ्यांक छ।

यो वर्ष कात्तिकसम्म दुई खर्ब ७६ अर्ब ६४ करोड रुपैयाँ राजस्व संकलन भएको छ। यो कुल लक्ष्यको १९.४५ प्रतिशत हो। कर राजस्व दुई खर्ब ५४ अर्ब ३० करोड र गैरकर राजस्व २२ अर्ब ३३ करोड रुपैयाँ संकलन भएको छ।

असोजमा ७८ अर्ब चार करोड, भदौमा ६२ अर्ब २० करोड र साउनमा ७८ अर्ब ८७ करोड रुपैयाँ राजस्व संकलन भएको तथ्यांक छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

■ पाइपलाइनबाट पेट्रोल ल्याउने तयारी



हाल डिजेल मात्रै आयात भइरहेको मोतीहारी-अमलेखगन्ज पाइपलाइनबाट पेट्रोलसमेत ल्याउन आयल निगमको मधेश प्रादेशिक कार्यालय, अमलेखगन्जमा निर्माणाधीन पेट्रोलको स्टोरेज ट्यांक। नेपाल र भारतले बनाइरहेको परियोजनाको नेपालतर्फका प्रमुख ई. प्रदीप यादवका अनुसार तीन महिनामा निर्माण सक्ने गरी पेट्रोलका तीनवटा र डिजेलको एउटा भण्डारणगृह बनिरहेका छन् भने आगामी ६ महिनाभित्र सबै तयारी पूरा गरी पाइपलाइनबाट पेट्रोल र डिजेल आयात गर्ने योजना छ। यहाँ एक करोड ८२ लाख लिटर पेट्रोल-डिजेल अटाउने भण्डारणगृह तयार हुनेछ। तस्बिर : अजित अधिकारी/नयाँ पत्रिका

कोपमा सहयोग माग्दैनौं, अधिकार स्थापित गर्ने हो : प्रधानमन्त्री

नयाँ पत्रिका



प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धिका पक्ष राष्ट्रहरूको २८औं सम्मेलन (कोप-२८) मा सहयोगको याचना नगर्ने बताएका छन्। उनले सम्मेलनकै नेतृत्व गर्दै अधिकार स्थापित गर्ने बताएका हुन्।

प्रधानमन्त्री दाहालले जलवायु परिवर्तनबाट नेपालमा परेको असरका बारेमा स्पष्टसँग कुरा राख्ने बताएका छन्। नेपाल पर्वतारोहण संघले शनिबार सोलुखुम्बुको सगरमाथा आधार शिविर, कालापत्थरमा आयोजना गरेको शान्तिदीप हस्तान्तरण तथा भ्रन्डोत्तोलन कार्यक्रमलाई सम्बोधन गर्दै सम्मेलनमा जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि सहयोगभन्दा पनि अधिकारका विषयलाई प्राथमिकता दिने बताए।

'हामीले गर्दै नगरेको कामको मूल्य चुकाउन सक्दैनौं। जसले कार्बन उत्सर्जनमा कमजोरी गरेको छ, उसले हाम्रो अधिकारका रूपमा जलवायु कोषमार्फत क्षतिपूर्ति दिनुपर्छ,' उनले भने, 'कोप-२८ मा नेपालले सहयोगको याचना मात्रै गर्ने होइन, हामीलाई हाम्रो अधिकार चाहियो भन्ने हो।'

मंसिर १४ देखि २६ गतेसम्म संयुक्त अरब इमिरेट्स (युएई)को दुबईमा कोप-२८ सम्मेलन आयोजना हुँदै छ। प्रधानमन्त्री दाहालको प्रमुख आतिथ्यमा हुने सम्मेलनमा राष्ट्रिय अनुकूलन योजनाको विस्तृत रूप, राष्ट्रिय निर्धारित योगदानमा आधारित कार्यान्वयन योजना र कोप-२८ को एजेन्डाका बारेमा छलफल हुनेछ।

नेपालले कोप-२८ मा उठाउने विषय र प्राथमिकताका सम्बन्धमा उच्चस्तरीय सत्रलाई यही मंसिर १६ गते प्रधानमन्त्री दाहालले सम्बोधन गर्ने कार्यक्रम छ। कालापत्थर क्षेत्रमा दीप प्रज्वलन हस्तान्तरण र भ्रन्डोत्तोलन गर्नु आफैंमा पनि महत्त्वपूर्ण रहेको उल्लेख गर्दै उनले संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले खुम्बु क्षेत्रमा गरेको भ्रमणले विश्वको ध्यानाकर्षण भएको पनि दाहालले बताए।

'महासचिव गुटेरेसले खुम्बु क्षेत्रमा पुगेर जलवायु परिवर्तनको असर प्रत्यक्ष हेरेको, यहाँका जनता र प्रतिनिधिसँग अन्तर्क्रिया गरेर जलवायु परिवर्तनका कारण यस क्षेत्रमा परेको समस्यालाई विश्वव्यापीकरणका लागि महत्त्वपूर्ण योगदान मिलेको छ,' उनले भने।

आफूले संयुक्त राष्ट्रसंघको ७६औं महासभालाई न्युयोर्कमा सम्बोधन गर्दा नेपालमा जलवायु परिवर्तनको चर्को असरका बारेमा प्रस्टसँग राखेको जानकारी दिँदै प्रधानमन्त्री दाहालले जलवायुसम्बन्धी अन्य मञ्चमा पनि नेपालले प्रस्टसँग कुरा राख्ने विश्वास दिलाए। 'महासभामा हामीले गर्दै नगरेको कामका निम्ति मूल्य चुकाउनुपर्ने विडम्बनाका बारेमा स्पष्टसँग राखेको छु। यसलाई प्रत्यक्ष रूपमा अनुभूत गर्न र उक्त मुद्दालाई विश्वव्यापीकरण गर्न राष्ट्रसंघका महासचिव गुटेरेससँग अपिल गर्दै,' उनले भने, 'मेरो पहिलो निमन्त्रणामै राष्ट्रसंघका महासचिव तुरुन्तै नेपाल आउनुभयो। खुम्बु क्षेत्रको अवलोकन र स्थानीयसँग अन्तर्क्रिया गर्नुभयो, यो निकै महत्त्वपूर्ण छ।' प्रधानमन्त्री दाहालले खुम्बु क्षेत्रमा पर्यटकीय पूर्वाधार निर्माणमा सरकार गम्भीर रहेको बताए। विश्वमाझ नेपाललाई चिनाउने सगरमाथा र लुम्बिनीको संरक्षण र प्रवर्द्धन गर्न सरकारले भरमग्दुर प्रयार गर्ने भनाइ उनले राखे।

लप्सीफेदी सबस्टेसनमा प्रहरी पोस्ट

काठमाडौं/ काठमाडौंको शंखरापुर नगरपालिका-३, लप्सीफेदी क्षेत्रमा निर्माणाधीन सबस्टेसन र प्रसारणलाइन निर्माणको सुरक्षार्थ प्रहरी पोस्ट राखिने भएको छ। जिल्ला सुरक्षा समिति, काठमाडौंको निर्णयअनुसार निर्माण हुने विद्युत् सबस्टेसनको सुरक्षा संवेदनशीलतालाई ध्यान दिएर प्रहरी नायब उपरीक्षकको नेतृत्वमा सशस्त्र प्रहरीको बेसक्याम्प र नेपाल प्रहरीको पोस्ट राख्ने निर्णय भएको हो।

सरकारको पछिल्लो निर्णयका आधारमा शुक्रबार बेसक्याम्प स्थापना गर्न जाँदा केही स्थानीयले रूख ढालेर बाटो अवरुद्ध गर्नुका साथै सुरक्षाकर्मीलाई ढुंगामुढा गरेका थिए। त्यसक्रममा केही प्रहरी घाइते भएका र आक्रमणमा संलग्न चारजनालाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ।

नेपाल विद्युत् प्राधिकरणले शंखरापुर नगरपालिका-३ स्थित बोर्भेनीमा तामाकोशी तथा सुनकोशी नदी र तिनीहरूका सहायक खोलाहरूमा निर्माण भएका तथा हुने जलविद्युत् आयोजनाको विद्युत् काठमाडौं उपत्यकामा ल्याउन र स्थानीय रूपमा आपूर्तिका लागि ४००/२२०/१३२/११ केभी सबस्टेसन निर्माण गर्न लागिरहेको छ।

सबस्टेसन निर्माणका लागि आवश्यक पर्ने ५० जना जग्गाधनीको करिब एक सय ७४ रोपनी जग्गा अधिग्रहण गरिएको छ। जग्गा अधिग्रहणका लागि ०७४ जेठमा सार्वजनिक सूचना प्रकाशित गरी सोही वर्षको माघमा मुआब्जा तथा क्षतिपूर्ति रकम निर्धारण गरिएको थियो। जग्गाधनीले मुआब्जा तथा क्षतिपूर्ति रकम बुझिसकेका छन्। मुआब्जा तथा क्षतिपूर्तिबापत करिब ५० करोड रुपैयाँ वितरण गरिएको छ। तर, मानव बस्तीमा सबस्टेसन निर्माण गर्न नहुने र यसलाई अरू नै ठाउँमा सार्नुपर्ने माग राख्दै एक गैरसरकारी संस्थाको ब्यानरमा त्यस क्षेत्रमा प्रदर्शन हुँदै आएको नेपाल विद्युत् प्राधिकरणको भनाइ छ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले स्थानीयका जायज मागलाई पूरा गरिएको, तर केही गैरसरकारी संस्था र असम्बन्धित व्यक्तिहरूका उक्साहटका कारण सबस्टेसन निर्माणको विरोध भइरहेको बताए। सबस्टेसन निर्माणमा त्यहाँका स्थानीयले भने सहयोग गरिरहेको उनको भनाइ छ। कार्यकारी निर्देशक घिसिङले लप्सीफेदीसम्म विद्युत् ल्याउन प्रसारणलाइन निर्माण अन्तिम चरणमा पुगेको र सबस्टेसन निर्माण गर्न नसकिएमा काठमाडौं उपत्यकामा लोडसेडिङ गर्नुपर्ने अवस्था आउन सक्ने चेतावनी दिए।

सबस्टेसनमा रामेछापको नयाँ खिम्तीबाट सुरु भई सिन्धुपाल्चोकको बाह्रबिसे हुँदै लप्सीफेदीसम्मको चार सय केभी प्रसारणलाइन जोडिनेछ। नयाँ खिम्ती-बाह्रबिसे-लप्सीफेदी चार सय केभी प्रसारणलाइन निर्माण अन्तिम चरणमा छ। लम्सीफेदी सबस्टेसनबाट भक्तपुरको चाँगुनारायणसम्मको एक सय ३२ केभी प्रसारणलाइन र सबस्टेसन निर्माणाधीन छन्। चाँगुनारायण एक सय ३२ केभी सबस्टेसन सम्पन्न हुने चरणमा छ।- रासस

१७ विमानस्थलमा हुँदैन एउटै उडान

नयाँ पत्रिका

सरकारले धरानमा नयाँ विमानस्थल बनाउने तयारी गरिरहेको छ, तर निर्माण भइसकेका १७ विमानस्थलमा भने कुनै उडान हुँदैनन्। नियमित उडान हुन नसकेपछि कतिपय विमानस्थल गौचरनमा परिणत भइसकेका छन्।

अहिले देशमा तीनवटा अन्तर्राष्ट्रियसहित ५४ विमानस्थल निर्माण भएका छन्। अर्घाखाँचीमा पनि अर्को विमानस्थल थपिँदै छ। तर, ३७ विमानस्थलमा मात्रै नियमित उडान हुने गरेको नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले जनाएको छ। नियमित सञ्चालनमा रहेका भनिएका दुर्गम भेगका कतिपय विमानस्थलमा सातामा एक-दुई मात्रै उडान हुने गरेका छन्। विनाअध्ययन निर्माण गरिएका विमानस्थलमा प्राविधिक जटिलता, सञ्चालन खर्च पनि नउठ्नु, जहाजको अभाव, मौसमलगायत विविध कारण उडान हुन सकेको छैन।

धरान उपमहानगरपालिकाका मेयर हर्क साम्पाङको जोडबल र पर्यटनमन्त्री सुदन किराँतीको निर्देशनमा क्यानले धरान विमानस्थल निर्माणका लागि अध्ययन समिति गठन गरेको छ। क्यानका प्रबन्धक नलविक्रम थापाको संयोजकत्वमा गठित समितिलाई विस्तृत अध्ययन गरी प्रतिवेदन पेस गर्ने कार्यभार सुम्पिएको छ। जबकि, धरानबाट करिब ४० किलोमिटर दूरीमा विराटनगर विमानस्थल सञ्चालनमा छ।



■ सञ्चालनमा नरहेका विमानस्थल

निर्माण सम्पन्न भएर पनि सञ्चालनमा नरहेका विमानस्थलहरू डेढ दर्जन छन्। जसमध्ये सुदूरपश्चिम प्रदेशमा दार्चुला, महेन्द्रनगर (कञ्चनपुर) र टीकापुर एयरपोर्ट (कैलाली) सञ्चालनमा छैनन्। कर्णाली प्रदेशमा निर्माण गरिएका कालिकोट, मसिनेचौर एयरपोर्ट (डोल्पा), रुकुम चौरजहारी एयरपोर्ट (रुकुम पश्चिम) र टीकापुर एयरपोर्ट (कैलाली) पनि सञ्चालनमा नरहेको क्यानले जनाएको छ। लुम्बिनी प्रदेशमा रोल्पा एयरपोर्ट पनि सञ्चालनमा छैन। हालै सञ्चालनमा आएको गुल्मी एयरपोर्टमा सातामा दुई उडान गर्ने भनिए पनि नियमित उडान हुन सकेको छैन।

■ सञ्चालनमा रहेका विमानस्थल

अहिले काठमाडौं, भैरहवा र पोखरामा तीनवटा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा छन्। बाराको निजगढमा अर्को अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको तयारी थालिएको छ। सञ्चालनमा रहेका ३७ विमानस्थलमा सिमिकोट, बैतडी, बझाङ, बाजुरा, साँफेबगर, डोटी, धनगढी, रारा, जुम्ला, डोल्पा, सल्ले (रुकुम), सुर्खेत, नेपालगन्ज, दाङ, भैरहवा, रेसुंगा (गुल्मी), पोखरा, जोमसोम, भरतपुर (चितवन), सिमरा (बारा), काठमाडौं, जनकपुर, राजविराज, रामेछाप, लुक्ला, फाप्लु, रुम्झाटार (ओखलढुंगा), भोजपुर, खोटाङका थामखर्क, खानीडाँडा, लामीडाँडा, तुम्लिङटार (संखुवासभा), ताप्लेजुङ, फाल्गुनन्द (इलाम), विराटनगर र चन्द्रगढी (झापा) विमानस्थल सञ्चालनमा छन्। सञ्चालनमा रहेका भनिएका बैतडी, बझाङ, बाजुरा, साँफेबगर, डोटी, सल्ले, गुल्मी, धामखर्क, खानीडाँडा, लामीडाँडा, रुम्झाटार, फाल्गुनन्दलगायत विमानस्थलमा अहिले फाट्टफुट्ट मात्रै उडान हुँदै आइरहेका छन्। खासगरी, स्टल उडान गर्ने जहाजको कमी, पर्याप्त यात्रु नहुनु, प्राविधिक समस्या एवं खराब मौसमलगायत कारणले दुर्गम भेगका यी विमानस्थलमा वर्षभरि नियमित उडान हुन नसकेको वायुसेवा कम्पनीको भनाइ छ।

गण्डकी प्रदेशमा बाग्लुङको ढोरपाटन र बलेवा एयरपोर्ट, मनाङ एयरपोर्ट, गोर्खा पालुङटार एयरपोर्ट अहिले सञ्चालनमा छैनन्। पोखरामा नयाँ अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएपछि पुरानो एयरपोर्टमा अल्ट्रालाइट र हेलिकोप्टर उडान हुँदै आइरहेको छ। बागमती प्रदेशमा रहेका लाङटाङ एयरपोर्ट (रसुवा), मेघौली एयरपोर्ट (चितवन) र जिरी एयरपोर्ट (दोलखा) सञ्चालनमा छैनन्। एक समय मेघौली र जिरी एयरपोर्टमा पर्यटकलक्षित उडान हुँदै आएका थिए। कोशी प्रदेशमा स्याङबोचे एयरपोर्ट (सोलुखुम्बु), कागेलडाँडा एयरपोर्ट (सोलुखुम्बु), खिजी चण्डेश्वरी एयरपोर्ट (ओखलढुंगा) सञ्चालनमा छैनन्। कुनै समय सोलुखुम्बुको स्याङबोचे एयरपोर्टमा पनि उडान हुने गर्थ्यो।

जुम्लाको गिडीदह पुग्ने पदमार्ग निर्माण

जुम्लामा **मानदत्त रावल**





जुम्लाको सबैभन्दा ठूलो गिडीदह (ताल) पुग्न पदमार्ग निर्माण गरिएको छ। तातोपानी गाउँपालिका- ४ मा अवस्थित गिडीताल समुद्री सतहदेखि तीन हजार चार सय ८२ मिटर उचाइमा छ। पहाडै-पहाडको खोँचमा रहेको ताल जंगलले ढाकिएको छ भने मानवबस्तीदेखि निकै टाढा पाटन क्षेत्रमा ६ महिना हिउँ जम्ने गर्छ। गुमनाम यो तालमा गत वर्ष असोजमा तातोपानी गाउँपालिका अध्यक्ष नन्दप्रसाद चौलागाईंको नेतृत्वमा पहिलोपटक स्थानीय सरकारको टोली पुगेको थियो। भविष्यमा धेरै पर्यटक भित्र्याउने लक्ष्यसहित पदमार्गलगायत पर्यटन प्रवर्द्धनको काम अघि बढाइएको वडाध्यक्ष अमर रोकायाले बताए। 'दह-किनारमा निर्मित धर्मशालादेखि ३५ सय मिटर पदमार्ग निर्माण गरिएपछि सहज भएको छ। 'गाउँपालिकाले सहयोग गरेपछि स्थानीय युवाहरूले उपभोक्ता समिति बनाएर पदमार्गको काम गरेका छन्,' उनले थपे, '१० दिन लगातार काम गरेपछि पदमार्ग निर्माण भएको हो। अब आन्तरिक र बाह्य पर्यटक गिडीदह पुग्न कुनै समस्या छैन।'

स्थानीय युवा कौरव पाण्डेको नेतृत्वमा गिडीदहमा धर्मशालादेखि पाटनसम्म पर्यटन पदमार्ग निर्माण गरिएको हो। पालिकाले आन्तरिक स्रोतबाट सात लाख २५ हजार रकम पदमार्ग निर्माणका लागि विनियोजन गरेको थियो। तातोपानी-४ को आग्रहमा ताल विकास बोर्डको टोली आएर पनि गिडीदहको अवस्था अध्ययन गरेर गएको छ। टोलीले तालमै च्याफ्टिङ गरेको थियो। लम्बाइ, चौडाइ र उचाइ नाप्ने कामसमेत सकिएको छ। टोलीले गिडीदहमा पाइने जीवदेखि तालवरिपरि भेटिएका हरेक वस्तुको अध्ययन गरेको जनाइएको छ।

'तालमा नयाँ प्रजातिको जीव भेटिएकाले ल्याब टेस्ट गर्न देशबाहिर पठाइएको छ। त्यसैले प्रतिवेदन सार्वजनिक गर्न ढिलाइ भइरहेको छ,' वडाध्यक्ष रोकायाले भने। पदमार्गको बीचमा आवासदेखि खानपानको व्यवस्था गर्नसमेत पहल भइरहेको उनले बताए। ताल निकै नीलो र गहिरो छ। भूगोलविद् स्वर्गीय डा. हर्क गुरुङले विसं ०३०/३१ सालतिर सो तालसम्म जाने प्रयास गरेका थिए। तर, पदमार्गसमेत नहुँदा उनी पुग्न सकेनन्। करिब चार-पाँच दिनको चिसो, उकालो र पाटन क्षेत्रको यात्रा पार गरेपछि मात्रै त्यहाँ पुगिन्छ। ब्लडप्रेसर, दमलगायतका दीर्घरोगीलाई हाई अल्टिच्युड लाग्ने खतरा हुने भएकाले उनीहरूले यात्रापूर्व नै ध्यान पुऱ्याउनुपर्ने देखिन्छ। हिउँदको ६ महिना हिउँ जम्ने भएकाले त्यो तालमा बर्खायाममा मात्रै यात्रा गर्न मिल्छ।

त्यो तालमा पानी पश्चिमतिरबाट बगेर आउँछ। तालबाट बगेर जाने पानी गिडी खोलामा मिसिन्छ। तालबाटै खोलाको नामकरण भएको ठानिन्छ। जो गिडी खोला जुम्लाका कैयौँ ठाउँ छिचोल्दै तिला नदीमा पुगेर मिसिन्छ, त्यो तालबाट बगेर आएको पानी किसानका खेतसम्म पुग्छ। गिडी तालआसपास बजेडी, लसुनवारी, ठाकुरज्यू, विष्टज्यू, नाना हांक, ठूला हांक, दुनी, पुनाली, धप्के, धौलीगाड, हणन्या, गुइया दुला, भुसी, पत्यौडलगायतका दुई दर्जन पाटन छन्। यो तालको छेउछाउमा ठाकुरज्यू दह, विष्टज्यू दह, नदै दह, शंख, पाले दह, राक्षस दह, खानी दह, ढाण दह, लडे दह, घोडापाइला दह, जोगिनी दहजस्ता दर्जनौँ अन्य स-साना दहसमेत छन्।

गिडीदहआसपास झन्डै दुई दर्जन विभिन्न प्रजातिका वन्यजन्तु र लोपोन्मुख पक्षी पाइन्छन्। कस्तुरी, रेडपान्डा, घोरल, थार, बाघ, भालु, रतुवाजस्ता जनावर र डाँफे, कालिज, फग्रास, दुकुरजस्ता पक्षीसमेत यसै क्षेत्रमा पाइन्छन्। यार्चागुम्बा, जटामसी, पाँचऔँले, खिरौलो, पदमचाल, भूतकेश, शिलाजितजस्ता सयौँ प्रकारका जडीबुटी पनि पाइन्छन्।

नक्सालमा 'होलिडे इन एक्सप्रेस'



काठमाडौं/ नक्सालमा अन्तर्राष्ट्रिय चेन होटेल 'होलिडे इन एक्सप्रेस' सञ्चालनमा आएको छ। हस्तकला निकासीकर्ता नरेशलाल श्रेष्ठ, महेश्वर श्रेष्ठ र सुजित श्रेष्ठले दुई अर्ब लगानीमा होटेल सञ्चालनमा ल्याएका हुन्।

अन्तर्राष्ट्रिय चेन आईजिएचको 'होलिडे इन एक्सप्रेस' ब्रान्ड पहिलोपटक नेपाल भित्रिएको हो। होटेलमा एक सयवटा कोठा रहेका छन्। जसको इन्ट्रोडक्टरी प्राइस ८० देखि सय डलरसम्म तोकिएको छ। दुई रोपनी क्षेत्रफलमा निर्माण भएको होटेलमा दुईवटा बैंक्वेट हल र दुईवटा रेस्टुरेन्ट रहेका छन्। होटेलको छेवैको दुई रोपनीमा सपिङ मल, बैंक्वेट हल, स्विमिङ पुल, गेमिङ जोन निर्माण गर्ने तयारी छ। अग्लो भवन हुनाले छतबाट काठमाडौं भ्यालीसहित हिमाली दृश्यावलोकन गर्न सकिन्छ। होटेलको उद्घाटन गर्दै मन्त्री किराँतीले आतिथ्य सत्कारमा नेपालीपन हुनुपर्नेमा जोड दिए। उनले भने, 'प्रकृति र संस्कृति जोगाएर नेपालीपनको पर्यटन गर्नुपर्छ।' विदेशबाट पर्यटक ल्याउने मात्र भन्दा पनि उनीहरूलाई लामो समय रोक्न सक्नुपर्ने उनको भनाइ थियो। मन्त्री किराँतीले हवाई टिकटमा लगाइएको भ्याट हटाउन पहल गरिरहेको बताए। बिग्रिएको सडक, महँगो अन्तर्राष्ट्रिय हवाई भाडा, हवाई भाडामा लगाइएको भ्याट, एयरलाइन्स तथा पार्टपुर्जामा लगाइएको भ्याटले पर्यटन विकासमा समस्या पार्ने उनको भनाइ थियो। उनले तीनवटा साना जहाज खरिद गर्न टेन्डर आह्वान गरिसकेको बताउँदै तिहारपछि थप तीनवटा जहाज खरिद गर्न टेन्डर माग्ने तयारी भइरहेको बताए।

सिद्धार्थ बैंकद्वारा भूकम्प प्रभावितलाई खाद्यान्न सहयोग



काठमाडौं/ सिद्धार्थ बैंकले जाजरकोट र रुकुममा भूकम्प प्रभावितका लागि राहतस्वरूप खाद्यान्न सहयोग गरेको छ। बैंकले जिल्ला विपत् व्यवस्थापन समिति रुकुमद्वारा सञ्चालित एकद्वार राहत संकलन र वितरण केन्द्रलाई चार सय ५० भन्दा बढी परिवारलाई लक्षित गरी चामल, दाल, नुन, तेल र मसलाजस्ता खाद्यान्न सामग्रीको राहत प्याकेज बनाई हस्तान्तरण गरेको हो।

भूकम्पपीडितका लागि नेपाल एसबिआईले दियो २० लाख

काठमाडौं/ नेपाल एसबिआई बैंकले विनाशकारी भूकम्प प्रभावितलाई राहत वितरण गर्ने उद्देश्यले २० लाख रुपैयाँ सहयोग गरेको छ। सहयोग रकमको चेक बैंकका प्रबन्ध निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत दीपककुमार देले प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द आचार्यलाई हस्तान्तरण गरेका हुन्। सहयोग हस्तान्तरण बैंकका नायब प्रमुख कार्यकारी अधिकृत तथा प्रमुख वित्तीय अधिकृत राजेशकुमार पन्डा, प्रमुख सञ्चालन अधिकृत यादवेन्द्र कान्त, मुख्य व्यापार प्रवर्द्धन अधिकृत, रितेश अर्याल तथा नेपाल सरकारको उच्च तहका कर्मचारीको उपस्थितिमा गरिएको बैंकले जनाएको छ।

यसअघि बैंकले जाजरकोट र रुकुममा भूकम्पपीडितका लागि आवश्यक खाद्य वस्तुहरू खरिद गरी सहयोग प्रदान गरिसकेको जनाएको छ।

नेपाल सुपर लिगको टिकेटिङ आइएमई पेबाट

काठमाडौं/ डिजिटल वालेट 'आइएमई पे' र नेपाल स्पोर्टस् एन्ड इभेन्ट्स म्यानेजमेन्ट (एनएसइएम)बीच नेपाल सुपर लिग २०२३ का लागि आधिकारिक टिकेटिङ पार्टनरसम्बन्धी सम्झौता भएको छ। सुपर लिगको आधिकारिक टिकेटिङ पार्टनर आइएमई पे हुने सम्झौता भएको हो।

नेपालका प्रमुख खेलमध्ये एक रहेको नेपाल सुपर लिगमा बहुसंख्यक खेलप्रेमीको चासो रहेकाले डिजिटल भुक्तानी र टिकट सेवामा आइएमई पेको आबद्धताले फ्यानहरूलाई आगामी सिजनको टिकट खरिद गर्न सहज र झन्झटमुक्त बनाउने आइएमई पेले विश्वास व्यक्त गरेको छ।

आइएमई पेका प्रमुख कार्यकारी अधिकृत प्रवीण रेग्मीले नेपाली फुटबल विकासका विभिन्न आयाममा जोडिन पाउँदा गौरवान्वित रहेको बताए। आइएमई पेको डिजिटल वित्तीय समावेशिताको महाअभियानलाई खेल तथा खेलाडीसँग जोड्दा झनै प्रभावकारी रूपमा लागू गर्न सकिने भएकाले यस साझेदारीप्रति उत्साहित रहेको उनको भनाइ थियो।

नेपाल लाइफको नाफा पहिलो त्रैमासमा १५.७९ करोड

काठमाडौं/ नेपाल लाइफ इन्स्योरेन्सले चालू आवको पहिलो त्रैमासमा उल्लेखनीय प्रगति गरेको छ। कम्पनीको पहिलो त्रैमाससम्मको अपरिष्कृत वित्तीय विवरणअनुसार खुद नाफामा १०.२५ प्रतिशत वृद्धि भएको छ। यस त्रैमासको अन्त्यसम्म कम्पनीको जगेडा तथा कोषमा करिब ७९.३३ करोड रुपैयाँ रहेको छ। यो अघिल्लो आवको अन्त्यसम्मका आधारमा २१.८१ प्रतिशतले बढी हो। गत आर्थिक वर्षको अन्त्यसम्ममा करिब १६५ अर्ब ५२ करोड रहेको ग्रस इन्स्योरेन्स ल्याबिलिटिज ५.८६ प्रतिशतले बढेर १७५ अर्ब २१ करोड पुगेको छ। त्यस्तै, महाविपत्ति कोषमा १०२ करोड रुपैयाँ रहेको छ, जुन गत आर्थिक वर्षको अन्त्यसम्मको तुलनामा १.५७ प्रतिशतले बढी हो। कम्पनीको लगानी ५.३९ प्रतिशतले बढेको छ। असोज मसान्तसम्म कम्पनीले १७९ अर्ब ३६ करोड रुपैयाँ लगानी गरेको छ। प्रकाशित विवरणअनुसार गत आर्थिक वर्षको अन्त्यमा करिब एक अर्ब ३८ करोड भुक्तानी हुन बाँकी दाबीबापत व्यवस्था गरिएकोमा अहिले ३९.३५ प्रतिशतले घटी ८३.९१ करोड रुपैयाँ रहेको छ। आगामी दिनमा दाबी भुक्तानी प्रक्रिया झनू सरल हुने कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुलीले बताए। कम्पनीले असोज मसान्तसम्ममा १० अर्ब ९३ करोड कुल बिमाशुल्क आर्जन गरेको छ, जुन गत वर्षको सोही अवधिको तुलनामा ८.७२ प्रतिशतले बढी हो। यसैगरी, कम्पनीले एक अर्ब ५८ करोड प्रथम बिमाशुल्क आर्जन गरेको छ, जुन समीक्षा अवधिको तुलनामा १३.७९ प्रतिशतले बढी हो। यस्तै, कम्पनीको प्रतिसेयर नेटवर्थ १२४.७२ रुपैयाँ, मूल्य अनुपात आम्दानी ८३.१४ गुणा, प्रतिसेयर कुल सम्पत्तिको मूल्य २,३०७ रुपैयाँ रहेको छ।

भूकम्प प्रभावितलाई दियो राहत सामग्री

नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले जाजरकोट र रुकुम-पश्चिममा गएको भूकम्पबाट पीडित जनताका लागि राहत सामग्री वितरण गरेको छ। प्रभावित क्षेत्रको राहतका लागि कम्पनीले १० लाख रुपैयाँबराबरको राहत सामग्री उपलब्ध गराएको हो। कम्पनीका कर्णाली प्रदेश प्रमुख अनन्त अधिकारीले नलगाड नगरपालिका, जाजरकोटका नगर प्रमुख डम्बरबहादुर रावतलाई दुई सय थान, भेरी नगरपालिकाका नगर प्रमुख दलबहादुर घर्तीलाई दुई सय थान र आठबिसकोट नगरपालिका रुकुम-पश्चिमअन्तर्गत १४ नं वडाका अध्यक्ष हुकुमबहादुर पुनलाई तीन सय थान गरी कुल सात सय थान कम्बल हस्तान्तरण गरेको कम्पनीले जनाएको छ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुलीले भूकम्प प्रभावित क्षेत्रका जनताको घाउमा मलम लगाउन सहयोग पुगोस् भन्ने अभिप्रायका साथ कम्बल प्रदान गरिएको बताए। भूकम्प प्रभावित क्षेत्रमा निकट भविष्यमा कम्पनीले संस्थागत सामाजिक उतरदायित्व कार्यक्रमअन्तर्गत सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदिजस्ता क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनका निम्ति विभिन्न कार्यक्रम सञ्चालन गर्ने प्रमुख कार्यकारी अधिकृत पराजुलीले जानकारी दिए।

पोखरा रंगशाला गेटनजिकै सेती नदीमा 'सिग्नेचर' पुल बन्ने

कास्कीमा **रोहितराज पराजुली**

पोखरा रंगशालाको मुख्य गेटनजिकै सेती नदीमा 'सिग्नेचर' पुल बन्ने भएको छ। हाल रहेको पुलको दायाँ-बायाँ थप नयाँ पुल निर्माण हुने भएको हो। सो सडक ६ लेनमा निर्माण भइरहेकाले पुलसमेत सोहीअनुसार निर्माण गर्न लागिएको हो। पोखरा-मुग्लिङ राजमार्ग सुधार चरण-१ योजनाअन्तर्गत बन्न लागेको पुलको नेपाल सरकारका भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले शिलान्यास गरेका हुन्। एसियाली विकास बैंकको सहयोगमा एक अर्ब सात करोड २४ लाख २५ हजार पाँच सय रुपैयाँको लागतमा निर्माण हुन लागेका पुल दुई-दुई लेनका हुनेछन्। दुवै पुलको लम्बाइ एक सय ९० मिटर रहनेछ। नमुना पुलका रूपमा रहने पुल एक्स्ट्रा डोज प्रकारको डिप फाउन्डेसन प्रविधिमा निर्माण गरिनेछ। पुल निर्माणको ठेक्का एमएस रसुवा कन्स्ट्रक्सन कम्पनी प्रालिले पाएको छ। साउन ०७९ मा ठेक्का सम्झौता भएको पुल निर्माणको काम २२ भदौ ०७९ देखि सुरु भएको थियो। निर्माण अवधि तीन वर्ष रहेको पुल २१ भदौ ०८२ मा सम्पन्न गर्ने गरी निर्माण कम्पनीले ठेक्का सम्झौता गरेको कम्पनीका कन्ट्र्याक्ट म्यानेजर सुदर्शन देवकोटाले जानकारी दिए। डिजाइन स्वीकृतिसँगै निर्माणस्थल क्लियर नहुने तथा अन्य विविध कारणले निर्माणको काम एक वर्ष ढिलाइ भएको उनले बताए। आफूहरूले समयमै निर्माण कार्य सक्नका लागि सरकारको साथ र सहयोग आवश्यक रहेको भन्दै उनले निर्माणस्थलमा नर्सरी र घर भएकाले यसलाई जति सक्दो चाँडो हटाइदिन आग्रह गरेका थिए।

भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल नियमित सञ्चालन गर्न व्यवसायीको दबाब

दिपेश पछाई/ नयाँ पत्रिका



गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नियमित सञ्चालनको दबाब दिन भैरहवामा हुन लागेको छैटौँ लुम्बिनी प्रादेशिक महोत्सवमा विमानस्थलको झल्को दिने प्रवेशद्वार निर्माण सुरु गरिएको छ। सरकारले अर्बौं खर्च गरेर बनाएको विमानस्थल उद्घाटन भएको लामो समयसम्म पनि नियमित सञ्चालनमा नआएपछि महोत्सवस्थलको प्रवेशद्वार नै विमानस्थल र विमानको झल्को दिने गरी बनाएको चेम्बर अफ कमर्स (उद्योग व्यापार संगठन, रुपन्देही)का पूर्वअध्यक्ष नारायण भण्डारीले बताए। उनले भने, 'हामी अहिले गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नियमित सञ्चालन हुनपर्छ भन्ने आन्दोलनमा छौँ, जहाँबाट पनि हामी सरकारको विरोध गर्छौं। त्यसैले हामी उद्योगी-व्यवसायीले सञ्चालन गर्न लागेको महोत्सवको प्रवेशद्वारमा पनि विरोधस्वरूप विमानस्थलको झल्को दिने बनाएको हौं।' चेम्बर अफ कमर्सले ६ मंसिरदेखि १८ गतेसम्म भैरहवामा छैटौँ आयोजना गर्ने लुम्बिनी प्रादेशिक महोत्सव-२०८० मा पाँच लाख खर्च गरेर प्रवेशद्वार निमार्ण गरेको महोत्सव आयोजक समितिका संयोजक तथा उद्योग-व्यापार संगठन, रुपन्देहीका अध्यक्ष दर्पण श्रेष्ठले बताए। 'स्थानीय बजारमा खरिद गरौं, स्थानीय बजारको प्रवर्द्धन गरौं, स्वदेशी वस्तुको प्रयोग गरौं, स्वाभिमानी नेपालीको पहिचान बचाऔं' भन्ने नाराका साथ सिद्धार्थनगर-८ स्थित अञ्चलपुरमा महोत्सव हुँदै छ। उनले भने, 'उद्घाटन भएर पनि हालसम्म नियमित सञ्चालनमा आउन नसकेको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण सञ्चालनका लागि दबाब दिन मेलाको प्रवेशद्वार हवाईजहाजको आकृतिमा निर्माण गरेका हौं।'

अन्तर्राष्ट्रिय विमानस्थल नियमित सञ्चालनको माग गर्दै सिद्धार्थ सञ्जाल रुपन्देहीले पनि यसअघि नै आन्दोलका कार्यक्रमहरू घोषणा गरिसकेको छ। सञ्जालले मंसिर २० गतेपछि चरणबद्ध आन्दोलनका कार्यक्रम सार्वजनिक गरेको सञ्जालका अध्यय अनिल ज्ञवालीले बताए।

गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल बनेपछि रुपन्देहीको पर्यटन क्षेत्रको मुहार फेरिने आशामा स्थानीय पर्यटन व्यवसायी थिए। पर्यटन व्यवसायीले विमानस्थललाई लक्षित गरी करिब ४० अर्ब लगानीमा होटेलहरू सञ्चालनमा ल्याएका छन्। विमानस्थल नियमित हुन नसक्दा अहिले रुपन्देहीका ३० प्रतिशत होटेलहरू बैंकको लिलामी प्रक्रियामा गइसकेको होटेल व्यवसायीको भनाइ छ।

Rawa Energy Development Ltd.
रावा इनर्जि डेभलपमेन्ट लिमिटेड

का.म.पा-१०, काठमाण्डौं

(आयोजनाको नाम: माथिल्लो रावा खोला साना जलविद्युत आयोजना-३ मे.वा.)

वेव साईट: https: rawaenergy.com.np, इमेल: rawa.hydro@gmail.com

Unaudited Financial Reports (Quarterly)

As on 1st Quarter of Fiscal Year 2080/81

Statement of Financial Position

(figures in NPR)

Particulars	Quarter Ending Ashoj 2080 (Unaudited)	Previous Quarter Ending Ashad 2080 (Unaudited)	Corresponding Quarter Ending Ashoj 2079
Assets			
Non-Current Assets			
Property, plant and equipment	659345576	66,45,98,027	66,79,04,692
Total Non-Current Assets	**659345576**	**66,45,98,027**	**66,79,04,692**
Current Assets			
Trade Receivables	4382492	46,70,889	2703401
Cash and cash equivalents	1734816	18,48,021	1083692
Loans and Advances	26140537	2,75,11,841	14453393
Other Assets	2,48,51,304	2,48,51,304	24759637
Total Current Assets	**57109549**	**5,88,82,055**	**4,30,00,123**
Total Assets	**716454725**	**72,34,32,580**	**70,74,54,355**
Equity and Liabilities			
Equity			
Equity share capital	28,00,00,000	28,00,00,000	19,60,00,000
Retained Earnings	57921978	(5,70,87,613)	42492651
Total Equity	222078022	22,29,12,387	153507349
Liabilities			
Non-Current Liabilities	**453700000**	**45,68,98,000**	**463590000**
Long Term Borrowing	453700000	45,68,98,000	463590000
Total Non-Current Liabilities			
Current Liabilities			
Short Term Borrowing	2400000	34,00,000	3200000
Trade Payables	395	1,77,621	763314
Other Current Liabilities	38276308	4,00,44,569	86393692
Total Current Liabilities	**40676703**	**4,36,22,190**	**90357006**
Total Liabilities	**494376703**	**50,05,20,190**	**553947006**
Total Equity and Liabilities	**716454725**	**72,34,32,580**	**707454355**

Statement of Profit or Loss

Particulars	Quarter Ending Ashoj 2080 (Unaudited)	Previous Quarter Ending Ashad 2080 (Unaudited)	Corresponding Quarter Ending Ashoj 2079
Revenue from sale of Electricity	14707911	1,39,72,282	3108844
Other Income (Insurance Claim)	-	-	-
Cost of sales	1868868	16,06,904	672166
Gross Profit	**12839043**	**1,23,65,378**	**2636678**
Depreciation & Amortization	5868157	59,91,623	5906626
Employee Benefits Costs	2054789	14,45,513	1436142
Administrative and Other Operating Expenses	5628990	37,68,533	4464754
Profit from operation	**712893**	**11,59,809**	**9370844**
Finance Costs	121478	3,25,11,507	122000
Profit Before tax	(834371)	(3,13,51,698)	(9492844)
Income tax Expense			
Current Tax			
Deferred Tax			
Profit for the Year	**(834371)**	**(3,13,51,698)**	**(9492844)**
Other Comprehensive Income			
Other Comprehensive Income not to be reclassified to profit or loss in subsequent periods	-		-
i. Re-measurement (losses)/ Gains on post Employment Defined Benefit Plans	-		-
ii. Equity instruments through Other Comprehensive Income	-		-
iii. Tax Relating items that will not be classified to profit or loss	-		-
Other comprehensive gain/ (loss) for the year, net of tax	-		-
Total comprehensive gain/ (loss) for the year, net of tax	**(834371)**	**(3,13,51,698)**	**(9492844)**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम १ संग सम्बन्धित अनुसूची १४

आ.ब. २०८०/८१ को प्रथम त्रैमासिक अवधिको विवरण

१. वित्तीय विवरण:

(क) आ.ब.२०८०/८१ को प्रथम त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरणहरु यसैसाथ संलग्न गरिएको छ।

(ख) न्यूनतम रुपमा प्रमुख वित्तिय विवरणहरु :

प्रति शेयर आम्दानी	प्रति शेयर नेटवर्थ	प्रति शेयर कूल सम्पत्तीको मूल्य
रु.(०.३०)	रु.७९.३१	रु.२५५.८८

२. व्यवस्थापकीय विश्लेषण:

(क) प्रस्तुत अवधिमा आयोजनाका दुइ युनिट जेनेरेटरमध्ये एक युनीट जेनेरेटरमा समस्या आइ २०८० असोज १९ सम्म एक युनिट जेनेरेटरमात्र संचालनमा रहेको हुंदा अपेक्षित आय हुन सकेन।

(ख) समस्यायुक्त जेनेरेटर मर्मत गरी २०८० असोज २० देखि संचालनमा आएकोले सो पश्चात आयोजना पूर्ण क्षमतामा संचालन भइ रहेको छ।

३. कानूनी कार्यवाहि सम्बन्धी विवरण:

यस अवधिमा कम्पनीले कसैको बिरुद्धमा मुद्दा दायर नगरेको र कम्पनी बिरुद्धमा पनि कसैले मुद्दा दायर गरेको जानकारी हालसम्म प्राप्त भएको छैन।

४. कम्पनीको शेयर कारोबार सम्बन्धी विवरण:

अधिकतम मूल्य	न्यूनतम मूल्य	समिक्षा अवधिको अन्तिम मूल्य	कारोबार भएको कूल दिन	कूल कारोबार संख्या	कूल कारोबार भएको शेयर संख्या
रु.४१०.००	रु.२९०.००	रु.३३४.२०	७१	१३,२७१	४,२४,०२६

५. समस्या तथा चुनौती:

- दक्ष जनशक्तिको अभाव तथा अल्प समयमा नै पलायन हुने गरेको अवस्था
- विद्युतिय उपकरणमा आउने समस्या
- नेपाल विद्युत प्राधिकरणको विद्युत प्रशारण लाइनमा बारम्बार आउने अवरोध
- जलबायु परिवर्तनको कारणले उत्पन्न हुनसक्ने अतिबृष्टि अनाबृष्टि

६. संस्थागत सुशासन:

कम्पनीले संस्थागत सुशासनलाइ सदैव उच्च प्राथमिकतामा राखदै संस्थागत सुशासन सम्बन्धी निर्देशनहरुको पालना गर्दै आएको छ।

७. सत्य तथ्य सम्बन्धमा अध्यक्षको उद्घोष:

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेख भएका जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन्। लगानीकर्ताहरुलाइ सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरु लुकाइएको छैन।

■ आइसिसी एकदिवसीय विश्वकप क्रिकेट-२०२३

उपाधिका लागि आज भारत र अस्ट्रेलिया भिड्दै

एजेन्सी

आइसिसी एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगिता २०२३ उपाधिका लागि आज घरेलु टोली भारत र अस्ट्रेलियाबीच प्रतिस्पर्धा हुँदै छ । अस्ट्रेलिया सर्वाधिक पाँचपटक र भारत दुईपटकको च्याम्पियन हो । अस्ट्रेलिया भारतलाई स्तब्ध बनाउँदै छैटौँपटक ट्रफी उचाल्न चाहन्छ । एक लाख दर्शक अट्ने अहमेदाबादस्थित नरेन्द्र मोदी रंगशालामा भारत अपराजित रहँदै तेस्रोपटक ट्रफी उचाल्ने दाउ छ । भारत विश्वकपमा १० खेलमा अपराजित छ ।

डे नाइट फाइनल खेल नेपाली समयअनुसार दिउँसो २:१५ बजे हुनेछ । भारत र अस्ट्रेलिया प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरिरहेका छन् । बलरदेखि ब्याट्समयानसम्म उनीहरूका फर्ममा छन् । पहिलो दुई खेल गुमाएको अस्ट्रेलिया पछिल्लो आठ खेलमा अपराजित रहँदै लयमा देखिन्छ । दुवै टोली सेमिफाइनलमा खेलेका खेलाडीलाई उपाधि भिडन्तमा नियमित स्थान दिने तयारीमा छन् । भारतले फाइनल प्रवेश क्रममा न्युजिल्यान्डलाई ७० रनले पराजित गरेको थियो । न्युजिल्यान्डविरुद्ध विराट कोहली र श्रेयस ऐयरले शतक बनाएका थिए । कोहली सोही खेलमा भारतका लिजेन्ड सचिन तेन्दुलकरको ४९ शतकको कीर्तिमान भंग गरेका थिए ।

श्रेयसको विश्वकपमा लगातार दोस्रो शतक हो । न्युजिल्यान्डसँगको खेलमा ओपनरद्वय कप्तान रोहित शर्माले ४७ र शुभमन गिलले ८० रन बटुले । गिल घाइते हुँदा रिटायड हर्ट भए । बलिङतर्फ मोहम्मद सामीले ९.५ ओभरमा ५७ रन खर्चँदै ७ विकेट लिएका थिए । उनको यो करिअरकै उत्कृष्ट प्रदर्शन हो । अस्ट्रेलियाले रोचक बनेको सेमिफाइनलमा दक्षिण अफ्रिकालाई १६ बल बाँकी रहँदा तीन विकेटले हरायो । प्लेयर अफ दी म्याच ट्राभिस हेडले दुई विकेटसहित ६२ रनको योगदान गरेका थिए ।

अस्ट्रेलियाका ग्लेन म्याक्सवेलले अफगानिस्तानविरुद्ध दोहोरो शतक प्रहार गर्दै आफू लयमा रहेको जनाए । म्याक्सवेल भारतविरुद्ध सर्घै राम्रो खेल्न सक्छन् । उनीसँग भारतीय पिचको अनुभव छ । ओपनर डेभिड वार्नर लयमा रहँदा भारतीय बलर दबाब पर्न सक्छन् । अस्ट्रेलियाका कप्तान प्याट क्युमिन्सले भारतलाई स्तब्ध बनाउन खेल्ने बताएका छन् । उनले सुरुवाती खेल नराम्रो भए पनि बाँकी खेल राम्रो भएको प्रतिक्रिया दिएका छन् । क्युमिन्सले पुरानो खेललाई बिर्सिएर खेल्ने पनि बताए । 'हामीलाई थाहा छ, अहमदाबादमा धेरै समर्थक हुनेछन् । स्तब्धपूर्ण नतिजा निकाल्नेछौं,' उनले भने, 'हाम्रो सुरुवाती खेल राम्रो हुन सकेन । त्यसपछि राम्रो भएको छ । सोही प्रदर्शन जारी राख्छौं,' कमिन्सले भने ।

भारतका कप्तान रोहितले अपराजित यात्रालाई निरन्तरता दिँदै उपाधि घरमै राख्ने बताए । 'हामीले उत्कृष्ट प्रदर्शन गरिरहेका छौं । जसरी अगाडिका खेल खेल्यौं, फाइनल त्यसरी नै खेल्नेछौं,' रोहितले भने, 'हामीले दुई वर्षदेखि नै यसका लागि तयारी गरेका थियौं । सबै खेलाडी खेल्न तयार छन् ।'

अस्ट्रेलिया छैटौं र भारत तेस्रोपटक विश्व च्याम्पियन हुने लक्ष्यका साथ नरेन्द्र मोदी रंगशालामा प्रतिस्पर्धा गर्दै



अपराजित यात्रा कायम राख्छौं



रोहित शर्मा, कप्तान, भारत

हामीले अगाडिका खेल जसरी खेल्दै आएका छौं । त्यसैगरी फाइनल खेल खेल्नेछौं । फाइनलमा कुनै पनि परिवर्तन हुनेछैन । हामीले विश्वकपकै लागि निरन्तर दुई वर्षदेखि तयारी गरेका थियौं । सबै खेलाडीलाई आफ्नो भूमिका थाहा छ । ब्याटिङ र बलिङमा सानदार प्रदर्शन भएको छ । पिचको वातावरण हेरेर खेलाडी चयन गर्नेछौं । अस्ट्रेलियाले आठमा आठ खेल जितेको छ । उसले उत्कृष्ट खेल खेलिरहेको छ । फाइनल पुग्न हकदार थियो । हामीलाई अस्ट्रेलियाले के गर्न सक्छ, थाहा छ । त्यसमा ध्यान दिएका छौं । हामी खेलमा ध्यान दिन्छौं ।

घरेलु समर्थकलाई स्तब्ध बनाउँछौं



प्याट कमिन्स, कप्तान, अस्ट्रेलिया

अहमदाबादमा एकतर्फी भारतको समर्थन हुनेछ । पाकिस्तानविरुद्ध भारतीय समर्थन आएका थिए । फाइनलमा त्योभन्दा बढी हुनेछ । तर, हामीलाई एक लाख ३० हजार समर्थकलाई स्तब्ध बनाएपछि मात्रै खुसी मिल्नेछ । विश्वकपमा हाम्रो सुरुवात राम्रो हुन सकेन । तर, टोलीले सर्घै राम्रो गरिरहेको छ । हामी सन् १९९९ मा पहिलो दुई खेल हारेर च्याम्पियन भएका थियौं । तर, यो कथा पुरानो भएको छ । हाम्रो ध्यान भोलिको खेलमा हुनेछ । भारतको ब्याटिङ र बलिङ राम्रो छ । बलिङतर्फ पाँच बलर नै पूरा १० ओभर बल फ्याल्न सक्छन् ।

भारतको फाइनल यात्रा

विपक्षी	नतिजा
अस्ट्रेलिया	६ विकेटको जित
अफगानिस्तान	८ विकेटको जित
पाकिस्तान	७ विकेटको जित
बंगलादेश	७ विकेटको जित
न्युजिल्यान्ड	४ विकेटको जित
इंग्ल्यान्ड	१०० रनको जित
श्रीलंका	३०२ रनको जित
दक्षिण अफ्रिका	२४३ रनको जित
नेदरल्यान्ड्स	१६० रनको जित
सेमिफाइनल	
न्युजिल्यान्ड	७० रनको जित

अस्ट्रेलियाको फाइनल यात्रा


विपक्षी	नतिजा
भारत	६ विकेटको हार
दक्षिण अफ्रिका	१३४ रनको हार
श्रीलंका	५ विकेटको जित
पाकिस्तान	६२ रनको जित
नेदरल्यान्ड्स	३०९ रनको जित
न्युजिल्यान्ड	५ रनको जित
इंग्ल्यान्ड	३३ रनको जित
अफगानिस्तान	३ विकेटको जित
बंगलादेश	८ विकेटको जित
सेमिफाइनल	
दक्षिण अफ्रिका	३ विकेटको जित

विश्वकपमा हेड टु हेड

सन् १९८३ अस्ट्रेलिया १६२ रनले विजयी
सन् १९८३ भारत ११८ रनले विजयी
सन् १९८७ अस्ट्रेलिया १ रनले विजयी
सन् १९८७ भारत ५६ रनले विजयी
सन् १९९२ अस्ट्रेलिया १ रनले विजयी
सन् १९९६ अस्ट्रेलिया १६ रनले विजयी
सन् १९९९ अस्ट्रेलिया ७७ रनले विजयी
सन् २००३ अस्ट्रेलिया ९ विकेटले विजयी
सन् २००३ अस्ट्रेलिया १२५ रनले विजयी
सन् २०११ भारत ५ विकेटले विजयी
सन् २०१५ अस्ट्रेलिया ९५ रनले विजयी
सन् २०१९ भारत ३६ रनले विजयी
सन् २०२३ भारत ६ विकेटले विजयी

प्लेयर टु वाच

विराट कोहली (भारत)



घरेलु मैदानमा चलिरहेको विश्वकपमा विराट कोहलीले सानदार प्रदर्शन गरिरहेका छन् । उनले १० इनिङ्स खेल्दै सर्वाधिक सात सय ११ रन बनाए । उनको औसत १०१.५ रहेको छ । ओपनर शुभमन गिलअघि रहँदै कोहलीले तीन शतक बनाइसकेका छन् । उनको नाममा पाँच अर्धशतक रहेको छ । विश्वकप भर उनले ६४ चौका र ९ छक्का हिर्काएका छन् । आक्रामक ब्याट्समयान कोहली सर्वाधिक रन बनाउने खेलाडीमा शीर्षस्थानमा छन् । कोहलीले यसै विश्वकपबाट सचिन तेन्दुलकरको कीर्तिमान तोड्दै सर्वाधिक ५० शतकीय इनिङ्स शतक पूरा गरेका हुन् ।

मोहम्मद सामी (भारत)



वैकल्पिक बलरको रूपमा खेल्दै आएका मोहम्मद सामीले सेमिफाइलनमा न्युजिल्यान्डविरुद्ध चामत्कारिक प्रदर्शन गरे । सेमिफाइलनमा एक बलरले सात विकेट लिएको यो पहिलोपटक हो । सामीले उत्कृष्ट प्रदर्शन गरेको खेलमा भारतले न्युजिल्यान्डलाई सहजै पाखा लगायो । सामीले विश्वकपमा १० मध्ये ६ खेल मात्रै खेलेका छन् । २३ विकेट लिएका उनी सर्वाधिक विकेट लिने खेलाडीको शीर्ष स्थानमा छन् । तीव्र गतिका सामीले ६ खेलमा दुई सय ५१ बल डट फयाकेका छन् । समग्रमा तीन मेडन राखेका उनले दुई सय १० रन खर्चिएका छन् ।

डेभिड वार्नर (अस्ट्रेलिया)



डेभिड वार्नरले अस्ट्रेलियाको ओपनिङ थाम्दै आएका छन् । उनी विश्वकपमा सर्वाधिक रन बनाउने पहिलो अस्ट्रेलियन हुन् । १० इनिङ्समा पाँच सय २८ रन जोडेका वार्नर समग्रमा धेरै रन बनाउने खेलाडीको छैटौं स्थानमा छन् । वार्नरले ४९ चौका र २४ छक्का प्रहार गरेका छन् । अफगानिस्तानविरुद्ध ग्लेन म्याक्सवेलको प्रदर्शनलाई बिर्सनाले हो भने वार्नरले अस्ट्रेलियाका लागि सानदार प्रदर्शन गर्दै आएका छन् । विश्वकपमा वार्नरले पाकिस्तानविरुद्ध सर्वाधिक एक सय ६३ रनको इनिङ्स खेलेका थिए । उनको नाममा दुई शतक र दुई अर्धशतक छ ।

एडम जाम्पा (अस्ट्रेलिया)



कीर्तिमानी छैटौंपटक विश्वकप उपाधि जित्ने योजनामा रहेको अस्ट्रेलियाका लागि स्पिनर एडम जाम्पाले सानदार प्रदर्शन गर्दै आएका छन् । उनको सानदार प्रदर्शनसँगै अस्ट्रेलियाले लगातार आठ खेलमा जित निकालेको छ । जाम्पाले १० खेलमा २२ विकेट लिएका छन् । उनी सर्वाधिक विकेट लिने दोस्रो खेलाडीमा पर्छन् । दक्षिण अफ्रिकाविरुद्ध उनी विकेटविहीन भएका थिए । विश्वकपमा चार सय ७१ बल फ्याँकेका पाँच सय १६ रन खर्चिए । एक मेडन राख्न सफल भएका उनले नेदरल्यान्ड्सविरुद्ध नयाँदिल्लीमा खेल्दा तीन ओभर बलिङ गर्दै चार विकेट लिएका थिए । जुन खेलमा मात्र ८ रन खर्चिएका छन् ।

अहिलेसम्मको एकदिवसीय विश्वकप फाइनल

भारतमा चलिरहेको एकदिवसीय विश्वकप १३औं संस्करण हो । सन् १९७५ मा पहिलोपटक इंग्ल्यान्डले आयोजना गर्न अवसर पायो । सो प्रतियोगिता ६० ओभरको भएको थियो । सन् १९८७ देखि प्रतियोगिता ५० ओभरमा झारियो । एकदिवसीय विश्वकपमा ५० र ६० ओभरको विश्वकप जित्ने भारत मात्र एक्लो राष्ट्र हो । वेस्ट इन्डिज र भारतले समान दुईपटक उपाधि हात पारेका छन् । अस्ट्रेलिया सर्वाधिक ५ पटकको विजेता हो । इंग्ल्यान्ड, पाकिस्तान र श्रीलंकाले एक-एकपटक उपाधि जितेका छन् । तथ्यांकमा पछिल्ला १२ विश्वकप फाइनल यस्तो छ ।

सन् १९७५ : विश्वकपअघि टेस्ट म्याचले क्रिकेटमा जगजगी थियो । भौतिक पूर्वाधारले सम्पन्न इंग्ल्यान्डले पहिलो संस्करण गऱ्यो । लर्डस्मा अस्ट्रेलिया र वेस्ट इन्डिजबीच फाइनल भयो । वेस्ट इन्डिजले अस्ट्रेलियालाई १७ रनले निराश पार्दै विश्व च्याम्पियन ट्रफी उचाल्यो । पहिलो ब्याटिङ गरेको वेस्ट इन्डिजले ६० ओभरमा आठ विकेट गुमाएर दुई सय ९१ रन जोड्यो । अस्ट्रेलियाले ५८.४ ओभरमा सबै विकेट गुमाउँदै दुई सय ७४ रन जोडेको थियो । च्याम्पियन टोलीका ग्यारी गिल्मोरले सर्वाधिक पाँच विकेट लिएका थिए ।

सन् १९७९ : वेस्ट इन्डिजले ब्याक टु ब्याक विश्वकपको उपाधि उचाल्यो । आयोजक इंग्ल्यान्ड फाइनलमा पुग्दा ब्याटिङ प्रदर्शन भएको थियो । लर्डस् मैदानमा वेस्ट इन्डिजले नौ विकेट गुमाएर दुई सय ८६ रनको योगफल खडा गरेको थियो । प्रत्युत्तरमा इंग्ल्यान्ड ५१ ओभरमा एक सय ९४ रनमै समेटिँदा वेस्ट इन्डिजले फाइनल ९२ रनले जित्यो । फाइनलमा वेस्ट इन्डिजका भिभ रिचार्डले एक सय ५७ बलमा एक सय ३८ रन बनाए ।

सन् १९८३ : इतिहासमा लगातार तेस्रोपटक विश्वकप आयोजना गर्ने राष्ट्र इंग्ल्यान्ड हो । यसपटक पनि फाइनलमा वेस्ट इन्डिज नै पुगेको थियो । तत्कालीन समयमा वेस्ट इन्डिजको ब्याटिङ र बलिङ खतरनाक मानिन्थ्यो । लर्डस् मैदानमा नपत्याउँदो रूपमा भारतले स्थान बनाएको थियो । भारतले दुईपटक साबिक विजेता वेस्ट इन्डिजमाथि ४३ रनको सनसनी जित निकाली पहिलोपटक विश्वकप उचाल्यो । कपिलदेवको कप्तानीमा रहेको भारतले पहिलो ब्याटिङ गरी ५४.४ ओभरमा सबै विकेट गुमाएर एक सय ८३ रन जोड्यो । मदनलाल र महिन्द्रा अमरनाथले समान तीन विकेट लिँदा वेस्ट इन्डिज ५२ ओभरमा एक सय ४० रनमै अलआउट भयो । भारतले सहजै ४३ रनले बाजी मार्‍यो ।

सन् १९८७ : भारतले आयोजना गरेको विश्वकपमा अस्ट्रेलिया नयाँ विजेता बन्यो । अस्ट्रेलियाले फाइनलमा इंग्ल्यान्डलाई सात रनको झिनो अन्तरले निराश पारेको थियो । इर्डन गार्डेन रंगशालामा अस्ट्रेलियाले पहिलो ब्याटिङ गरी ५० ओभरमा पाँच विकेट गुमाएर दुई सय ५३ रन जोड्यो । इंग्ल्यान्डले ओभरमा आठ विकेटको क्षतिमा दुई सय ४६ रन बनायो । अस्ट्रेलियाका ओपनर डेभिड बुमले एक सय २५ बलमा ७५ रन जोडेका थिए । अस्ट्रेलियाका एलान बोर्डरले दुई र स्टिभ वाँले दुई विकेट हात परे ।

सन् १९९२ : साबिक विजेता अस्ट्रेलियाले पहिलोपटक विश्वकप आयोजना गर्ने अवसर पायो । इमरान खानको कप्तानीमा रहेको पाकिस्तानले विश्वलाई नै स्तब्ध पार्दै च्याम्पियन ट्रफी उचाल्यो । पाकिस्तानमा अलराउन्डर खेलाडीसँगै तीव्र गतिका बलर थिए । फाइनलमा पाकिस्तानले ५० ओभरमा ६ विकेट गुमाएर दुई सय ४९ रनको मध्य-योगफल खडा गऱ्यो । इंग्ल्यान्डले ४९.२ ओभरमा सबै



विकेट गुमाउँदै दुई सय २७ रन बनायो । यस खेलमा इमरान खानले एक सय १० बलमा ७२ रन जोडेका थिए ।

सन् १९९६ : भारत र पाकिस्तानले संयुक्त रूपमा आयोजना गर्दा नयाँ विजेता निस्किको । दक्षिण एसियाली राष्ट्र श्रीलंकाले विश्वकप उचाल्यो । त्यस समयमा श्रीलंकाले ५० ओभरको फर्म्याटलाई परिवर्तन गऱ्यो । सुरुको १५ ओभरको पावर प्लेमा श्रीलंकाली ओपनर सनथ जयसूर्या र कालुविथरानाले विस्फोटक ब्याटिङको नमुना प्रस्तुत गरे । उपाधि भिडन्तमा अस्ट्रेलियाले ५० ओभरमा सात विकेट गुमाएर दुई सय ४१ रनको मध्यम योगफल खडा गरेको थियो । पाकिस्तानको गद्दाफी रंगशालामा श्रीलंकाले ४६.२ ओभरमा तीन विकेट गुमाएर दुई सय ४५ रन जोड्यो ।

सन् १९९९ : सन् १९८७ पछि इंग्ल्यान्ड विश्वकपको आयोजक बन्यो । आइसिसीले पहिलोपटक विश्वकपमा सुपर सिक्सको अवधारणा यसै संस्करणमा लागू गरेको थियो । बलिङका भरमा पाकिस्तान आठ वर्षपछि विश्वकपको फाइनलमा पुग्यो । फाइनलमा अस्ट्रेलियासँग पाकिस्तानको भेट भयो । वर्षाले बिथोलेको उपाधि भिडन्तमा पाकिस्तानले पहिलो ब्याटिङ गरी ३९ ओभरमा सबै विकेट गुमाएर एक सय ३२ रन मात्र झिनो योगफल बनायो । स्ट्रेलियाले २०.१ ओभरमा दुई विकेटको नोक्सानीमा एक सय ३३ रन बनाउँदै दोस्रोपटक उपाधि जित्यो ।

सन् २००३ : दक्षिण अफ्रिकाले पहिलोपटक विश्वकप आयोजनाको अवसर पाउँदा भारत र अस्ट्रेलियाबीच उपाधि भिडन्त भएको थियो । अस्ट्रेलियाले पहिलो ब्याटिङ गरी दुई विकेट मात्र गुमाएर तीन सय ५९ रनको विशाल योगफल खडा गऱ्यो । कप्तान रिकी पोन्टिङले एक सय २१ बलमा एक सय ४० रन बनाए । भारतले ३९.२ ओभरमा सबै विकेट गुमाएर दुई सय ३४ रन बनाएको थियो । यस विश्वकपमा पहिलोपटक केन्याले सेमिफाइनल स्थान बनाएको थियो ।

सन् २००७ : वेस्ट इन्डिजले विश्वकप आयोजना गरेको विश्वकपमा अस्ट्रेलियाले उपाधिमाथि ह्याट्रिक नै लगायो । अस्ट्रेलियाले फाइनलमा श्रीलंकालाई डिएल नियमअनुसार ५३ रनले निराश बनायो । अस्ट्रेलियाले ३८ ओभरमा चार विकेट गुमाएर दुई सय ८१ रन बनाएको थियो । श्रीलंकाले ३६ ओभरमा आठ विकेटको क्षतिमा दुई सय १५ रन जोड्यो । खेलमा एडम गिलक्रिस्टले अस्ट्रेलियाका लागि एक सय चार बलमा एक सय ४९ रन बटुले ।

सन् २०११ : भारतले तेस्रोपटक विश्वकप आयोजना गर्दा उपाधि घरमै राख्यो । भारत दोस्रोपटक विश्वकप विजेता हुँदा श्रीलंकालाई ६ विकेटले परास्त गरेको थियो । महेन्द्रसिंह धोनीको कप्तानीमा भारतले वान्खडे रंगशालामा दुई सय ७५ रनको लक्ष्य ४८.२ ओभरमा चार विकेट गुमाएर पूरा गरेको थियो । यसै विश्वकपबाट सचिन तेन्दुलकरले अन्तिमपटक प्रतिस्पर्धा गरेका थिए । फाइनलमा श्रीलंकाका महेला जयवर्द्धनेले ८८ बलमा एक सय तीन रन बनाएका थिए । उपाधि दिलाउने क्रममा भारतका कप्तान धोनीले ७९ बलमा ९१ रन र गौतम गम्भीरले ९७ रन जोडे ।

सन् २०१५ : न्युजिल्यान्ड र अस्ट्रेलियाले संयुक्त रूपमा आयोजना गरेको विश्वकपमा आयोजक राष्ट्र नै फाइनलमा पुगे । न्युजिल्यान्ड ४५ ओभरमा एक सय ८३ रनमै धराशायी भयो । अस्ट्रेलियाले ३३.१ ओभरमा तीन विकेट गुमाएर एक सय ८६ रन बनायो । अस्ट्रेलियाले पाँचौंपटक विश्वकप उचाल्दा डेभिड वार्नरले ४६ रन, स्टिभ स्मिथले ५६ र कप्तान माइकल क्लार्कले ७४ रन बटुले ।

सन् २०१९ : दुई दशकपछि इंग्ल्यान्डले विश्वकप आयोजना गऱ्यो । क्रिकेट जन्म भएको राष्ट्रमा विश्वकप हुँदा इंग्ल्यान्डले पहिलोपटक उपाधि उचाल्यो । उपाधि भिडन्त न्युजिल्यान्ड र इंग्ल्यान्डबीच भएको थियो । न्युजिल्यान्डले ५० ओभरमा आठ विकेट गुमाएर दुई सय ४१ रन बनायो । इंग्ल्यान्डले पूरै ५० ओभरमा सबै विकेट गुमाएर दुई सय ४१ रन बनायो । विश्वकपको इतिहासमा पहिलोपटक फाइनल टाई भयो । सुपर ओभरमा समेत खेल टाई नै भयो । त्यसपछि अम्पायरले सर्वाधिक बाउन्ड्री प्रहार गरेका आधारमा इंग्ल्यान्डलाई च्याम्पियन बनाए ।

श्रीलोचन राजोपाध्याय (एजेन्सीको सहयोगमा)

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



E-mail: narcononnepal@gmail.com, Website : narcononnepal.org.np

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com